अध्याय : एक

परिचय

१.१ अध्ययनको पृष्ठभूमि

नेपाल भौगोलिक रुपले सानो मुलुक भए पनि सामाजिक, सास्कृतिक, धार्मिक, भाषिक र भौगोलिक दृष्टिले विविधता पाईन्छ । सामाजिक संरचनाभित्र जातिय हिसावमा उचनिच र धार्मिक रुपले छुवाछुत प्रथा विद्यमान छ । नेपाल बाहेक भारतीय महादिपका देश पनि जस्तो (भारत, पाकिस्तान र बंगलादेश) जातिय विभेद तथा छुवाछुत प्रथा कायम रहेको छ, (आहुति २०६७, मिश्र २०६७)। नेपालमा हिन्दु धर्मको बाहुल्यता रहेकाले योसंग अन्तरनिहित जातिय छुवाछुत व्यवस्थाले गाजेको छ । हिन्दु धर्मलाई अपनाउने ऋग्वेदमा उल्लेखित वर्णाश्रम व्यवस्थाले मानवलाई ४ वर्णमा विभाजित गरेको छ (ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र)। यी ४ वर्ण मध्ये शुद्र, जसलाई यस व्यवस्था भित्र अछुतको रुपमा लिइन्छ । धर्मका आधारमा जाति व्यवस्था र जातिका आधारमा पेशा व्यवसाय, जात ,वंश र पेशाकै आधारमा प्रचलिन जातीय भेदभाव र छुवाछुतको सामाजिक व्यवहारलाई शासकीय इतिहासको मध्यकालिन युगमा अर्थात मल्ल वंशीय शासनकालमा राजा जयस्थिति मल्लले मनुस्मृतिमा आधारित मानव न्याय शास्त्र नामकको धार्मिक ग्रन्थ तयार गरेका थिए । त्यसैलाई शासन विधीको रुपमा लागु गरी निश्चित पेशा वा श्रममा आवद्ध जात समुदायलाई शुद्र र अछुत भनि तोकिदिए । अछुतको हातको पानी नचल्ने, सार्वजनिक स्थलमा उपस्थित हुन नपाउने, धार्मिक कार्य गर्न एवं अन्य गर्न नपाउने वा तोकिएको बाहेक अन्य व्यवसाय गर्न नपाउने उच निच जातका बीच विहावारी गर्न नपाउने भए । यस्ता निषेधात्मक नियम बनाई त्यस्ता कार्य गरेमा धार्मिक सामाजिक अपराध ठहर्ने र त्यस्ता अपराधी शुद्र र अछुतले गरेमा अन्य जातलाई हुने सजायको दोब्बर सजाय हुने व्यवस्था गरिएको थियो । र उक्त प्रथा आधुनि युग वा शाह वंशिय शासनकालमा पनि निरन्तर रह्यो । नेपालका तत्कालीन प्रधानमन्त्री जंग बहादुर राणाले बि.स. १९१० मा भारतका धार्मिक विद्वानहरुको परामर्शमा नेपालको पहिलो मुलुकी ऐन मस्यौदा गरी लागु गरे जसले धर्मशास्त्रको आधारमा कायम रहेको जातीय भेदभाव र छुवाछुतलाई कानुनी आधारमा नेपाली समाजलाई जातीय विभाजन गरियो र धार्मिक मान्यता र परम्पराका आधारमा सामाजिक अपराध कायम गरियो र

पहिलेको जस्तै गरी एकै वा एकै प्रकृतिको अपराधमा पनि अरुलाई भन्दा शुद्रलाई गुणात्मक रुपमा बढी सजाय तोकियो । (दलित आयोग २०६७)

संसारभर कुनै न कुनै रुपमा प्रचलित जातीय विभेदलाई समाप्त गर्ने उद्धेश्यले सन् १९६५ मार्च २१ मा सम्पन्न संयुक्त राष्ट्र संघको साधारण सभाबाट " सबै किसिमका जातीय भेदभाव उन्मुलन सम्बन्धि अन्तर्राष्ट्रिय महासंन्धि" पारित भयो । मानव मानव बीच जातीय दृष्टिले भेदभाव गर्न नपाइने अवधारणा रहेको उक्त महासंन्धिमा नेपालले सन् १९७१ जनवरी ३० मा हस्ताक्षर गरी तदनुरुप जातीय भेदभाब विरुद्धका ऐन कानुन तथा नीति नियमहरु तर्जुमा गर्ने प्रयास गरेको पाईन्छ ।

विशेष गरि सामाजिक, राजनैतिक आर्थिक हिसाबले दलित जातिको समाजमा निम्नस्तरको हैसियत रहेको पाईन्छ । यस्ता वर्ण व्यवस्थाभित्र पर्ने जातीहरुलाई सामाजिक भेदभाव, छोएको पानी नचल्ने, मठ मन्दिर भित्र पस्न बन्देज लगाउने, गैरदलितको घर भित्र पस्न नदिने, मालिकको स्याहार सुसारको काम गर्ने, सामाजिक क्रियाकलापमा छुट्टै बस्ने स्थान तोकिदिने विभेद समाजमा व्याप्त छ । जातमा आधारित विभेद नेपालको एक मुख्य सामाजिक समस्या हो । दलितलाई अहिले पनि नेपाली समाजमा अछुतको रुपमा व्यवहार गरिन्छ । उच र निचको भावना नेपालमा व्याप्त छ । उच जात र निच जात विच अहिले पनि समाजमा ठूलो खाल्डो रहेको छ । जातिय भेदभाव र छुवाछुत गरेमा दण्डनिय हुने मुलुकी ऐन २०२० ले नेपालको कानुनमा लेखिसकेको छ र त्यस भन्दा पछाडी बनेका ऐन कानुनमा उल्लेख भईसकेको छ । नेपाल अधिराज्यको संविधान २०४७ भाग ३ को धारा ११(३) मा पनि सबै जात जाति, वर्ग, लिङ्ग, धर्म र समुदायका व्यक्तिहरुले समान रुपमा मानव अधिकारको प्रयोग गर्न पाउने प्रावधानको व्यवस्था गरिएको छ । नेपालको अन्तरिम संविधान २०६३ ले छुवाछुत तथा जातिय विभेद विरुद्दको हक भनि धारा १४ मा मौलिकहकको रुपमा उल्लेख गरेको छ । यो छुवाछुत र जातिय विभेद दण्डनिय कानुनले बनाए पनि समाजमा छुवाछुत र जातिय विभेदको प्रथा कायमै छ । जातमा आधारित विभेद नेपालको एक मुख्य सामाजिक समस्या हो । उच र निचको भावना नेपालमा व्याप्त छ । जुन नेपालको दलितको लागि बनेको कानुनको कार्यान्वयनको पक्षमा ठूलो बाधकको रुपमा रहेको छ ।

यति मात्र नभएर विवाह जस्तो पवित्र सामाजिक सस्थालाई निरन्तरता दिन एकजना दलित युवा वा युवतीले अर्को गैर दलित युवा वा युवतीसंग विवाह गर्दा गैरदलित समाजले तिरस्कार गर्ने, सामाजिक अवहेलना तथा गाउँ निकाला समेत गरेका घटनाहरु देखिएको, सुनिएको एवं विभिन्न संचार माध्यमले पनि अगाडी ल्याईरहेका छन् । यसरी वयस्क पुरुष वा महिलाले विवाह गरेर यो संस्थालाई अगाढी बढाउदा किन, कसरी तिरस्कृत हुनु परिरहेको छ ? विवाहोत्तर त्यस्ता युवायुवती समाजमा समायोजन हुन के कस्ता समस्या कठिनाई भोग्नु परेको छ ? यो एउटा टड्कारो सामाजिक समस्या नेपालमा देखिएको छ ।

१.२ समस्याको कथन

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार १२५ जातजातीहरु बसोबास गर्दछन् । ति १२५ जातजातीहरुको सामाजिक संरचना, धार्मिक र सास्कृतिक मुल्य मान्यताहरु फरक फरक रहेका छन् । सामाजिक संरचना अन्तर्गत एक जाति वा अर्का जाति विच विभेद र असमानताहरु पाईन्छन् । वर्णाश्रम व्यवस्था अनुसार ब्राम्हणको सामाजिक हैसियत माथिल्लो दर्जा छ भने क्षेत्री, वैश्य र शुद्रको क्रमस तल तिर रहेको विद्यमान स्थिती रहेको छ । वर्णाश्रम व्यवस्था भित्रका तल्लो स्तरका विभिन्न जातिहरुको र वैश्यको केही समुदायलाई दलित नामले पुकारिन्छ । विश्व तथा नेपालको अध्ययन अनुसन्धानको इतिहासमा सबैभन्दा कम अध्ययन अनुसन्धान भएको जाति दलित जाति नै हुन् (भट्टचन, २०६५, आहुती २०६७) । पछिल्ला समयमा दलित समुदायका व्यक्ति र अन्य विद्वानहरुले पनि दलितहरुको बारेमा अध्ययन अनुसन्धान गरिरहेका छन् । यि र यस्ता अनुसन्धानले जातीय भेदभाव, विभेद, असमानता आदिलाई प्रमुख विषय बस्तु बनाएर अध्ययन गरेका छन् । यस अध्ययनले सामाजिक संस्था मध्येको एक महत्व पुर्ण संस्था विवाह बारे दलित र गैर दलित विवाह पछिको अवश्थालाई चित्रण गर्न खोजिएको छ ।

नेपालमा कुनै पनि जातिले सोही जातिको कुटुम्बरी नातासंग मागी विवाह गर्ने चलन रहेको छ । यसरी गरिने विवाहलाई परिवार तथा समाजले स्वीकृती दिने गर्दछ । मागी विवाह नै हाल सम्ममा बढी मात्रामा देखिन्छ तर प्रेम विवाह नै हुदैन भन्ने चाहि होईन । सामन्ती व्यवस्थाबाट पुँजीवाद तर्फ समाज अघि बढ्दै जादा भागी विवाह गर्ने चलन पनि बढि रहेको छ । यस्तो भागी विवाह गर्दा पनि आफ्नै जातको कुटुम्बरी नातासंग गर्दा परिवार तथा समुदायले पछि स्विकार गरेको अवश्था छ । अन्तर जातीय विवाह गर्यो भने घर

परिवार र समाजले स्विकार गर्नु गाह्रो मानिरहेको अवश्था विद्यमान छ । यस्तो अवश्थामा केटा वा केटी पक्ष मध्ये जसको जात उच्च हुन्छ सोही पक्षको घर परिवारले उनीहरुको सम्बन्धलाई स्विकार गरेको पाईदैन । विगतमा भन्दा पछिल्ला वर्षहरुमा ती जोडीले विवाह गरेको केही समय पछि स्विकार गर्ने प्रचलन बढेको देखिन्छ ।

तर एउटा दलित जातिले गैर दलित युवा वा युवतीसंग विवाह गरेमा त्यस्तो सम्बन्धलाई सहज रुपमा स्विकार गरेको छैन । त्यस्ता जोडीले विवाह गरेमा जो चाही गैर दलित छ केटा वा केटी उसको परिवारका मानिसले फलानोले हाम्रो नाक काट्यो, समाजमा मुख देखाउने ठाउँ भएन भन्ने जस्ता कुरा गर्ने र सामाजिक बहिस्कार गर्ने गरिएको छ । दलित र गैर दलितले विवाह गरे पछि उनीहरुले भोग्नु परेका समस्याहरु पत्र पत्रिका तथा टेलिभिजनका पर्दामा हेर्न र पढ्न पाईन्छ । अझ समाजमा देखेको विषय के हो भने यदि गैर दलित केटाले दलित केटीलाई विवाह गरेको खण्डमा पहिले परिवारबाट तिरस्कृत हुन्छ । सो केटालाई घर परिवार आफ्नै बुवा आमा तथा दाजुभाईले घर भित्र पस्न बन्देज गर्ने, उसले छोएको खानेकुरा नखाने गर्दछन् । त्यसैगरी घर परिवार मात्र होईन आफ्नै नातागोताले समेत दलित सरह मान्ने, समुदायले पनि सोही प्रकारको व्यवहार गर्ने देखिएको छ । कतिपय घटनामा त यस्तो परिस्थितीमा दलित युवाले कुटाई खानुपरेको, पेशा संकटमा परेको, गाउँ निकाला भएको साथै दण्ड जरिवाना तिर्नु परेको अवस्था विद्यमान छ । यी र यस्तै खालको समस्या नेपालको पुर्व मेची देखि पश्चिम महाकाली सम्म नै देख्न पाईन्छ । समाजमा विद्यमान रहेको यो अवश्थाको प्रसस्त अध्ययन अनुसन्धान भएको छैन । अत दलित र गैर दलितको विवाह पछि घर परिवार समाजमा बस्न के कस्ता चुनौति, समस्या भोग्नु पर्दारहेछ भन्ने विषयलाई मुल विषय वस्तु बनाई अनुसन्धान गर्न लागिएको छ । यस अध्ययनले मुलत निम्न प्रश्नहरुको जवाफ खोज्न प्रयत्न गरिएको छ ।

१. दलित र गैर दलित अर्न्तजातीय विवाह गरेका जोडीहरुको घर परिवार र समाजसंगको सम्बन्ध कस्तो छ ?

२. दलित र गैर दलित अर्न्तजातीय विवाह गरेका जोडिहरुको परिवार र सामाजिक छुवाछुतको अवस्था कस्तो छ?

१.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको सामान्य उद्देश्य भनेको अन्तर जातीय विवाह पछि विवाहित व्यक्तिहरुले भोग्नु परेको जातीय विभेद, छुवाछुत, सामाजिक अन्याय र असमानताको विश्लेषण गर्नु हो । यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

१. दलित र गैर दलित अर्न्तजातीय विवाह गरेका जोडीहरुको घर परिवार र समाजसंगको सम्बन्ध बारेमा व्याख्या गर्ने

२. दलित र गैर दलित अर्न्तजातीय विवाह गरेका जोडिहरुको पारिवारीक र सामाजिक छुवाछुतको अवस्था व्याख्या गर्ने ।

१.४ अध्ययनको महत्व

यो अध्ययन दलित र गैर दलित बिच विवाह पछि उत्पन्न भएको सामाजिक छुवाछुतको अवश्थाहरुको बारेमा गरिएको अध्ययन हो । नेपालको सन्दर्भमा यस विषयलाई मुख्य विषय बस्तु बनाएर गरिएको अध्ययन कम मात्रामा भेटिएका छन् । जातीय भेदभाव कानुनी रुपमा हटेको धेरै भइसकेको अवश्था रहेको भए पनि व्यवहारमा लागु भएको कम छ । जुन कुरा अहिले भएका संचारका माध्यम र हाम्रो आफ्नै समाजमा पनि सुन्न र देख्न सक्दछौ । यसरी समाज एक्काइसौ सताब्दिमा पुगेको बेला पनि नेपाली समाजमा रहेको यस प्रथाको अवश्था बारे बास्तविकता बाहिर आउनको लागि अध्ययन हुनु नै महत्वपुर्ण छ । यसरी दलित र गैरदलित विवाहित परिवारको सामाजिक अवश्था र जातिय भेदभाव, छुवाछुतको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहनेहरुको लागि यो सोधपत्र महन्वपुर्ण हुन सक्छ ।

१.५ अध्ययनका सीमाहरु

कुनै पनि अनुसन्धान कार्यको आफ्नै प्रकारका सीमाहरु निर्धारण गरिएका हुन्छन् । जातिय विभेद, छुवाछुत नेपालमा मात्र हैन अन्य देशहरुमा पनि व्याप्त छ । अध्ययनको विषयवस्तु वृहत तथा गहन भएकाले यसको पनि निम्न बमोजिमका सीमाहरु रहेका छन् :

- स्नातकोत्तर डिग्री प्राप्त गर्ने प्रयोजनका लागि लेखिएका हुदा विषयबस्तुको गाम्भिर्यताले खोजे जस्तो विश्लेषण अभाब खड्कन सक्छ ।

- गुणात्मक प्रकृतिको भएकोले संख्यात्मक तथ्यांक प्रस्तुत गरिएको छैन ।

- समय, अर्थिक तथा अध्ययन क्षेत्रमा दलित र गैरदलित विवाहित जोडी थोरै पाईएकाले ११ जोडीको मात्र जीवन इतिहास प्रस्तुत गरिएको छ ।

- दलित र गैरदलित बिचको अर्न्तजातिय बिवाहपछिको सामाजिक सम्वन्धको खोजी गर्न खोटाङ जिल्लाका ग्रामीण क्षेत्र छानिए पनि त्यस्ता जोडी गाँउमा नबसी सदरमुकाम दिक्तेमा बस्ने भएकाले, दिक्तेलमा बस्ने जोडीका जीवन इतिहास प्रस्तुत गरिएको छ ।

- दलित र गैरदलित विवाह गर्ने जाडीका गैरदलित पक्षका घरपरिवारले सम्वन्धलाई स्वीकार नगरेको तथा उनीहरुको वारेमा कूरा गर्न नचाहेकाले घरपरिवारका थोरै मात्र सदस्यलाई उत्तरदाताको रुपमा समेटिएको छ ।

अध्याय : दुई

साहित्यको पुनरावलोकन

नेपालमा जातका आधारमा गरिने जातीय विभेद तथा छुवाछुत प्रथा विद्यमान छ । जातीय छुवाछुत तथा सामाजिक विभेदको शिकार सवभन्दा वढी दलित जातजातीहरु परेका छन् । नेपालमा जातीय छुवाछुतको अवस्था करीव २५०० वर्ष लामो छ । चैतन्य मिश्रका अनुसार २० वर्षलाई एकपुस्ता मान्ने हो भने १२५ पुस्ता दलितहरुले गुजारीसकेका छन मिश्र(२०६७)। यसरी नेपालमा छुवाछुत तथा जातीय विभेदको लामो इतिहासमा छुवाछुतको विरुद्धमा अभियान, सरकारी प्रयास, दलित आन्दोलन तथा यससँग सम्वन्धित पुस्तक लेखरचना आदि प्रकाशित भएका छन् । अत जातीय छुवाछुत, जातीय विभेद सम्वन्धित प्रकासित भएका पुस्तक, लेख रचना, दलित तथा गैरदलित विवाह पछि उनीहरुले भोग्नु परेको समस्यालाई लिएर विभिन्न समयमा पत्रपत्रिकामा प्रकाशित भएका समाचार तथा राज्यले अवलम्वन गरेका नीति, नियम कानुन आदिको समीक्षा गरिएको छ । साथै यस्ता सम्वन्धको विश्लेषण गर्न समाजशास्त्रका मार्क्सवाद, वेवरियन तथा लैगिंक सिद्धान्तहरुको समिक्षा गरिएको छ ।

२.१ सिद्धान्तको पुनरावलोकन

दलित र गैरदलित अर्न्तजातीय विवाह पछि उत्पन्न भएका सामाजिक सम्वन्धको कार्यकारण सम्वन्ध खोज्न मार्क्सवाद, वेभरियन सिद्धान्त र लैगिक सिद्धान्तको प्रयोग गरिएको छ ।

मार्क्सवाद

कार्ल मार्क्सका अनुसार समाजको सन्तुलन दुई विपरित ध्रुवहरु बिच तनाव र संघर्षका कारण भएको हो । समाज, राजनीति, धर्म सस्कृति, विवाह जस्ता उपरीसंरचना हुन् । उपरीसंरचनालाई आधारसंरचनाले निर्धारण गर्दछ । आधारसंरचना भनेको उत्पादन प्रणाली वा आर्थीक पक्ष हो । उत्पादन प्रणाली उत्पादनका साधन र सामाजिक उत्पादन सम्वन्धवाट निर्धारण हुन्छ । जस्तो प्रकारको उत्पादन प्रणाली छ समाजको सामाजिक संरचना त्यही अनुसारको हुन्छ । जस्तो दास युगमा पशुपालन प्रधान उत्पादन प्रणाली जहाँ मालिक र दासको सम्वन्ध, सामन्ती युगमा जमिन्दार र किसान तथा पुँजीवादी युगमा पुँजीपति र

मजदुर आदि । उनका अनुसार समाजमा विभेद र अन्याय उत्पादनका साधनको स्वामित्वको कारण उत्पन्न हुन्छ । समाजमा भएको थोरै व्यक्तिले उत्पादनको साधनको स्वामित्व लिन्छन् तथा स्वामित्व नहुने माथी विभेद र अन्याय गर्दछन् । अर्कोतर्फ उत्पादनको साधनको स्वामित्व नहुने वर्ग अथवा कामदार वर्ग सेवा सुविधाको लागि आन्दोलन गर्दछन् । विशेषत आन्दोलनको कारण ती दुई वर्ग बिचको स्वामित्वको समान वितरणको कारण भएको हो । (कार्ल मार्क्स) २००८। उद्घृत कोजर ।

दलित र गैर दलित बिच समाजमा व्याप्त छुवाछुत तथा जातीय विभेद नश्ल वा वंशजको आधारमा जस्तो देखिन्छ । तर समाजको विकास क्रमसँगै नेपाली समाज सामन्ती युगवाट पुँजीवादी युगमा प्रवेश गरेपश्चात शहरीकरण, बजारीकरण, विश्वव्यापीकरण तथा सामाजिक चेतनाका कारण छुवाछुत प्रथामा कमी आईरहेको छ । त्यसकारण यस्ता जातीय विभेद वा छुवाछुतलाई समाजको उत्पादन प्रणाली वा आर्थिक पक्षसँग जोडेर हेर्नुपर्दछ । सामन्तबादी समाजमा उत्पादका साधनको स्वामित्वका हिसावले जमीन तथा उर्वरासील जमीनको ठुलो हिस्सा गैरदलितले ओगटेका छन भने अर्कौतर्फ दलितहरु भुमिहिन तथा स्मामित्व हुनेपनि गाँउका डाडा पाखा तथा कम उर्वरसील जमीन स्वामित्वमा हरेको छ । फलस्वरुप दलित समुदायलाई वर्षभरि खान नपुग्ने भएका कारण गैरदलिसंग आश्रित हुनुपरेका कारण विभेद भएको हो ।

वेवरियन सिद्धान्त

म्याक्स वेवरले माक्स भन्दा केही फरक दृष्टिकोणले विश्लेषण गरेका छन् । माक्सले समाजको सामाजिक चरित्र विश्लेषण स्तरीकरणको आधारमा गरेका छन् र स्तरीकरणको आधार उत्पादनको साधनको स्वामित्व कसले ओगट्छ वा वर्गको आधारमा विश्लेषण गरेका छन् । तर म्याक्स वेवरले सामाजको सामाजिक चरित्र वर्गले मात्र निर्धारण नगर्ने उल्लेख गरेका छन् । उनका अनुसार वर्ग बाहेक राजनिति, धर्म, संस्कृती आदि कारणले स्थापित शक्तिको आधारमा सामाजिक स्तरीकरण हुने गर्दछ । व्यक्तिमा हुने विभिन्न गुण र क्षमताको कारण नै सामाजिक स्तरीकरणको तहमा व्यक्तिको स्थान तल माथि र गतिशिल हुन्छ । वेबरले सामाजिक स्तरीकरणलाई ३ वटा पक्षबाट हेरेको छन् ।

(१) **वर्ग** (**Class**) : समाजमा हुने विभिन्न स्तरको व्यक्तिको पेशा, प्राप्त गर्ने अवसर तथा इच्छा, आम्दानी तलबी दर तथा बजारले निर्धारण गर्दछ ।

(२) **हैसियत** (**Status**) : व्यक्तिको समाजमा हुने विभिन्न पद, इज्जत तथा प्रतिष्ठाले सामाजिक स्तरीकरण निर्धारण गरेको हुन्छ ।

(३) **शक्ति** (**Power**) : शक्तिको स्रोत राजनिति हो । माक्सका अनुसार विशेष गरी उत्पादनका स्वामित्व ओगट्नेले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा शक्ति हात परेको हुन्छ । वेवरले यस भनाईलाई मान्दै शक्तिको स्रोत ऐतिहासिक र संरचनागत हुने उल्लेख गरेका छन् । (रिट्जर , २०००, कोजर,२०००)

यसरी म्याक्स वेबरका अनुसार वर्गीय सामाजिक चरित्रको विश्लेषण मुख्य तया वर्ग, हैसियत र शक्तिको आधारमा हुने गर्दछ , सामाजिक स्तरीकरण स्थिर नभई परिवर्तनशिल हुन्छ । विशेष गरि वेवरले जाति प्रणालीमा हैसियतले समाजमा व्यक्तिको स्तरिकरण गर्न ठूलो भूमिका खेलेको हुन्छ । जाति व्यवस्थामा शक्ति र सम्पति भन्दा पनि हैसियतलाई जोड दिएको हुन्छ । जातीय व्यवस्थामा तल्लो स्तरमा राखिने व्यक्ति सम्पन्नशाली भएपनि उसको सामाजिक हैसियत निम्न स्तरको हुन्छ । नेपालमा जातीय व्यवस्थालाई हेर्दा विशेष गरि दलितहरुको सामाजिक हैसियत निम्न स्तरको रहेको छ । दलित संग विवाह गर्ने गैर दलित केटा वा केटीको हैसियत पनि समाजमा निम्न स्तरको हुन्छ । दलितसंग विवाह गर्ने गैद दलित केटा वा केटी विवाह अगाडी पद, शक्ति, धन भए पनि विवाह पछि उसको सामाजिक हैसियत निम्न स्तरको नै हुन्छ ।

लैङ्गीक सिद्धान्त

दलित र गैरदलित अन्तर्जातीय विवाह सम्बन्ध महिला र पुरुष बीचको सम्बन्ध हुनाले यसको सम्बन्ध सामाजिक संरचनासंगै जोडेर हेर्नुपर्दछ । महिला र पुरुषको सम्बन्ध हेर्नलाई रिता एस. ग्यालिन र अन्ने फरगुसन (१९९१) ले ४ किसिमबाट हेर्नु पर्ने बताएकी छिन् । (१) लैङ्गिकता समाज द्वारा निर्माण गरिएको हुन्छ । (Gender is a social constructed) (२) लैङ्गिक प्रणाली एक विपरितार्थक प्रणाली हो । (Gender systerm are binary systerm) (३) लैङ्गिक एक शक्तिशाली वैचारिक संयन्त्र हो । (Gender is a powerful Ideological

device) (४) यस्तो प्रक्रियाहरुको परिणाम पुरुष प्रधान हुन्छ । (The outcomes of these processes is male privileze) (ग्यालिन र फरगुसन, १९९१)

विशेष गरि महिला र पुरुषको सामाजिक अवस्थाको विश्लेषण गर्न महिला तथा पुरुषको सामाजिक भूमिका, सामाजिक सम्बन्ध र व्यवहार हेर्नु पर्दछ । नेपाली समाजको विश्लेषण गर्दा नेपाल पितृसत्तात्मक समाज हो । नेपालमा महिलाको भूमिका, पुरुषको तुलनामा निम्न स्तरको छ । हिन्दु धर्मशास्त्र अनुसार निर्देशित भएको हुनाले सामाजिक तथा सास्कृतिक क्रियाकलापमा महिलाहरुलाई प्रतिबन्ध लगाइएको हुन्छ । सम्पतीको स्वामित्व पुरुषमा हुने, वंशज पुरुषको आधार निर्माण गरिने, निर्णय प्रकृयामा पुरुषको एक्लो भुमिका हुने । महिलालाई घरपरिवारको धन्दा, भित्रि काम गर्नलाई प्राथमिकता दिने , महिलाले गरेको कामलाई गैर आर्थिक मुल्यांकन गरिने । यसरी हेर्दा नेपालमा समग्रतामा महिलाहरुको भुमिका, सम्बन्ध र व्यवहारीकता निम्न स्तरको छ । जातीय व्यवस्था भित्र दलित जाती तल्लो स्तरको मानिने हुदा दलित भित्र तुलना गर्दा दलित महिलाहरुको सामाजिक भूमिका, सामाजिक सम्बन्ध झन निम्नस्तरको रहेको देखिएको छ ।

२.१.१ दलितको परिभाषा

दलित शब्दले कुनै बस्तु काम नलाग्ने खाल्को भन्ने शाब्दिक अर्थ लाग्दछ । दलित शब्द सस्कृत भाषाको दलन्न शब्दबाट सृजना भएको हो, जसको अर्थ टुक्रिनु, चर्कनु वा खुल्नु हुन्छ । नेपाली वृहद शब्दकोषले पनि दलित शब्दको अर्थ सस्कृत भाषाबाट लाग्ने खालको अर्थ लगाएको छ । शब्दकोषको अनुसार दलित भन्नाले फग्ल्याटा फग्ल्याटा पारिएको, दलिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको, विध्वंस तथा नष्ट गरिएको बुझिन्छ । सस्कृत र नेपाली शब्दकोषलाई हेर्दा दलित भनेको थिचिएको, मिचिएको, कुल्चिएको तथा टुक्रिएको, फुटेको भन्ने अर्थ लाग्दछ ।

राष्ट्रिय दलित आयोगको प्रस्तावित विद्येयक २०५६ मा दलितको परिभाषा यसरी गरिएको छ । दलित समुदाय भन्नाले जातीय भेदभाव र छुवाछुतको मारमा परि सामाजिक , आर्थिक र राजनितिक एवं धार्मिक रुपमा समाजको सबैभन्दा पछाडी पारिएको र मानविय सम्मान एवं सामाजिक न्याय पाउन नसकेको अनुसुची १ मा उल्लेखित जात वा समुदायलाई जनाउदछ । (राष्ट्रिय दलित आयोग २००४,२३९) यस परिभाषाले दलित

समुदायको समग्र परिभाषा त समेटेको छ तर एउटा वास्तविकता के पनि हो भने सबै दलित आर्थिक, शैक्षिक रुपमा पछाडी परेको छैनन् तर अधिकांस दलित समुदाय पिछडिएको र उत्पीडनमा चै पक्कै पनि परेका छन् । शैक्षिक, आर्थिक, सामाजिक र राजनितिक लाभ प्राप्त व्यक्तिहरु पनि सामाजिक हैसियत चाहि तल्लो तहमा रहेको छ । यस कारण सामाजिक हैसियत वा स्थितिका आधारमा हेर्दा दलित समुदायको परिभाषा बढी प्रभावकारी हुन्छ ।

२.१.२ दलित शब्दको प्रयोग

वर्तमान समयमा दलितसंग सम्बन्धित लेख रचना प्रसस्त रुपमा पढ्न पाईन्छ । दलित अधिकारका लागि आन्दोलन विभिन्न समयमा देखिदै आएको छ । दलित शब्द कसरी कहाँबाट शुरुवात भयो भन्ने एउटा चासोको विषय हुन्छ । नेपालमा मुख्य तया हिन्दु धर्म मान्ने मानिसहरुको बाहुल्यता रहेको हुदा यसको सामिप्यता र अर्थ खोज्नु भारतबाट नै बढि सान्दर्भीक हुन्छ । यही तथ्यलाई उजागर गर्दै आहुती, २०६७ मा उल्लेखित तथ्यहरु

- दक्षिण एसियाली उपमहाद्वीपहरुको आजको भारतमा करिब ३५ सय वर्ष अघि वर्ण व्यवस्थाको जग हालिएको थियो भन्ने मानिन्छ । करिव २ हजार वर्ष अगाडी ब्राम्हण राजा मनुको शासन कालमा वर्ण व्यवस्था माथि छुवाछुत समेत लादियो । त्यसबेला देखि समाजको सबभन्दा तल परेको श्रमजीवी जनता विच फुट पार्न र शोषक वर्गीय कथित उच्च जातीय शासनलाई दिर्घजीवी बनाउन छुवाछुत सहितको वर्णव्यवस्थालाई व्यवस्थित रुपमा कठोर पार्दै लगियो । त्यस क्रममा हिन्दु धर्मीय शासन एसिया जहाँ-जहाँ फैलियो त्यहाँ त्यहाँ यो छुवाछुत सहितको वर्ण व्यवस्था फैलिन पुग्यो । भारतबाट हिन्दु धर्मीय शाषक र जनता आजको नेपाल खण्डमा प्रवेश क्रममा नेपालमा पनि यो वर्ण व्यवस्था आईपुगेको कुरा इतिहास सिद्ध भईसकेको छ ।

- नेपालमा काठमाण्डौ उपत्यका, पश्चिम नेपाल र मधेसमा छुवाछुत सहितको वर्णव्यवस्थालाई व्यवस्थित गर्ने क्रममा शासक जातिहरुले दलित समुदायलाई हेपेर अपमानित गर्दै शुद्र, अछुत, पानी अचल, थी मज्यूपीँ कुजात, पउनी, आदी विभिन्न

नाम दिए ति अपमानजनक शब्दावली देशको विभिन्न भागमा कथित उच्च जातिका सदस्यले आजसम्म पनि प्रयोग गरिरहेको भेटिन्छ ।

- नेपालमा राणा शासन विरोधी प्रजातन्त्रिक आन्दोलनको हाराहारी देखि नै दलित मुक्ति आन्दोलन पनि संगठित रुपमा शुरु भयो । २००३ सालदेखि २३ सालसम्म दलित संगठनको नाम कहिले परिगणित, कहिले अछुत, कहिले अति पिछडा, कहिले हरिजन जस्ता शब्दले दलित समुदायलाई चिनाउन प्रयोग गरिएका थिए । २०२३ साल सम्म दलित शब्दको प्रयोग संगठनको नाममा प्रयोग गरिएको थिएन ।

- हिन्दु समाजमा वर्णव्यवस्था अनुसार अछुत बनाईएका अनगिन्ती जातलाई साझा रुपमा दलित शब्दले सम्बोधन गर्ने व्यक्ति भारतका प्रसिद्ध दलित नेता डा.भीम राव अम्बेडकर थिए । सन १९२७ को वरिपरि देखि उनको नेतृत्वमा भारतमा चलेको दलित आन्दोलनको क्रममै दलित शब्दको प्रयोग व्यापक बनेको थियो । यसरी प्रयोग हुने क्रममा दलित शब्द हिन्दु समाजको विभिन्न जातीय समुह भित्रका अछुत बनाईएको जातहरुको साझा समुहगत नामको रुपमा स्थापित हुन पुग्यो ।

- नेपाली र हिन्दी शब्दकोषमा दलित शब्दको सामान्य अर्थ हेपिएको, दलिएको, पिसिएको भन्ने रहेको छ तर नेपाली दलित मुक्ति आन्दोलनले दलित शब्दको अर्थ अब व्यक्तिमा मात्र सिमित रहन दिएनन् अव यो शब्दले हिन्दु समाजमा पानी अचल बनाईएका जातिहरुको साझा समुदायगत नामको अर्थ समेत ग्रहण गर्न पुगी सक्यो ।

- भारतको दलित आन्दोलनबाट स्थापित दलित शब्दलाई नेपालमा २०२४ सालमा गठित नेपाल राष्ट्रिय दलित जनविकास परिषदको नाममा पहिलो चोटी प्रयोग गरियो । त्यसपछि दलित शब्द यहाँ पनि दलित आन्दोलन र राजनैतिक एवं सामाजिक क्षेत्रमा स्थापित हुनपुग्यो । (आहुती २०६७:१,२) अतः यी तर्फलाई हेर्दा दलित शब्दको प्रयोग भारतमा स्थापित हुदै नेपालमा ल्याईएको हो जसले हिन्दु समाजमा रहेको जातीय विभेद, पानी नचल्ने र छुवाछुत गरिएको जातिहरुको समुहगत नाम हो ।

२.१.३ दलित समुदाय

नेपालको हिमाली, पहाडी तराई क्षेत्र जुनसुकै क्षेत्रमा पनि सामाजिक विभेद व्याप्त रहेको छन् । वर्ण, धर्म, सस्कृति, भेषभुषा, चालचलन क्षेत्र अनुसार अन्य जातजाति सरह एउटै देखिए तापनि समाजमा पानी चल्ने वा नचल्ने, छोईछिटो हाल्नु पर्ने वा नपर्ने, छुवाछुतको आधारमा दलित समुदाय भनेर छुट्याइएको छ । मुलुकी ऐनले निम्न दुई थरिका दलित समुदाय उल्लेख गरेको छ ।

(क) पानी नचल्ने तर छोइछिटो हाल्नु नपर्ने जातहरु :

मुसलमान	धोवी
मधेसका तेली	कुलु
कसाई	म्लेच्छ
कुसुले	चुडारा

(ख) पानी नचल्ने तर छोइछिटो हाल्नु पर्ने जातहरु :

कामी	दमाई
सार्की	गाईने
सुनार	बडिभाड
चुनारा	पोडे
हुड्के	च्यामखलक

राज्यसत्ताबाट बहिस्करणमा परिएका तथा सामाजिक संरचना मार्फत अपहेलित भएका वर्ण समुदायले वा जातीले कोहीले दलित वर्गमा सुचिकृत नगर्न गरेको उदाहरण पनि छन् । नेपालमा कुन कुन समुदाय दलित हुन ? के को आधारमा दलित भन्ने ? कसले कसलाई दलित भन्ने/भनिने ? यो विषय पेचिलो हुदै गएको छ । राष्ट्रिय दलित आयोगले दलित समुह र छुवाछुतको परिभाषाको आधारमा दलित समुदाय भनि छुट्टयाएको छ ।

(क) पहाडी मुलका

१. गन्धर्व

२.परियार(दमाई, दर्जी, सुचिकार, नगर्ची,ढोली, हुड्के)

३. बादी

४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनार, चुनारा, पार्की, टमटा)

५. सार्की(मिजार, चर्मकार, भुल)

(ख) मधेसी मुलका :

६. कलर

७. ककैहिया

८. कोरी

९. खटिक

१०. खत्वे(मन्डल, खाँका)

११. चमार(राम, मोची, हरिजन, रविदास)

१२. चिडिमार

१३. डोम(मरिक)

१४. तत्मा (ताँती, दास)

१५. दुसाध (पासवान, हजारा)

१६. धोवी (हिन्दु रजक)

१७. पत्थरकट्टा

१८. पासी

१९. वाँतर

२०. मुसहर

२१. मस्तर(हलखोर)

२२. सरभंग (सरवरिया)

दलितको समुहमा सुचिकृत हुन नमान्ने जातहरु उल्लेख गर्दै भट्टचन उल्लेख गर्दछन “कपाली, खड्गी, देउला, कुचे र धोवी ” लगायतका समुदायले राष्ट्रिय दलित आयोगलाई दलितको सुचीमा नराख्न दवाब पछि दलितको सुचीबाट हटाईएको हो (भट्टचन र अन्य, २०६५)

नेपालका अन्य जातजाति जस्तै वर्ण, धर्म, सस्कृती, रितिरिवाज भएको जातजातिहरुलाई दलित समुहमा पर्दछन् भनेर किटान गर्न सकिदैन । नेपालमा कुन-कुन जातजाति दलित हुन कसले तोकी दिने दलित समुदायले सहन परेका समस्याहरुको अध्ययन अनुसन्धान,

अनुगमन र निर्देशन गर्न बनेको राष्ट्रिय दलित आयोगले सुचीकृत गरेको समुदाय त दलित समुदाय मा नराख्न दवाव दिइन्छ भने अतः यस अध्ययनमा विशेषगरि पहाडी क्षेत्रमा बसोबास गर्ने कथित तल्लो जातको वयस्क पुरुष वा महिलाले माथिल्लो जातको महिला वा पुरुष संग वैवाहिक सम्बन्ध गासे पछिका विवाहित जोडीलाई बुझ्नुपर्दछ ।

२.१.४ गैरदलित

गैरदलित कसलाई भन्ने भनेर ठ्याक्कै परिभाषा गरिएको पाईन्दैन । शाब्दिक रुपमा गैर दलित शब्द दलित शब्दको विपरितार्थ शब्द हो । हिन्दु वर्णाश्रम व्यवस्था भित्रका शुद्र जाति बाहेकका सामाजिक भेदभाव वा छुवाछुत सहन गर्नु नपर्ने जाति वा समुदायहरुलाई गैरदलित भनिन्छ । गैर दलित जातिले सामाजिक, सास्कृतिक आधारमा आफुलाई माथिल्लो श्रेणीको दाबी गर्ने र समाजमा दलित समुदायलाई सामाजिक रुपमा भेदभाव गर्ने, छुवाछुत, तल्लो स्तरको मानकको रुपमा हेर्न, थिचोमिचो गर्ने गर्दछ । जस्तो हिन्दु वर्णाश्रम व्यवस्था भित्रको ब्राम्हण, क्षेत्री र वैश्य भित्र पर्ने गैरदलित हुन् । सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक दृष्टिले विभिन्न समुहमा परे पनि सामाजिक र धार्मिक हिसाबले गैर दलितहरुको स्थान समाजमा उच्च हुन्छ । यथार्थ हेर्ने हो भने गैरदलित भित्र पनि असमानता विभेद भने पक्कै पनि हुन्छ । नेपालमा बाहुन, क्षेत्री, आदिवासी, जनजाती आदि गैर दलित समुदाय भित्र पर्दछन । पुर्वी पहाडी क्षेत्रमा बसोबास गर्ने बाहुन, क्षेत्री, नेवार, राई, गुरुङ, मगर, तामाङ, शेर्पा आदी जसले समाजमा जातीय आधारमा दलित समुदायलाई जातीय विभेद, छुवाछुत गरिरहेका हुन्छन् भने त्यस्ता समुदायलाई गैर दलित भनेर चिनिन्छन् ।

२.१.५ विवाहको परिभाषा र उत्पति

विवाहको सर्वस्विकृत परिभाषा पाउन कठिन छ । विश्वमा धेरै जातजाति, वर्ग, समुदाय, धर्म, सस्कृति फरक-फरक हुने र तीनैको आधारमा विवाह निर्धारण गर्ने हुनाले स्थान, समय, धर्म, सस्कृति,सामाजिक रचना, बनौट अनुसार विवाहको परिभाषा पनि फरक पर्ने गर्दछ ।

इम्बर र इम्बर, सन् १९९५ का अनुसार विवाहलाई सामाजिक स्विकृत आर्थिक र यौन जन्य संगठन मानिएको छ जसभित्र रहेर लोग्ने र स्वास्नीले आफ्नो अधिकार क्षेत्र अन्तर्गत बसेर विभिन्न कार्य गर्न सक्दछन् । जसमा दम्पति बिच यौन सम्बन्ध हुनका साथै खास अधिकार

र कर्तव्य नि जोडिएको हुन्छ । त्यस्तै गरि हर्टन र हन्ट, सन् १९६८ का अनुसार विवाह सामाजिक स्विकृत ढाचा जसमा दुई वा दुई भन्दा बढि व्यक्तिले परिवारको स्थापना गर्दछ ।

महिला र पुरुष बिच वैधिक रुपमा यौन सम्बन्ध राख्न समाजले स्विकृती प्रदान गर्ने संस्था हो जसले विवाह पछि संगठित भई आफ्नो आर्थिक, सामाजिक, सास्कृतिक क्रियाकलाप अगाडी बढाउने तथा सन्तान उत्पादन गर्ने र उनीहरुको हेरचाह गर्ने गर्दछ ।

विवाहको उत्पति कहिले र कहा देखि शुरुवात भएको हो भनि एकिन गर्न सकिएको छैन मानव विकास र शुरुवात भएको अनुमान गर्न सकिन्छ जस कारणले नै आजको समाज स्थापना भएको हो । तर कुन कुन स्वरुपमा थियो भन्न सकिदैन । समाज विकासक्रम संगै विवाहको प्रकार पनि फेरिदै गयो । मानवशास्त्री एल.एच. मोर्गनले समाजको विकासको क्रम अगाडी बढ्दा विशेषत प्रविधि(औजार) को प्रयोगमा आएको परिवर्तनले घुमन्ते युग देखि सभ्य समाजमा विकास भएको हो भन्छन् । यसरी समाज विकास हुने क्रममा विवाह पनि घुमन्ते युगमा एक महिलाले चाहेको मानिससंग यौन सम्बन्ध कायम गर्ने गदै एकलगामी विवाह सम्म विकास भएको हो । उनका अनुसार क्रमस रक्त सम्बधमा आधारित विवाह, समुह विवाह, अस्थायी प्रकारको विवाह, पितृ प्रधान विवाह हुदै अहिलेको एकलगामी विवाहको रुपमा विकास भएको हो । यसरी हाल कायम रहेको एकलगामी विवाह २०औ शदाव्दिको शुरुतिरबाट शुरु भएको हो । यसरी हेर्दा समाज विकासलाई निरन्तरता दिनको लागि विवाह एक प्रमुख सामाजिक संस्थाको रुपमा रहेको छ ।

२.१.६ विवाहको प्रकार

विवाह स्थान, समय, जातजाति, धर्म, सस्कृति, सामाजिक संरचना, अनुसार फरक फरक किसिमको हुने गर्दछ । समाजशास्त्री तथा मानवशास्त्रीहरुले विभिन्न आधारमा विवाहलाई वर्गिकरण गरिएको छ । जस्तो :

१. संख्याको आधारमा - (एकल विवाह, बहुपत्नी विवाह, बहुपति विवाह र समुह विवाह)
२. आधुनिक विवाहको आधारमा (समलिङ्गी विवाह, प्रम विवाह र कागजी वा अदालती विवाह)

३. सामाजिक नियम र प्रचलनको आधारमा (सजातिय विवाह, विजातिय विवाह र नातागत विवाह)

सजातिय विवाह : आफु जुन जातको छ त्यही जातको कुटुम्बरी नाता पर्ने संग गरिने विवाह हो जस्तो बाहुनले बाहुनसंग, राईले राई संग, दमाईले दमाई संग गर्ने विवाह पर्दछ। यस्तो प्रकारको विवाहलाई समाजले सहज रुपमा स्विकार गरिरहेको छ।

विजातिय विवाह : आफ्नो जात भन्दा वाहिरको जातको संग गरिने विवाह हो । यसमा नाता सम्बन्ध भन्दा वाहिर विवाह गरिन्छ । नेपालमा अन्तरजातिय विवाहलाई पनि विजातिय विवाहको रुपमा बुझिन्छ । जस्तो बाहुलने राई संग, गुरुङले दमाईसंग, बाहुनले क्षेत्रीसंग गरिने विवाह पर्दछ।

नेपालमा समाज विकास क्रम संगै अन्तरजातीय विवाह गर्ने प्रचलन बढ्को छ तर यस्तो विवाहलाई घर परिवार र समाजले सहज रुपमा स्विकार गरेको पाईदैन । विशेषत गैरदलित जातजातिले दलित जातजाति संग गरिने अन्तरजातीय विवाहलाई समाजले स्विकार गरेको पाईन्दैन यसरी विवाह गर्दा समाजबाट तिरस्कृत हुनुपर्ने अवहेलना सहनु पर्ने र गाउ नै निकाला हुनुपर्ने सम्म अवश्था सृजना हुन्छ।

२.१.७ नेपालमा छुवाछुत तथा जातीय भेदभाव सम्बन्धि नियम कानुन

- मुलुकी ऐन २०२० को प्रस्तावनामा "छोटा बडा सबैलाई कसुर अनुसार एकै सजाय होस् घटी वढी नपरोस भन्नन निमित्त....." भनि कानुनको नजरमा सबै समान बनाएको छ । यस ऐनमा जातीय विभेद र छुवाछुतको विरुद्ध एक शब्द प्रयोग भएको छैन् ।

- नेपाल अधिराज्यको संविधान वि.स.२०४७ भाग ३ को धारा ११(३) मा पनि सबै जात जाति, वर्ग, लिङ्ग, धर्म र समुदाय व्यक्तिहरुले समान रुपमा मानव अधिकारको प्रयोग गर्न पाउने प्रावधानको व्यवस्था गरिएको छ।

- नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ को उपधारा २ बमोजिम "सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात, जाती, उत्पती,

भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । " भन्ने उल्लेख गरिएको छ

- नेपालको अन्तरिम संविधान २०६३ ले छुवाछुत तथा जातिय विभेदलाई मौलिक हकमा अन्तर्गत नै धारा १४ मा "छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक" भनि छुट्टै उल्लेख गरेको छ । जसको उपधारा निम्नानुसार छन् : (१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपुर्ण व्यवहार दण्डनीय हुनेछ र पीडीत व्यक्तिले कानुन द्वारा निर्धारण भए बमोजिमको क्षतिपुर्ति पाउनेछ । (२) कुनै पनि व्यक्तिलाई जातजातीको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट बञ्चित गरिने छैन । (३) कुनै बस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा लगाउन वा बस्तु कुनै खास जात, जातीको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो बस्तु, सेवा, सुविधा कुनै खास जात, जातीको व्यक्तिलाई मात्र बिक्रि वितरण गरिने छैन । (४) कुनै जात, जाती वा उत्पतिका व्यक्ति वा व्यक्तिहरुको समुहको उच-निच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहर्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन । (५) उपधारा (२), (३) र (४) विपरितको कार्य कानुन बमोजिम दण्डनिय हुनेछ ।

प्रजातन्त्रको स्थापना पछि जातीय छुवाछुतलाई प्रसय दिने खाल्का कानुन नबने पनि अथवा छुवाछुत तथा जातीय विभेद गर्ने विरुद्ध दण्डनिय ठहराएको छ । कानुनको आधारमा सबै समान हुने लेखिएको हुन्छ तर यो संगै जातीय छुवाछुत र बिभेदलाई प्रसय दिन मनसाय राखेको हुन्छ यस्ता मनसाय राख्ने कानुनहरु निम्नानुसार छन्

- मुलुकी ऐन मिति २०६४ मंसिर १४ सम्म भएको संशोधन सहितमा "छोटा बडा सबैलाई कसुर अनुसार....." भन्दै निरन्तरता दिईएको छ । यहाँ प्रयोग भएको छोटा बडाले अहिले पनि नेपाली समाजमा सानो (छोटा) र ठूलो (बडा) मा विभक्त गर्ने मनसाय राखेको छ ।

- नेपाल अधिराज्यको संविधान, २०६३ को धारा २३(१) मा "प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातन देखि चलि आएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ" भनिएको छ । यस व्यवस्थाले प्रत्यक्ष रुपमा नेपालका सबै धर्मावलम्बिलाई आ-आफ्नो धर्म परम्पराको अवलम्बन, अभ्यास र संरक्षण गर्ने भनिए पनि प्रत्यक्ष रुपमा समाजमा चलि आएको जातीय भेदभाव तथा छुवाछुत लगाएतका गलत परम्पराको संरक्षण गर्ने समेत मनसाय राखेको देखिन्छ ।

- मुलुकी ऐन अदलको १० नम्बरमा "कसैले अर्काको सामाजिक रीतिस्थितिमा खलल पर्ने वा हुने गरी झुक्याई वा जबर्जस्ति गरी कुनै काम कुरा गर्न गराउनु हुदैन, कसैले गरे वा गराएमा निजलाई वढीमा एक वर्ष सम्म कैद वा एक हजार रुपैया सम्म जरिवाना हुन्छ" भनिएको छ ।

- नागरिक अधिकार ऐन, २०१२ को दफा ७(क) मा "धार्मिक र गुठी सदावर्त संस्थाहरु कायम गर्ने, चलाउने धार्मिक संप्रदायको हकमा कसैले हस्तक्षेप गर्न नहुने"

- प्राचिन स्मारक संरक्षण ऐन, २०१३ को दफा १० मा "नेपाल सरकारको वा निजी स्वामित्वमा रहेको जुनसुकै प्राचीन ऐतिहासिक, धार्मिक महत्वको स्थानमा प्रवेश गर्न चाहेमा सम्बन्धित व्यक्तिको धार्मिक भावना वा चलिआएको रीतिस्थितिमा आघात नपुर्याई प्रवेश गर्न पाउँछ ।"

२.२ पत्रपत्रिकामा प्रकासित लेख रचनाको समीक्षा

दलित र गैरदलित विवाह गर्दा विवाह गरेकै कारण समाजवाट वहिस्कृत हुनु परेको, गाँउ निकाला, शारिरीक दण्ड, मानसिक पीडा तथा आर्थिक जरिवाना तिर्नु परेको घटना विभिन्न समयमा पत्र पत्रिकामा आएका छन् । रुकुमका एक दलित युवक दिनेश परियारले गैरदलित युवती हिरा पाण्डेसँग विवाह गरेकै कारण केटी पक्षकाले दिनेशका परिवारलाई कुटपिट तथा ५० हजार हर्जाना तिराएका थिए । प्रेम विवाह गरेका ती जोडीले विवाह गरेको ७ दिनमै हिरालाई लगेका थिए भने केटी पक्षका कारण दिनेशका ७ जना परिवार सदरमुकाममा

विस्थापीत भएका तथा उनीहरुको डरले गाँउ फर्कन सकेका थिएनन् । (नयाँ पत्रिका, २०६७)

गैरदलितले दलित अर्न्तजातीय विवाह गरेकै कारण आफ्नो घरभित्र पस्न नसक्ने तथा मृत्युपछि शवसम्म पनि उठ्न नसेकेका घटना समाजमा व्याप्त छ । पाल्पाको बाटुली पोखरीका सिकर्मी काम गर्ने नारायण राणाले आफ्नो जेठी श्रीमतीको निधनपछि १५ वर्ष अघि गाउकै दलित महिलासँग विवाह गरेका थिए । विहे गरेको केही वर्षपछि उनलाई कान्छी श्रीमतिले छाडेका कारण जेठीपटिका कान्छा छोरासँगै वस्दै आएका थिए । समाजमा आफ्ना छोरा तथा नाति नातिनीलाई समाजले वहिस्कार गर्ने डरले घरभित्र नपस्ने तथा बाहिरै खाना खाने गर्दथे ।२०६७ असारमा उनको मृत्यु भएपछि समाजले लाश उठाएन । उनका कान्छा छोरा मानसिक रोगी थिए, एक्लै ले उठाउन सकेनन् । गाँउका मगर दाजुभाईले दलित विवाह गरेकाले शव छुन मानेनन् भने समाजका दलितहरुले मगर भएका कारण डरले छुन सकेनन् । जसका कारण नारायणको शव उठ्न सकेन, शव उठाउन प्रहरी प्रशासनले सहयोग गर्नु परेको थियो । (नागरिक दैनिक : २०६७)।

दलित र गैरदलित विवाह पछि आफन्तले केटालाई भगाईदिएका कारण केटी एक्लो भएको घटना समाजमा विद्यमान छ । अर्घाखाची सन्धीखर्क ७, बद्रिखोलाकी सुनिता बि.क. र बेला ४ का शिव कुमार यादवको ज्याला मजदुरी गर्ने क्रममा तौलिहवामा प्रेम सम्वन्धपछि मन्दिरमा विवाह गरेका थिए । सुनिताले उनी दलित परिवारको भएको कुरा शिवकुमारसँग गरेका थिईन तर जातले फरक नपार्ने बताएका थिए । विवाह पछि दुवैजना शिवको घर जान हिडेका थिए, तर वाटोमा शिवका दाईले उनीहरुलाई फकाई घरमा परिवारसँग कुरा गरी सम्पूर्ण बन्दाबस्त मिलाई लिन आउने बताएका थिए । तत्कालका लागी सुनिता माइती फर्किन र माईतीसम्म पुर्याउन शिवका नै गएपनि उनले सुनितालाई वाटोमै छाडी फर्किएका थिए । विवाहको लामो समय बित्दा पनि शिवले सुनितालाई लिन नगएका कारण श्रीमान खोज्न शिवका घर जाँदा उनका परिवारले विवाह नगरेको दाबी गरे । शिव घरमा पनि नभएका, उनीको सम्पर्कमा पनि नभएको तथा शिवको परिवारले पनि नस्वीकारे पछि सुनिता बिचल्ली भएकी थिईन ।(नया पत्रिका,२०६९)

दलित र गैरदलित विवाह पछि दलित परिवारले गैरदलितको हातवाट कुटाई खानु पर्ने, गाउबाट बिस्थापीत हुनु पर्ने तथा गाँउ फर्कन नसकेका समस्या समाजमा प्रसस्तै छन् ।

यस्ता कार्यमा समाजमा शिक्षित एवं सभ्य मानिने शिक्षक, बुद्धिजीवी पनि सामेल भएका छन् । धादिङ पेडा ५, का संभ्कना सुवेदीले गाँउकै दलित बस्तिका नवराज सुनारले २०६९ असार १७ गते प्रेम विवाह गरेका थिए । ती २ ले प्रेम विवाह गरेकै कारण गैर दलित बस्तिका २०० जनाको समुह (जसमा स्थानिय शिक्षक सहित) ले दलितको बस्तिमा आक्रमण गरेका थिए । गैर दलितका कारण दलित वस्तीका अभिभावक ज्यान जोगाउन अन्यत्र जादा छोराछोरी लगायत गाई बस्तुहरु अलपत्र परेका थिए । गाउँबाट भागेका दलित बस्तीका ज्यान जोगाउन भागेका अभिभावक गाँउ फर्कन सकेका थिएनन् । यसरी दलित र गैरदलित अर्न्तजातीय विवाहकै कारण दलित बस्ती नै विस्थापीत तथा दलित केटाकेटी विचल्ली भएका तथा बस्तुभाउ समेत अलपत्र अवस्था थियो । (समाचार पत्र, २०६९)।

त्यस्तैगरि काभ्रे पाँचखालका गोपाल मिजारले सोही स्थानकी कमला परियारसंग विवाह गर्दा केटाको वावुआमाले घर पस्न दिएनन् । विवाह पश्चात केही समय छिमेकीकोमा बसेपनि वावुआमाले स्वीकार नगरेपछि पनौतीमा विस्थापीत भएका थिए । (राजधानी : २०६७)।

यसै गरि सप्तरीका एक दलित गुगली साफीले बसन्ती चौधरीलाई कान्छि श्रीमतिको रुपमा विवाह गरे । गाउँमा माथिल्लो जातको केटी विवाह गरेको कारण बस्न नसकी भारतमा विस्थापित भएर बसेका थिए । भारतबाट फर्के पछि स्थानिय उपल्लो जातकाहरुले उनको जेठी श्रीमति सहित परिवारलाई नै गाउँ निकाला गरेका थिए भने बसन्ती चौधरीलाई उनकै माईतीले कुटपिट गरेको थिए । (नयाँ पत्रिका,२०६७) ।

एक जना दलित पेशाकर्मीले गैर दलित युवतीसँग विवाह गर्दा त्यस्ता मानिसको पेशा नै संकटमा पर्ने अवस्था छ । साथै सोही विवाहलाई पक्ष वा विपक्षमा लिएर गाँउ नै दुई खेमामा वाडिएका अवस्था पनि छ । गोरखा धुवाकोट स्थित अलका माध्यमिक विद्यालयका शिक्षक वर्ष २४ का राजु परियार र सोही गाँउका १८ वर्षीय अम्बिका संगौला बिच प्रेम विवाह भएको थियो । जसमा अम्बिकाको परिवारको मौन समर्थन नै रहेको थियो । तर विवाहको कारण भोलीपल्ट नै आधा गाउँले जो छुवाछुत मान्दथे उनीहरुले राजुलाई विद्यालय छाड्न दबाब दिएका थिए । विद्यालयमा हाजिर गराए विद्यालयमा नै आक्रमण गर्ने गाउँलेको धम्किका कारण उनलाई विद्यालयले बिदामा बस्न लगाएको थियो । राजुले विवाह गरेकै कारण विद्यालयवाट उनलाई हटाउन गाँउका २५१ जनाको हस्ताक्षर सहित माग

गरेका थिए भने हटाउन नहुने भन्दै त्यति नै संख्याका गाँउले पनि हस्ताक्षर संकलन गरेका थिए । (नागरिक : २०६९) ।

दलित तथा गैरदलित विवाह पछि पुरुषको तुलनामा महिलाहरु सामाजिक उत्पीडन, सामाजिक तथा आर्थिक समस्या भोग्नु परेको छ । गैर दलित पुरुषले दलित महिलासँग प्रेम विवाह गर्ने, विवाहपछि दुई वीचको सम्वन्ध घरपरिवारले नस्वीकार्ने तथा परिवारले अर्को केटीसँग विवाह गर्न दबाब दिने वा घरवाट भगाई दिने कारण महिला पिडित छन् । दुई बीचको सम्वन्ध पछि जन्मेको बच्चालाई महिलाले एक्लै पालनपोषणको जिम्मा लिनु पर्ने हुदा त्यस्ता महिलालाई थप आर्थिक पीडा झेल्नु परेको छ । नवलपरासी, देउराली ४ का हरिमाया बि.क. र युव बहादुर सोतीले ५ वर्ष अगाडी अन्तरजातीय प्रेम विवाह गरेका थिए । बिहे पछि घरपरिवारले स्विकार नगरेका कारण उनीहरु कावासोतीमा कोठा लिई बसेका थिए । उनीहरुको १ छोरा पनि भयो । आर्थिक उपार्जनका लागी वैदेशिक रोजगारमा गएका युव बहादुर फर्केपछि घरपरिवारका दबाबका कारण दोस्रो विवाह गरे । दोस्रो विवाहपछि अर्को श्रीमतीका साथ बस्दै आएका, हरिमाया उनको घर नजिकै छाप्रो बनाई बसे पनि छोराको पालनपोषण र दैनिक गुजारा गर्न समस्या परेको छ । (हिमालय टाईम्स,२०६७) ।

दलित युवा तथा गैरदलित युवतीले विवाह गरेकै कारण परीक्षा दिनबाट वञ्चित भएका छन् । सर्खेतका डिल बहादुर परियारले आफ्नै कक्षाका सहपाठी उषा ढकालसंग अर्न्तजातीय प्रेम विवाह गरेका थिए । आदर्श उच्च मा.वि. मेहेली गर्पनले विवाह गरेकै कारण देखाई विद्यालय व्यवस्थापन समितिको निर्णय भन्दै परिक्षाबाट दुवैलाई निश्कासन गरेको थियो । यसरी केटीको माईती पक्षले उषालाई डिल वहादुरवाट छुटाएका थिए । (गोरखा पत्र, २०६७) ।

त्यस्तै भोजपुर घोडेटार ८ की सकुन्तला भण्डारी (अनमी) वर्ष १९ र सोही ठाउँका मनोजराज बिश्वकर्मा सुनचादीका गहना बनाउने, वर्ष २७ ले प्रेमलाई विवाह गरेका थिए । विवाह गरेको १ साता पनि नबित्दे माईती पक्षले छुटाएका थिए भने । केटालाई केटी अपहरणको जाहेरी समेत दिएका थिए । (नयाँ पत्रिका, २०६७) ।

अर्न्तजातीय विवाह गरेकै कारण घरपरिवारले छोरा मरेको भन्दै मृत्यु संस्कार गरेका थिए । पाँचथर लुम्फाबुङ १, का भवेन्द्र राइले स्थानिय बद्रिका शंकरसंग २०६९ जेठमा प्रेम विवाह

गरेका थिए । दलितसँग विवाह गरेकै कारण भवेन्द्रका परिवारकासबै सदस्य आक्रोशित भई उनको मृत्यु पछिको संस्कार (निसुई) गरिदिएका थिए । सामाजिक बहिस्कार तथा घरपरिवारले जिउँदै हुदाहुदै मृत्यु संस्कार गरेपछि राजनीति तथा समाजसेवामा लागेका भविन्द्र गाँउ छाडी सदरमुकाममा बस्न बाध्य भएका थिए । (नयाँ पत्रिका, २०६९) ।

दलितसँग विवाह गरेकै कारणले कसैले आफ्नो जीवनकालमा नै मृत्युसस्कार गरेको त कतै आफ्ना वावुआमाको मृत्यु संस्कार गर्नबाट बञ्चित हुनुपरेको छ । रुपन्देही, रुद्रपुर ६, का ३९ वर्षीय जेबी मगरले डिलमाया बि.क.संग विवाह गरेका थिए । रोजगारीको शिलशिलामा भारत गएका मगर मातृशोकका कारण घर फर्किदा आमाको शवलाई छुन, दागबत्ति दिन तथा किरिया गर्न पाएनन् । एकमात्र छोरा रहेका मगरले किरिया बस्न अनुरोध गर्दा उनका पिताले कुल बिग्रिन्छ भनेर उनका पिताले नै रोकेका थिए । उनले किरिया बस्दा अकै स्थानमा बस्नु पर्ने कुरा निर्णय गरेको थियो । विरामी भएको अवस्थामा सासुको सम्पूर्ण स्याहार गरेपनि मरेपछि शव छुन डिलमाया लाई दिईनन् । (गोरखापत्र, २०६९) ।

एक वयस्क गैर दलित युवतीले दलित युवासँगको प्रेम सम्वन्ध थाहा पाए पछि युवतीलाई परिवारबाट शारीरिक तथा मानसिक यातना भोगीरहेका छन् । गाँउका व्यक्ति, समूह वा संघ सस्थाले त्यस्ता जोडीलाई सहयोग वा समर्थन गरेमा त्यस्ता सहयोगीको विरुद्ध गैरदलित खनिन्छन् । म्याग्दीको धाराका जयन्ती खड्का र रेशम दर्जी एक अर्कालाई माया गर्थे । ती दुईको प्रेम सम्वन्ध थाहापछि जयन्तीलाई घरपरिवारले शारीरिक र मानसिक यातना दिने गर्थे । घरपरिवारले यातना दिए पनि जयन्तीले रमेशसँग नै विवाह गरेकी थिईन । दलितसँग विवाह गरेको भनि माइती पक्षले जोडीलाई नै यातना दिई गाउँ निकाला गरेका थिए भने उक्त जोडीलाई सहयोग गरेको भनि माइती पक्षले प्रहरी कार्यालय नै तोडफोड गरेका थिए । (गोरखापत्र, २०६७)

त्यस्तै सुर्खेत, साटाखानी ४ का धन बं. साही र लाटीकोइली १, धुलियाबिट बस्ने कुमारी नेपालीले अन्तरजातीय विवाह गरेका थिए । विवाह कै कारण उनीहरु गाउँमा बस्न नसकी सदरमुकाममा विस्थापित भएर बसेका थिए । केटा पक्षको समाजले उनीहरुसंग सम्पर्क राख्ने गाउँका केटीका आफन्तहरुलाई शारिरीक मानसिक यातना दिने तथा केटालाई केटी

छाड्न दबाव दिनुका साथै नछाडे ज्यानमार्ने धम्कि दिदै आएका थिए । कुमारी नेपाली धन बं. ले साथ छोड्ने होकी भन्ने असुरक्षित महसुस गरिरहेकी थिइन् । (नयाँ पत्रिका, २०६७)

ग्रामीण समुदायमा पछिल्ला समयमा जातीय छुवाछुत तथा सामाजिक विभेद पहिलेको तुलनामा केहि कम आएको छ । दलित तथा गैरदलित युवायुवती विवाह गर्दा कतै परिवार वाधक त कतै समाज वाधक भएका छन । पाँचथर, पंचमी ६ का लोकेस सिंगु (लिम्बु)ले अमरपुर ३ की संगिता खातीसंग प्रेम विवाह गरेका थिए । विवाह पछि उनीहरु समाज र परिवारको बहिस्कारमा परी झापामा विस्थापित भएका थिए । विवाहको १ वर्ष पछि लोकेसको विवाहलाई परिवारले स्वीकार गरेकाले घर फर्किएका थिए । तर उनीहरुलाई घरपरिवारले स्विकार गरेको कारण उनीहरुको परिवारलाई नै सामाजिक बहिस्कार गर्ने र नगर्ने भनि करिब १०० घरधुरी रहेको सिंगु समुदाय पक्ष र विपक्षमा विभाजित भएको थियो । (गोरखापत्र, २०६९) ।

समाज कृषक पेशा अगाल्ने वा जस्तो सुकै पेशा अगाल्ने दलित तथा गैर दलित विवाह गरे पनि जो गैरदलित हो सो पक्षले स्वीकार गरेको पाईदैन । भक्तपुर कटुन्जे की २५ वर्षीय प्रज्ञा थापा र पोखरा ३, का शैलेन्द्र सिके(नेपाली) वीच नेपाल इन्जिनियरिङ कलेज पढ्दै गर्दा प्रेम सम्वन्ध भएको थियो । पढाई सके पछि उनीहरुले परिवारको सहमति नहुने अवस्था भएकोले प्रेम विवाह गरे । विशेषगरि प्रज्ञाका माइती पक्षले दलितसँग विवाह गरेको कारण समय समयमा ज्यान मार्ने धम्की दिन्थे । ज्यान मार्ने धम्कीका कारण उनीहरुले पत्रकार सम्मेलन गरी सुरक्षा माग गरेका थिए । (नयाँ पत्रिका ,२०६७) ।

दलित र गैरदलित विवाह गर्नेलाई गैर दलित पक्षका अविभावकहरुले छुटाउन खोजे पनि तर नेपालमा त्यस्ता विवाहित जोडीलाई विवाह गरेकै आधारमा छुटाउन सकिने कानुनको व्यवस्था छैन । कानुनको आधारमा सबै नेपाली समान छन् । सर्वोच्च अदालतले पनि दलित र गैरदलित विवाह गर्नेलाई मान्यता दिएको छ । सप्तरी जगतपुरका किशोर पासवान र रंजना सिंहले अन्तरजातीय प्रेम विवाह गरेका थिए । विवाह पछि रंजनाका बुवाले किशोरले रंजनालाई अपहरण गरेर भगाएको भन्दै वन्दि प्रत्यक्षीकरण रिट दायर गरेका थिए । तर केटाकेटी राजी खुशी विवाह गरेको र दलित केटा भएको कारण केटीको बुबाले छुटाउन खोजेको कुरा स्पष्ट भए पछि सर्वोच्चले यो विवाहलाई मान्यता दिएको थियो । (अन्नपुर्ण पोष्ट, २०६७) ।

जातीय छुवाछुत तथा सामाजिक विभेद कम गर्न पछिल्ला युवा स्थानिय सामाजिक रुपान्तरणका लागि गैरदलितले दलितसंग विवाह गर्न थालेका छन् । यस्तै मध्ये नेपाली कांग्रेसबाट राजनिति गरेका खोटाङ बाम्राङका रोजन राईले सदरमुकाम दिक्तेलकी उषा गजमेरसंग प्रेम विवाह नेपाली कांग्रेसका पाटी सभापति अहिलेका प्रधानमन्त्री सुसिल कोईरालका उपस्थितिमा विवाह गरेका थिए । दलितसंग विवाह गरेको कारण घर परिवारले स्विकार गर्न नसकेको कारण उनीहरु सदरमुकाम नै विस्थापित भएका थिए ।

ग्रामिण क्षेत्रमा बसोबास गर्ने मानिस हाल सम्म पनि जातिय छुवाछुत मानिरहेका छन् । यसलाई हटाउनका लागि राजनितिक, समाजसेवी, शिक्षक, निजामति कर्मचारी, सैदान्तिक छलफल वा कुरा गर्दा हटाउन पर्छ भन्ने मान्यता राख्दछन् । तर व्यवहारमा भने देखिएको छैन । जातीयताको आधारमा गरिने छुवाछुत जस्तो अमानविय व्यवहारको अन्त्य गर्ने अभियानमा जुटेका उत्पीडीत दलित समुदायको संजाल बाग्लुङले जिल्लाको पैयु थन्थापमा सहभोज कार्यक्रम आयोजना गरेको थियो । सहभोजमा गाउँ स्तरका सबै दलित गैर दलित नेताहरु, शिक्षक, समाजसेवी र निजामति कर्मचारीलाई पत्र पठाएका थिए तर गैर दलित कोही पनि यस कार्यक्रममा सहभागी भएका थिएनन् ।

माथि लिखित समाचारहरुमा प्रकाशित भए अनुसार पनि समाजमा जातीय छुवाछुत तथा विभेद नेपाली समाजमा विद्यमान नै छ । दलित तथा गैरदलित बिचको विवाह समाजले स्विकार गर्न सकेको छैन जस्तो किसिमको पेशा वर्ग, धर्म अंगाले पाने दलित विवाह गर्नेलाई समाजले सामाजिक बहिस्कार गरेको छ । जो गैरदलितले दलितसंग विवाह गरेको छ त्यस्ता गैरदलित युवा युवतीलाई घर परिवारले दलितबाट छुटाउन खोज्ने । दलित माथि दुव्यवहार गर्ने, ज्यान मार्ने धम्कि दिने, दलित विवाह गर्ने समाजबाट विस्थापित हुनुपर्ने, सामाजिक संस्कृति तथा संस्कारमा प्रतिबन्ध लगाउने जस्ता अमानविय कार्यहरु भईरहेका छन् । पछिल्ला पुस्ताले सामाजिक रुपान्तरणका लागि त्यस्तो विवाह गर्ने आट गरे पनि त्यस्ता व्यक्ति घर समाजबाट बहिस्कृत हुनु नै परेको छ । राजनीतिक दल, समाजसेवी, पेशा कर्मी, आदिले सामाजिक छुवाछुत विरुद्धको तथा सामाजिक समानताको नारा लगाए पनि त्यस्तो व्यवहारमा देखिएको छैन । दलित र गैरदलित विच विवाह गर्दा बिचमा व्यक्तिगत घरपरिवार र समाजीक दवाबको कारण केटाले केटी मान्छेलाई छाडीदिने कारण महिलाहरु बढि जातीय उत्पीडनमा परेका छन् ।

अध्याय : तीन

अनुसन्धान विधि

३.१. अध्ययन क्षेत्र छानिनुको तार्किकता

नेपालमा सामाजिक बनावटको दृष्टिले एउटै जातजाति मात्र सघन बसोबास कमै रहेको पाईन्छ । विगतमा कृषि पेशा अगाल्ने स्थानमा प्रकार्यात्मक सिद्धान्तको आधारमा पनि धेरै जसो समाजै पिच्छे दलित जातिहरुको बसोबास रहेको पाईन्छ । फरक यति मात्र होकी अन्य जाती टार/सम्म/समतल, उर्वरा स्थानमा बस्दछन् भने दलितहरु गाउँका छेउ कुना डाँडा पखेरा उत्पादन कम हुने स्थानमा बस्दछन् । विशेषत आफू पुर्वाञ्चलको उदयपुर जिल्लाको ग्रामिण क्षेत्रमा जन्मे हुर्केकोले म सानो छदा एक जना राई केटाले सार्की केटी विवाह गरि भोजपुर देखी उदयपुरमा भगाएर ल्याएको थियो, उनीहरु भोजपुर देखि दलित विवाह गरेको कारणले नै विस्थापित भएका थिए । रामपुर ठोक्सिला, उदयपुरमा पनि उनीहरुलाई चिन्ने भोजपुरको मान्छे थियो जसले त्यो श्रीमान चाहीलाई राईसार्की भन्ने र घर भित्र छिर्न नदिने गर्दथे । समाजमा दलित भनेर हेप्ने गरेको र अझ गैरदलितले दलित विवाह गर्दा खेप्नु पर्ने असमानता देखिरहेको कारण यस विषयमा अभ्यस्त भएका हुनाले र उदयपुर जिल्लाको ग्रामिण क्षेत्रको म कर्मथलोको रुपमा विवाह पछि पुर्वाञ्चल कै खोटाङ जिल्लामा पुग्नु परेको तथा आफ्नो विवाह पछिको सम्बन्ध र एउटा दलित र गैरदलित विवाहित जोडीको विवाह पछि उनीहरुले भोग्नु परेको सम्बन्ध धेरै फरक देखिएको हुनाले आफ्नै अगाडी यी सबै घटना घटीरहेको देखिरहेको कारण यो विषय र क्षेत्र छनौट गरिएको हो ।

३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन वर्णनात्मक र विश्लेषणात्मक किसिमको छ । विवाहीत दलित र गैर दलित जोडीको विवाह पछि भोगिएका भोगाईहरु उल्लेख गरिएकोछ । सोही घटनाहरुको कार्यकारण सम्बन्ध पहिल्याउन खोजिएकोछ ।

३.३ अध्ययनको प्रकृति र श्रोतहरु

यो अध्ययन विशेषत गुणात्मक प्रकृतिको छ । दलित र गैर दलित विवाह पछि भोग्नु पर्ने समस्याहरु विश्लेषण गर्न त्यस्ता ११ जोडीहरुको जीवन कहानी उल्लेख गरिएकोछ । त्यसकारण यो अध्ययन गुणात्मक प्रकारको रहेको छ । ग्रामिण क्षेत्रमा विवाहित जोडी घरपरिवार नातेदारी, सामाजिक बहिस्कार, जातीय छुवाछुत, जातीय विभेदका कारण बसोबास तथा सामाजिक अनुकुलन नभएर सहर तथा जिल्ला सदरमुकाम केन्द्रित भएका छन् । ग्रामिण क्षेत्रमा दलित र गैरदलित विवाह गर्ने जोडी धेरै जसो शहर पसेको तथा केही बाकी रहेका जिल्ला सदरमुकाम दिक्तेल र आसपासमा बसेका हुनाले त्यस्ता जोडीहरुको जीवन कहानी उनीहरु बाटै तथ्यांक संकलन गरिएको छ । अध्ययनको श्रोतको रुपमा प्राथमिक र द्वितिय दुवै श्रोत प्रयोग गरिएकोछ । प्राथमिक तथ्यांक जीवन इतिहास, फिल्ड अवलोकन, अन्तर्वार्ता, केश स्टडीबाट संकलन गरिएकोछ । द्वितिय तथ्यांकको रुपमा जातीय विभेद, छुवाछुत ,दलित विवाह पछि भोग्नु परेका समस्या गुनासो समेटिएका पत्र पत्रिकाका, पुस्तक, लेख रचना, इन्टरनेट, प्रकासित, अप्रकासित लेख, रचना आदिबाट लिइएकोछ । विशेष गरि विभिन्न समयमा प्रकाशित भएका दलित र गैरदलित बिच भएको अन्तरजातीय विवाहलाई लिई प्रकाशित भएका दैनिक, साप्ताहिक पत्रिकाहरुका समाचार लिईएकोछ । (अनुसुची २)

३.४ नमुना छनौट विधि

यस अध्ययन गुणात्मक प्रकृति भएको कारण मुख्य तया

३.४.१ Non Probability Shampling Method: यस नमुना छनौट विधी प्रयोग गरि नमुना संकलन गर्दा अध्ययनको उद्धेश्य अनुसारको नमुना छनौट हुन्छ । जस्तो यहाँ दलित र गैरदलित विवाहीत जोडीको अध्ययन गर्दा दलित र गैरदलित विवाहीत जोडी नै छानिन्छ । विशेष गरि यो विधि गुणात्मक प्रकृतिको तथ्यांक संकलन गर्दा प्रयोग गरिन्छ । Purposive, Judgemental, Quta र Snowball sampling यसका विधीहरु हुन । यसरी Probability Shampling Method का Purposive Sampling र Snow-Ball Shampling Method प्रयोग गरिएको छ । यस अध्ययनको उद्धेश्यको लागि आवश्यक दलित र गैरदलित

अन्तरजातीय विवाह गर्ने जोडीहरु Purposive Sampling प्रयोग गरि ११ जोडीको जीवन इतिहास संकलन गरिएको छ । खोटाङ जिल्लाको विभिन्न स्थानबाट सदरमुकाम दिक्तेलमा आएका अन्तरजातीय बिवाहित जोडीको खोजी गर्न स्थातिय पत्रकार मित्रहरु र आफन्तको सहयोगमा त्यस्ता जोडीको खोजी गरिएको थियो । पत्रकार कै सहयोगबाट पहिलो जोडी सुन्दर र मनितासंग भेट गरिएको थियो । भेट पछि समाजमा जातीय छुवाछुत र विभेदको अवस्था तथा अन्तरजातीय विवाह पछि उनीहरुको घरपरिवार, नातेदारी,संघ संस्था तथा सामाजिक सम्बन्धको बारेमा तथ्यांक संकलन गरिएको थियो । त्यसै गरि Snow-Ball Shampling Method : दलित र गैरदलित विवाह गरिएका मानिस समाजमा सरल ढंगले भेट्न गाह्रो छ । विवाहित जोडीको समस्या बुझ्ने, नजिकका आफन्त भनेको त्यस्तै विवाह गर्ने जोडी नै हुन्छ । पहिलोपटक चुनिएका व्यक्तिहरुबाट अन्य विवाहित जोडिहरुको खोजि गरि नमुनाको रुपमा लिइएको छ । पहिलो जोडी सुन्दर र मनितको थियो । उनीहरुको सहयोगबाट दिक्तेलमा नै बस्ने कुमार र सुमित्राको फोन सम्पर्क दिए र उनीसंग भेटी तथ्यांक संकलन गरिएको थिया । यही प्रकृयाले अन्य ९ जोडीहरुबाट उनीहरुको जीवन इतिहास र केस स्टडी संकलन गरिएको थियो ।

३.५.तथ्यांक संकलन गर्ने तकनिकि

३.५.१.जीवन इतिहास

जीवा इतिहास त्यस्तो अनुसन्धान तकनिकि हो जसमा उत्तरदाता व्यक्तिको वास्तविक जीवनक, भोगाई क्रमानुगत रुपमा प्रस्तुत गरिएको हुन्छ (Agar :1980) । जीवन कहानीले व्यक्तिको भोगाई मात्र होईन त्यति बेलाको समाजको सामाजिक चरित्र पनि उजागर गरेको हुन्छ ।

दलित र गैरदलित अन्तरजातीय विवाह गरेर सदरमुकाम दिक्तेल नजिकको क्षेत्रमा बसेका जोडीहरुको जीवन इतिहास प्रस्तुत गरिएको छ । त्यस्ता विवाह गर्ने जोडी खोटाङ जिल्लामा पत्रकारिता गर्ने व्यक्तिहरु मार्फत सम्पर्क भयो । उनीहरुलाई फोन सम्पर्क गरि उनीहरुको कार्यस्थल, पाहेक पर्ने ठाउँमा गएर जीवन इतिहास तयार गरियो । जातीय विभेद, छुवाछुत तथा दलित र गैरदलित विवाह पछि भोग्नु परेका समस्या क्रमबद्ध रुपमा मसिना मसिना घटनाहरुलाई उल्लेख गरि ११ जोडीको जीवन इतिहास प्रस्तुत गरिएकोछ ।

३.५.२. फिल्ड अवलोकन

नेपालमा व्याप्त रहेको छुवाछुत तथा जातीय भेदभाव ग्रामिण क्षेत्रमा छुवाछुतको र जातीय विभेदको अवस्था प्रचलनमा नै हरेको देखियो । दलितहरु गैर दलितको घरमा नपस्ने, सार्वजनिक भोजभतेरमा छुटै स्थानमा बसि खाने, छोएको पानी नचल्ने, गैर दलित महिलाले दलितसंग विवाह गरेकाहरु दलित कै रुपमा रहेको देखियो । एक जोडीको केसमा उनीहरुको नानीहरुलाई मावली घर नजिक भए पनि ढाटी टाढा देखाएको पाईयो । दलितसंग विवाह गरेको छोरीसंग सम्पर्क राखेको कारण उनीहरुको समुदायले सामाजिक बहिस्कार गरेको पनि प्रत्यक्ष देखियो ।

३.५.३. अन्तर्वार्ता

गाउँका ५ जना वुद्धिजीवी, ५ जना राजनितिक दलका प्रतिनिधि, ४ जना शिक्षक, १५ युगल जोडीका घर परिवारका सदस्यहरु , ३ जना पत्रकार र २ जना गां.बि.स. सचिबहरुसंग दलित, छुवाछुत र जातिय विभेद सम्बन्धी प्रश्नहरु सोधिएको थियो । युगल जोडीका घर परिवारका सदस्यहरुमा गैरदलित पक्षसंग अन्तरबार्ता लिन असहज बाताबरण भएकोले ३ जनाकोसंग मात्र लिईएको थियो । उनीहरुको अनुसार जातीय छुवाछुत पहिले भन्दा केही कम हुदै आए पनि पुर्ण रुपमा हटि नसकेको अवस्था छ । गाउँमा अझै पनि गैरदलितले दलितहरुलाइै आफ्नो घर भित्र पस्न नदिने तथा दलितहरु पनि पस्न कोशीस नगर्ने अवस्था छ । व्यक्तिगत रुपमा खानेकुरा संगै बसी खाए पनि सार्वजनिक रुपमा छुट्टै नै बसिरहेका छन् । अरुको केसमा बोल्दा सबैले जातिय छुवाछुत र विभेद गर्न हुदैन भने पनि यदी आफ्नो घरपरिवार र नातेदार भित्र यस्तो केस परेमा सम्पुर्ण रुपमा जातिय छुवाछुत र विभेद गरिरहेको अवस्था छ । छुवाछुत र जातीय विभेदको कानुन सबैलाई प्राय थाहा भए पनि कार्यान्वयन विशेष ग्रामिण क्षेत्रमा गाह्रो भएको अवस्था हरेको पाईयो ।

३.६ तथ्यांक विश्लेषण

तथ्यांक संकलन तकनिकिहरुबाट आएका जीवन ईतिहासहरुलाई तथा अन्य उत्तरदाताबाट आएका तथ्यांकलाई एकमुष्ठ रुपमा राखिएको छ । उक्त तथ्यांकबाट निस्केका निष्कर्षको रुपमा लेखिएको छ । ति निष्कर्षहरुलाई समाजशास्त्रीय सिद्धान्तहरुको आधारमा मिहिन ढंगले दलित र गैरदलित अन्तरजातीय जोडीको सामाजिक अवस्था, सामाजिक सम्बन्धको

विश्लेषण गरिएको छ । अध्ययनलाई बढी वैज्ञानिक बनाउने प्रकाशित लेख रचना, दैनिक तथा साप्ताहिकमा छापिएका समाचारहरुको सहयोग लिइएकोछ ।

३.७ नैतिक मुद्दा

समाजमा जातीय भेदभाव र छुवाछुत संवेदनसील विषय हो । जीवन कहानी उल्लेख गर्दा उक्तदाताहरुलाई सोधेर र सहमतीमा मात्र उल्लेख गरिएको छ । जीवन इतिहास प्रस्तुत गर्दा वास्तविक नाम प्रयोग नगरी वैकल्पिक नाम प्रयोग गरिएको छ । फिल्डबाट प्राप्त भएका तथ्यहरु शोध ग्रन्थका लागि तथा वौद्धिक क्षेत्रका लागि प्रयोग गरिएकोछ ।

३.८ अनुसन्धान कर्ताको फिल्ड जादाको अनुभव

यस सोध ग्रन्थको अध्ययनको लागि कार्यक्षेत्र खोटाङ जिल्ला छानिएको थियो । यहि क्रममा मैले मेरो अध्ययनको उद्धेश्य अनुसारको दलित र गैरदलित अन्तरजातिय विवाह गरेका दम्पतिहरु खोज्ने क्रममा सबै मिति २०७० साल फागुन ०५ गते बुईपा गा.बि.स. देखि शुरु गरे । सम्पर्क भएको कारण त्यहाँ १ दम्पति भएको सुनेकोले त्यहाँ गए । तर केही महिना अगाडी नै ति दम्पती तराई तिर बसाई झरेका रहेछन् । उक्त जोडी दलित केटा र जैसी केटा रहेछन् । उनीहरुको विवाह भएको ८ वर्ष भएको र १ छोरी पनि रहेछ । छिमेकमा माईती भएको, गाउँको छुवाछुत र सामाजिक विभेदका कारण माईतीले यतिका वर्ष सम्म पनि स्विकार गरेका थिएन छन् । यी जोडीको विवाह भएको १ वर्ष नवित्दै केटीको बुवाले केटाको आमालाई खेतमा पानी लगाउने निहुँमा झगडा हुदा खुकुरी प्रहार गरि गम्भिर घाईते बनाएर जेल बसि फर्केका थिए । यहि कारणले पनि उनीहरुको परिवार मिल्ने अवस्था नदेखि उनीहरु तराई तिर बसाई गएका रहेछन् । केटाको आफन्त घर परिवारले उनीहरुको बारेमा कुरा गर्दा सकारात्मक नै कुरा गरे ।

सामान्य कुराकानी भयो तर गैरदलित केटीका माईतीहरुले कुरा गर्न चाहेनन् । मैले केही कुरा गर्ने कोशीस गर्दा अलि राम्रो प्रतिक्रिया आएन । उनीहरुलाई भेट्न सकिएन । त्यहीबाट बाम्राङ गा.बि.स. मा एक जोडी छन् भन्ने जानकारी प्राप्त भयो । त्यता तिर फागुन ०६ गते लागे । बाम्राङ पुगी खोजी गर्दा उनीहरुको विवाह भएको करिब ६ महिना भएको रहेछ । विवाह गर्ने जोडी क्षेत्री केटा र बि.क. केटी रहिछिन् । केटीको परिवारले उनीहरुको बारेमा राम्रै कुरा गरे । उनीहरु अहिले झापामा गएर बसेका रहेछन् । केटाले दलित केटी

विवाह गरेको कारण अहिले सम्म घर परिवारले बोलाएका रहेनछन् । बुवाले कहिले पनि तेरो मुख नदेखा भनेका रहेछन् । त्यही कारण उनीहरु विस्थापित भएर झापामा नै गरिखाने सोचले गएका रहेछन् । गैरदलित केटाको घरपरिवारलाई कुरा गर्न खोज्दा उनीहरुले विदेश गएको कुरा गरे । विवाह गरेको छैन भन्ने कुरा गरे । भने छरछिमेकले चाही उनले दलित केटी विवाह गरेको अनि मधेस तिर गएको नै बताए । त्यस पछि गाउँ समाज र गैर दलित संग विवाह गर्ने दलितहरुको परिवारबाट थाहा हुदै गयो की यसरी विवाह गर्ने जोडीहरु प्राय मधेस तीर नै बसाई जाने गर्दा रहेछन् । गाउँमा नै बस्नेहरु प्राय सदरमुकाम तिर नै बस्ने गरेको रहेछन् । त्यस पछि म जिल्ला सदरमुकाम तिर लागे । त्यहाँ मेरो पत्रकार मित्रहरु चिनजानमा हुनु हुन्थ्यो । मैले विशेष दमन भाई र डम्बर दाई दुई पत्रकारहरुलाई संगै भेटे । वहाँहरुको सहयोगमा जिल्ला सदरमुकाममा बसेका यस्ता दम्पतिहरुको लिस्ट तयार पारियो । जस अनुसार दिक्तेल नजिकका गा.बि.स.हरु र दिक्तेल बजारमा नै बसेका ५ जोडी प्राप्त भयो ।

विशेष मेरो अध्ययनको कार्यक्षेत्र र लक्षित समुदाय गाउँमा भएको भए पनि जातीय विभेद र छुवाछुतको कारण, सामाजिक बहिस्कारको कारण र परिवारले अस्विकार गरेको कारण बस्ने अवस्था नभएकोले उनीहरु भेटीएनन् । मैले अलि बजार र सदरमुकाम केन्द्रित हुनुपर्ने बाध्यात्मक अवस्था आयो । म संग अव ५ दम्पतीहरुको लिष्ट थियो । ति ५ मध्ये मैले रेडियोमा काम गर्ने, अलि शिक्षित र युवा पुस्ताका २ जना दम्पतीकोमा पहिले जाने विचार गरे । पहिलो जोडीकोमा जाँदा मलाई अलि सहज लागेन मनमा कौतुहलता थियो की उनीहरुले कस्ता खाले प्रतिक्रिया दिने हुन् तर मेरो असहजता उनीहरुको भेटसंगै मेटियो किन भने मैले भेटेका पहिलो जोडी खुलस्त बोल्ने र सहयोगी विचारका थिए । उनीहरुसंगको कुरा कानी पछि मलाई अन्यकोमा जान अझ सहज भयो । उनीहरुले अन्य जोडीहरु बारे थप जानकारी दिए । श्रीमान संग साथ हुदा कोही कोही अलि महिलाहरुले आफ्नो मनको कुरा खुलेर राख्न नसक्ने अवस्था भयो र एक्लै पनि भेट्ने मैले कोशीस गरे । श्रीमान नभए पछि आफ्नो र माईतीको बारेमा खुलस्त भएर बोलेका थिए । भेटेका जोडीमा प्राय प्रेम गरेर दुवैको स्वेच्छाले नै विवाह गरेकोहरुको आपसी बुझाई राम्रो थियो । जसले झुटोबोली सम्बन्ध शुरुगरे उनीहरुको सम्बन्ध तुलनात्मक रुपमा हेर्दा त्यति खुशी नभएको पाए । श्रीमान दलित श्रीमति गैर दलित भएको एक जोडीमा श्रीमति अथवा केटी आफ्नो नाम पनि भन्न डराएर बोल्न पनि त्यति मन गर्नु भएन । विस्तारै कारण बुझ्दा मलाई कुनै

पत्रकार संझनु भएछ । यदी तपाईले मेरो असली नाम ठेगाना कहि छाप्न लाग्नु भएको भए म कुरा गर्न चाहन्न भन्ने कुरा गर्नु भयो । मैले वहाँलाई मेरो अध्ययनको बारेमा सबै भने पछि र वहाँको नाम ठेगाना कहि नछापिने कुरामा विश्वस्त पारे पछि वहाँले सबै कुरा बताउनु भयो । वहाँ आफ्नो जीवनको निर्णय आफै गरेको तर आफ्नो कारणले आफ्नो बुवा आमा समाजमा बहिस्कृत नहुन भन्ने चाहना रहेको कारण बोल्न नमानेकी रहिछन् ।

दलित संग विवाहीत गैरदलित केटा वा केटीका परिवारका सदस्यहरुले यदी उनीहरुको सम्बन्धलाई स्विकार नगरेको अवस्था भएमा उनीहरुसंग यस विषयमा कुरा गर्न असम्भव नै भयो । स्विकार गरेकोमा पनि सहर्ष नभई वाध्य भई आफ्नो सन्तान काटीमार्न नमिल्ने माया लाग्छ जस्तो जे भए पनि गरि खाउन भन्ने गर्थे । जम्मा प्राप्त दम्पतीहरु ११ जोडीमा १० जोडी दलित केटा गैर दलित केटी थिए भने १ जोडी मात्र गैरदलित केटा र दलित केटी थिए ।

अध्याय : चार

तथ्यांक प्रस्तुतीकरण

दलित र गैरदलित अर्न्तजातीय विबाहित जाडीको जीवन इतिहास

जातीय छुवाछुत तथा सामाजिक विभेदको बारेमा जानकारी लिन विशेष गरि दुईवटा चरणको अवस्थालाई तथ्यांक संकलन गरिएको छ । पहिलो दलितको सामाजिक अवस्था पत्ता लगाउन दलितले बसोबास गरेको समाज, समाजको चरित्र, सामाजिक जमिनको स्वामित्व, पेशा, शिक्षा आदि भने दोस्रो दलित र गैरदलितले विवाह पछि भोग्ने सामाजिक, आर्थिक विशेष गरि घरपरिवार, साथीभाई, नातेदार, समाज संगको सम्बन्ध । यी र यस्ता विषयलाई समेट्न विवाह गर्ने ११ जोडीको बाल्यकाल देखि हालसम्मको जीवनकहानी तल प्रस्तुत गरिएको छ ।

दलित र गैरदलित अन्तर्जातीय विवाहीत दम्पतीको संक्षिप्त विवरण

क्र.स.	नाम	अध्ययन गर्दा दीईएको शिर्षक
१.	राज दर्जि र गोमा गुरुङ	ससुराली जान आट गरेनन्
२.	सुन्दर बि.क. र मनिता राई	दलितसंग विवाह गरेको कारण आफन्तको घरमा पस्न हिचकिचाहट गर्छिन मनिता
३.	कुमार रसाईली र सुमित्रा भुजेल	दलितसंग विवाह गरेको कारण माइतीले बोलेनन्
४.	सुरेस सार्की र कोपिला आचार्य	झुक्याएर दलितसंग विवाह
५.	मेघ कुमार गजमेर र सुनीता बस्नेत	छोराछोरीलाई ढाट्छिन सुनिता उनीहरुको मावलीबारे
६.	विदुर वि.क. र सुप्रित आचार्य	समाजको डरले राती राती माईती जान बाध्य
७.	रोसन विश्वकर्मा र मुना कार्की	सुत्केरी छोरीलाई आमाले दिईन रुदै आशिर्वाद
८.	मदन विश्वकर्मा र रमला खत्री	विभिन्न बहानामा दलितसंगको प्रेम सम्बन्ध छुटाउन कोशिस
९.	दुर्गा बि.क. र समला राई	दलित र गैरदलित अन्तर्जातीय विवाहीत जोडी बने जिल्लाको नै नमुना शिर्षक
१०.	विनायक गजमेर र देविका निरौला	छोरीले दलितसंग विवाह गरेको कारण माइतीलाई दुव्यवहार
११.	सुमन राई र उमा गजमेर	समाज बदल्न चाहने आफै बहिस्कृत

४.१ जिवन इतिहाँस १: ससुराली जान आट गरेनन्

हाल वर्ष ४१ ,राज दर्जी, खोटाङ जिल्ला, खार्मी गा.बि.स. वडा नं. ८, गजुरेका स्थायी बासिन्दा हुन् । पेशा कृषि नै उनीहरुको परिवारको जीविकोपार्जन पेशा थियो । जमिनको स्वामित्व ४ रोपनी पाखो बारी मात्र थियो । गुजारा गर्नको लागि उनका परिवार तथा उनी गाउँका उब्जाउसिल जमिन हुने गैर दलितकोमा बनिबुतो गर्ने गर्थे । उनीहरुको घरमा काम गर्न जादा गालि गलौज गर्ने गर्दथे । खेत बारीमा जादा संगै काम गर्न नखोज्ने, खान दिदा पनि छुट्टै स्थानमा बस्नु पर्ने तथा खादा छोइन्छकि जस्तो गर्दथे । गैर दलितहरु खाजा (नास्ता) खाएर आराम गरि केही बेर बस्थे भने दलित जातिले खाएको भाडाकुडा पनि आफै धुनु पर्थ्यो । खाना खाईसकेर सबैको जुठोभाडा गर्नु पर्थ्यो र भाडाँहरु सवै पानी सुकेर सुख्खा भए पछि मात्र प्रयोग गर्ने गर्दथे । खाईसकेर आफुले खाएको ठाउँ पनि यदि जुठो झरेमा लिप्नु पर्दथ्यो । साझ काम सकेर साहुको घरमा पनि बाहिरै बस्ने तथा खाना पनि बाहिरै दिने र खाएको भाडा आफैले माझ्नु पर्ने हुन्थ्यो । उनी सानो उमेरको हुदा साथीभाईले "डुम्रा", "डुम्राको छोरा" भन्ने गर्दथे । आर्थिक अभावका कारणले गर्दा ८ कक्षा सम्म मात्र पढ्न सकेका उनी २०५३ सालमा वैदेशिक रोजगारमा सवारी चालक कामको लागि साउदी अरब गए । वैदेशिक रोजगारीको त्यही रहदा नै साउदी अरब मै घरेलुकामदारको रुपमा काग गर्दै गरेकी, स्थायी ठेगाना रुपन्देही, हमुवा १ की गोमा गुरुङसंग फोनमा सम्पर्क हुन थाल्यो । गोमाको परिवारिक खानदान बुवा भूतपुर्व गोर्खा सैनिकका थिए । परिवारिक आर्थिक अवस्था सम्पन्न थियो । सम्पन्न हुदाहुदै पनि केही आफै कमाउ भनेर वैदेशिक रोजगारमा गएकी थिईन् । सम्पर्क हुन थालेको केही समय पछि गोमाले राज दलित भएको थाहा पाउदा पाउदै पनि प्रेम प्रस्ताब राखिन् । समाजको त्यो छुवाछुत र सामाजिक विभेद भोगीरहेका राजलाई केही असहज भए पनि गोमाले नै प्रस्ताब राखे पछि उनले प्रस्ताब स्विकार गरे । सोही सम्बधलाई २ वर्ष पछि नेपाल आएर विवाहमा परिणत गरे र उनीहरु राजको गाउँमा नै बस्न थाले । आफ्नो माईती गाउँमा गुरुङको हैसियतले सामाजिकिकरण भएर बसेकी गोमालाई दलितसंग विवाह गरेपछि भएको सामाजिक विभेद र छुवाछुतका अवस्थामा घुलमिल हुन गाह्रो भयो । किनकी उनी दलितसंग विवाह गरि आए पछि राजको गाउँको उनलाई गर्ने व्यवहार पहिले राजलाई गरिने व्यवहार जतिकै थियो । गैरदलित छरछिमेककाले "कामीसंग बाउ माईतीको इज्जत फालेर आएकी" भन्ने जस्ता कटु बचनले उनलाई अझ दुख लाग्थ्यो । यही समाजको कटु बचनको कारण उनीहरु बिच केही खटपट

भयो र आफ्नो आफ्नो खुशीमा वैदेशिक रोजगारीमा फेरी गए । गोमा घरेलुकामदारको रुपमा कुवेत गईन भने राज साउदी अरब नै गए । त्यतिबेला राजलाई अब गोमासंगको उसको बैवाहिक जिवन सकिएको जस्तो अनुभब गरेका थिए तर फेरी एक साल पछि गोमा संग फोन सम्पर्कहुन थाल्यो । ४ वर्ष पछि दुवै विदामा नेपाल आए र अव गाउँ हैन दिक्तेल सदरमुकाममा नै बस्न थाले । दुवै जनाले कमाएर ल्याएको पैसाले सदरमुकाममा ६ आना जग्गा किनेर गोमा चाहि दिक्तेलमा नै बसेकी थिईन । दित्तेल केही शहरिकरण भएको ठाउँ भएकोले पहिलेको जत्तिको छुवाछुत र विभेदको व्यवहार उनले भोग्नु परेको थिएन । दलितसंग विवाह गरेको कारण कुरा काट्नेहरुको फेरी पहिलेको जस्तै बचन सुन्न पर्थ्यो । राज विदा सकेर फेरी साउदी फर्के अनि राजले पैसा पठाउने गोमाले दिक्तेलमा घर बनाउने काम गरि घर बनाए । घर बनाई सकेपछि २०६५ सालमा नेपालमा नै अब केही गर्ने गरि राज नेपाल फर्के । नेपालमा नै बस्दा कुनै उपाय त केही गर्नु पर्यो भनि घर बेची ट्याकटर किने र डेरामा बस्न थाले । ट्याक्टरबाट आशातित फाईदा नभए पछि उनीहरुको आर्थिक समस्याका कारण दुई बिच मन मुटाब हुन थाल्यो । उनीहरुको ३ वर्षका १ छोरी र १ वर्षको एक छोरा छ । व्यवसायमा असफलताको कारण गोमामा रक्सि पिउने बानी लाग्यो । जसको कारण मनमुटाब र झगडा हुन थाल्यो । केही मात्रामा राज पनि पिउथे तर झगडाको शुरुवात गोमाले नै गर्ने गर्थिन । गोमाको माईतीमा आवत जावत राम्रो नै थियो राजलाई पनि ससुरालीले बोलाएको थियो । तर वहाँ गएर फेरी आफ्नो समाजको जस्तै विभेद छुवाछुत भए के गर्ने भन्ने भन्ने अन्योलताका कारण जान आत्मबल पाएका थिएनन् र जान सकेनन् । झगडा हुदा हुदै १ महिना अगाडी गोमाले भाईबहिनी दिक्तेल बोलाए र १।२ दिन बसि उनी र छोराछोरी सहित विना सल्लाह अब आउदीन भन्दै माईत गईन् । गोमा केही दिन रिसाएर गएको हो केही दिनमा आउछिन् भन्ने राजले सोचेका थिए तर उनको सासुले अब छोरी आउदीन भनेर १ पटक हपार्दै फोन गरेकी थिईन । अहिले राजलाई उनको परिवार टुक्रिने होकी भन्ने डर छ तर पनि राज आफ्नो परिवार मिल्ने सोचमा आशावादी छन् । गोमा संग फोनमा कुरा भएको छैन तर उनी ३ वर्षे छोरीसंग सालाको फोनमा कुरा गर्ने गर्दछन् ।

४.२ जिवन इतिहाँस २: दलितसंग विवाह गरेको कारण आफन्तको घरमा पस्न हिचकिचाहट गछिन् मनिता

हाल २३ वर्षिय सुन्दर बिश्वकर्मा, खोटाङ, खाल्ले ८, का स्थायी बासिन्दा हुन् । उनीहरुको जिवीकोपार्जनको लागि कृषि संगै पुख्यौंली पेशा फलामको सामान बनाउने तथा बिक्रि गर्ने थियो । कडा मेहनत गरि कृषि र फलामको काम गर्दा बर्ष भरि खान पुग्थ्यो । खाल्लेको पाखोबारी करिब १५ रोपनी जति सुन्दरको बुवाको नाममा थियो । दलित परिवारहरु मध्ये चाही उनीहरुको परिवार अन्य भन्दा केही सम्पन्न नै थिए । बुवाले आफू अशिक्षित भएको कारणले पाएका दुखहरु संझेर सुन्दरको दाजु दिदीहरुलाई निकै पढाउन कोशिस गरे । जसमा उनीहरुको भएको जग्गा पनि केही मात्रामा बेच्नु पर्यो । दाजुदिदीहरुले आशातित सफलता प्राप्त गर्नु भएन, जसको कारण उनीहरुको आर्थिक अवस्था विग्रीयो । गाउँघरमा छुवाछुत र जातिय विभेद थियो नै उनीहरु गैर दलितको मा मेलापाल पर्म जादा भिन्नै बस्नु पर्ने थियो । आफूले खाएको थाल भाडा मेला पात होस वा विवाह कार्जे जे मा पनि आफै धुनुपर्ने थियो । विद्यालयमा साथीभाई मिल्दा त ठिकै थियो यदी झगडा भएमा "डाग्री" भनी गाली गर्दथे । अलि ज्ञान आउने भए पछि चाही उनलाई त्यसरी एउटा अछुतको व्यवहार मन पर्थेन त्यसैले उनी सार्वजनिक भोजभतेरमा निम्तो आए पनि सकभर जादैन थिए । प्रमाणपत्र अध्ययनको क्रममा उनी सदरमुकामसंग नजिक हुन थाले पछि उनी संचार तिर चाख भएको कारण रुपाकोट सामुदायिक रेडियोमा काम गर्न थालेका थिए । काम गर्दै पढ्दै उनी आफ्नो भविष्य निर्माण तिर लागे । यही बेला उनको चिनजान स्थायी बसोबास खोटाङ रतन्छा २, मबुकी हाल २३ वर्षकी मनिता राई संग भयो । मनिताको परिवारको जिविको पार्जनको पेसा कृषि थियो । जग्गा आफ्नो बारी ५ रोपनी मात्र थियो । आफ्नो र अरुको जग्गा अधिया कमाएर वर्षदिन सम्म खान पुग्ने गर्थ्यो । दुई जनाको चिनजान पछि फोन सम्पर्क हुन थाल्यो । फोन सम्पर्कमा सुन्दरले आफू दलित भएको कुरा पनि बताए र केही महिना पछि उनले मनितालाई प्रेम प्रस्ताव राखे । सुन्दर असल केटा भएकाले मनिता पनि छुवाछुत नमान्ने सोचको भएकोले उनले प्रस्ताव स्विकार गरिन । गाउँमा व्याप्त छुवाछुतका कारण उनीहरुले सम्बन्ध गोप्य नै राखे केही आत्मिय साथीहरुले थाहा पाउदा सकारात्मक नै देखिन्थे । १ वर्षको प्रेम सम्बन्ध मनिताको परिवारले विरोध नगरे पनि गाउँ समाजको सहमति नहुने देखि २०६८ साल असोजमा भागि विवाह गरे । विवाह पछि उनीहरु सुन्दरको घरमा नै गएर बसे । मनितालाई घर बस्दा मौका मिल्नासाथ दलित संग

आएको भनि गैर दलित छिमेकीहरुले कुरा काटी हाल्ने गर्दथे । गाउँमा उनलाई अन्य दलित सरह नै व्यवहार गरिन्थ्यो त्यसैले उनी छरछिमेकमा गैर दलितकोमा आवश्यक नपरि जादिन थिईन् । विवाहको केही महिना पछि नै माइतीमा मनिताको आवत जावत भयो तर सुन्दरलाई चाहि बोलाईएको छैन । विवाहको एक वर्ष सम्म गाउँमा नै बसे सुन्दरले घरदेखि नै रेडियोको अफिस धाए । पछि उनीहरु आफ्नो पढाई र भविष्य निर्माण गाउँमा नै बसेर नहुने सोच लिई दिक्तेल बजार डेरा गरी बस्नथाले । जिविको पार्जनको लागि उनीहरुले फलफूल तथा तरकारी पसल चलाएर बसेका छन् । सुन्दर अहिले स्नातक तेस्रो वर्षको अध्ययन साथै सुन्दर लोकसेवा तयारि पनि गर्दैछन् । मनिता प्रमाणपत्र तह दोस्रो वर्ष अध्ययन गरिरहेकीछिन् । मनिता माईती जादा माईतमा मात्र जाने धेरै दिन नबस्ने गर्दछिन् । उनी भन्छिन् *"कामीसंग विवाह भएकी कमिनि घर पस्नु खोज्छे भन्लान भन्ने मनमा डर रहन्छ त्यसैले विवाह भन्दा पहिलाको जस्तो कसैको घरमा झट्ट पसिहाल्न सक्तिन । माईती पट्टिबाट कुनै पनि सामाजिक कार्यमा निमन्त्रना पनि आउदैन ।"* उनले दिक्तेल बसाईका कारण गाउँमा जतिको विभेद भोग्नु परेको छैन । माईतको आमा पनि बजार बसे पछि आउदा उनीहरुको कोठामा पस्ने गर्नु भएको छ । दाजुभाई संग पनि फोनमा बोल्ने गरेकी छन् । तर अहिले सम्म सुन्दरलाई चाहि ससुराली घरमा बोलाएर घर भित्र लगिएको छैन ।

४.३ जिवन इतिहाँस ३: दलितसंग विवाह गरेको कारण माईतीले बोलाएनन्

कुमार रसाइली, खोटाङ, पाथेका-१, डाँडा गाउँमा स्थायी बासिन्दा हुन् । हाल उनको उमेर ३८ वर्ष कुमारको परिवारको जिविकोपार्जनको मुख्य पेशा सुनचादीका गहना बनाउने पेशा थियो । जमिन स्वामित्व १० रोपनी जति थियो । जसबाट उत्पादन भएको भन्दा पनि आफ्नो पुख्यौली पेशा सुनचादीको गहना बनाउने बाट नै उनीहरुको गुजारा राम्रो संग चलेको थियो । गाउँमा छुवाछुतको अवस्था व्याप्त थियो । उनी पनि यस बास्तविकता बाट अछुतो रहन सकेनन् । उनको पनि गैर दलितको घर बाहिर सम्मको मात्र पहुच थियो । उनी भोजभतेरमा दलितको समुदायमा छुट्टै बस्थे । आफूले खाएको थालभाडा आफै माझ्नुनै पर्थ्यो । १६ वर्षको उमेरमा उनको बुवा आमाको चाहना अनुसार जात मिल्ने केटीसंग मागि विवाह भयो र १ छोरी पनि भयो । उनले एस.एल.सी उतिर्ण गरेर पुख्यौली पेशामा नै चाख देखाएकाले, यही सिप सिक्नको लागी मावली भोजपुर गए । आउने जाने क्रममा बाटोमा घर पर्ने भोजपुरको छिनामखु ८ की सुमित्रा भुजेल संग उनको चिनजात

भएको थियो । कुमारको विवाह बुवा आमाको करले गरेकाले कुमारलाई जेठी श्रीमति मनपरेको थिएन । उनलाई सुमित्रालाई देखे पछि प्रेम भयो । प्रेम प्रस्ताव राखेका थिए । जेठी श्रीमति भएको थाहा हुदाहुदै सुमित्राले कुमारलाई चिनजान हुदा मन पराएकोले दलित भएको थाहा पाएर पनि प्रेम प्रस्ताव स्विकार गरेकी थिईन । उनीहरुको सम्बन्ध सुमित्राको घर परिवारले स्विकार गर्ने अवश्था थिएन । त्यसैले ६ महिना जतिको उनीहरुको प्रेम २०५९ सालमा भागी विवाह गरे । कुमारले कान्छि श्रीमति नै भए पनि घरमा नै भित्राएका थिए । कुमारको घरमा उनी उपल्लो जातकि भएकोले उनलाई परिवारको कुनै पनि कुरामा बन्देज थिएन भएता पनि पाथेका, डाँडा गाउँको बसाई सुमित्राको एक गैर दलितको रुपमा हुर्केकी उनी दलितको बुहारी हुदा गाह्रो भयो । सधै सबैको घर भित्र सम्म भएको पहुच उनको विवाह पछि साधुरीएर गैर दलित समाजमा उनी ढोका वाहिर भईन् । विवाह भतेरमा दलितको हुलमा नै बस्न पर्ने भयो । खाएको थाल भाँडा आफैले घुन पर्यो । उनी कही पधेरा, मेलापात जाँदा उनले पानी चल्ने देखि नचल्ने सम्म अझ झन् सौता माथि आएकोमा झनै भनाईहरु खानु पर्यो । जुन कुरा उनले श्रीमान संग बाड्ने गर्थिन ॥ गाउँमा बस्न सुमित्रालाई गाह्रो भएकोले नै कुमारले सुमित्रालाई लिएर जिल्ला सदसमुकाममा नै आफ्नो शिप प्रयोग गरि सुनचादीका गहना बनाउने व्यवसाय शुरु गरे । दिक्तेल बजारको बसाई भएको कारण गाउँको जस्तो विभेद त्यस पछि सामना गर्नु परेको छैन । त्यही व्यवसाय गरि अहिले कुमारले दुई वटा घर किनेका छन् एउटामा जेठी श्रीमति र छोरी बस्दछन् भने अर्कोमा सुमित्रा, कुमार र १ मात्र छोरा बस्दछन् । विवाह पछि बाबु माईतीले उनको खोजी गरेनन् । संचारको पहुच संगै सुमित्राले नै खोज तलास गरि आमा, दाजु, भाई संग फोनमा कहिले काही कुरा हुने गरेको छ । बुवा अहिले पनि उनीसंग बोल्नुहुन्न । उनी विवाह गरेर आएदेखि अहिले सम्म माईती गएकी पनि छैनन् । *छोराले मावली सोध्दा पछि जाने कुरा गर्दै टाढ्ने गर्छिन्* । चाडवाडमा माईतीको सम्पर्क नहुदा कहिले काहि नमिठो लाग्ने उनी बताउछिन् ।

उनीहरुको अनुसार उनीहरु आफ्नो बैवाहिक जीवन समग्रमा सुखी र खुशी रुपमा विताई रहेकाछन् । विवाह पैसाको लागी गरिने हैन त्यसैले दलित र गैरदलित विवाह गर्नेलाई दिईने प्रोत्साहन रकम रु १ लाख निर्णयले विकृति ल्याउने उनीहरुको बताए ।

४.४ जिवन इतिहाँस ४: झुक्याएर दलितसंग विवाह

सुरेस सार्की, खोटाङ, इन्द्रेणिपोखरी ७, इपुका स्थायी बासिन्दा हुन् । मुख्य जिविको पार्जनको पेशा कृषि र बुवा बाजेको पालमा पुख्यौली पेशा छालाको मुढा, जुत्ता, ढोल, मादल आदि बनाउने पेशा थियो । जमिन १० रोपनी जति बुवाको नाममा लेकको पाखोबारी थियो । जसबाट उत्पादन भएको अन्न बुवाहरुले पुख्यौली पेशा मेहनत साथ गर्दा पनि वर्ष दिन खान नपुग्ने थियो । गुजारा गर्न गैरदलित हुने खानेकोमा दैनिक ज्यालादारी गरि जिवीका चलाउने गर्दथे । ज्यालादारी जाँदा पनि उनीहरु अरु भन्दा फाल्टै बस्नु पर्ने, खाना खाजा थप्दा धेरै माथिबाट फ्यात्त हालिदिने ,खाए पछि भाडाँ आफै धोएर पर छुट्टै राख्नुपर्ने थियो । साथी भाई लगायत अलि ठूला बडाले उनीहरुले भनेको भानेन भने हेला गरि "गन्धे सार्की" भन्ने गर्थे । गरिवीका कारण उनले कक्षा ८ पछि पढ्न सकेनन् । गाउँमा राम्रो आयस्रोत नभए पछि उनी रोजगारी खोज्दै २०६० सालमा काठमाण्डौ गएका थिए । काठमाण्डौमा नै उनको परिचय साथी मार्फत खोटाङ, दिक्तेल ४, ऐरी की कोपीला आचार्यसंग भयो । कोपिला घरमा जेठा भाईसंग झगडा भए पछि काठमाण्डौंमा नै बस्छु भनि काठमाण्डौं पुगेकी थिईन् । उनी गाउँ कै बैनीसंग ज्याला मजदुरी गरि बसेकी थिईन् । कोपिलाको परिवार कृषि पेशाबाट नै जिविका चलाईरहेका र आफ्नो जग्गाको उब्जनीले बर्ष भरि खान पुग्ने अवस्था भएका थियो । उनीहरु एउटै जिल्ला अनि कोपिला बोलाईली भएको कारण नजिक भए । कोपिलालाई सुरेसले प्रेम प्रस्ताव राखेका थिए तर उनले स्विकार र अस्विकार केही निर्णय दिएकी थिइनन् । सुरेसले आफ्नो जात भनेका थिएनन् सोध्दा तिमिलाई पाले भएन जात किन चाहियो भन्ने गर्थे । एक दिन कोपिलालाई भेट्न आउदा उनी एक्लै भएको पारी उनले शारिरीक सम्बन्ध राखे । त्यस पछि कोपिलाले यस्तो सम्बन्ध त भईसक्यो अव उ संग नै जिवन बिताउने निर्णय गरिन र सुरेसलाई विवाह गर्न मन्जुरी दिईन । २०६१ सालमा उदयपुर गाईघाटको कृष्ण मन्दिरमा विवाह गरि सुरेसको गाउँ गए । जब उनको घरमा पुगे तब मात्र कोपिलाले उनी दलित भएको कुरा थाहा पाईन । माईतीको इज्जत सम्झेर उनले सुरेससंग झगडा गरी लगातार ९ दिन सम्म भाग्ने कोशिस गरिन तर उसको साथ सुरेसले कसै गरि नछोडने भए । सुरेसको बुवा आमाले चाही जात ढाटी विवाह गरेकोमा निकै गालि गरे । यसरी हामी भन्दा ठूलो जात झुक्याएर ल्याउनु हुन्नथ्यो बरु उसको इच्छा छैन भने पुर्याइदे भन्ने कुरा सम्म भयो । उनले सोचिन हाम्रो नेपाली समाज

एक पटक दलितसंग गएको थाहा पाएमा के होला ? फेरी सुरेसले पनि साथ छोडे मेरो अवस्थाके होला ? विभिन्न सोचमा उनी आफु पनि गर्भवती भएको थाहा भएपछि अब जे भयो यसै संग बस्छु भन्ने अठोट गरिन् । गाउँमा बस्दा उनलाई छरछिमेक समाजले दलित संग विवाह गरेकोमा नाना भाती भने दलितलाई गरिने व्यवहार नै गरे । उनी यी सबै कुराका कारण गाउँमा बस्न नसक्ने देखेर केही महिना पछि सुरेसले फेरी उनलाई काठमाण्डौ नै डेरा गरि राखे । काठमाण्डौ गए पछि उनले आफ्नो विवाहको बारेमा माईती पक्षलाई आफैले खवर पठाई बताईन् । माईतीले खासै चासो देखाएनन् र खोजेनन् तर विवाहको २ वर्ष पछि देखि कोपिला माईत कहिले काहि आउने जाने भयो । त्यस पछिको ४ वर्ष काठमाण्डौ नै बसेका थिए । ४ वर्ष पछि उनीहरु दिक्तेलमा डेरा गरी हाल सम्म डेरामा नै जिवन निर्वाह गरि रहेका छन । उनीहरुको ३ छोरीहरु क्रमस ८,७ र ४ वर्षका छन् । *“आमा बुवाले पनि तेरो कर्ममा लेखेको नै यति रहेछ भनि उनलाई स्विकार गरे ।”* सुरेस अहिले सवारी चालक छन् । सुरेसलाई अहिले सम्म बोलाएर कोपिलाको बुवा आमाले घर लगेका छैनन् । दिक्तेल बजारमा भएका माइती पटिका आफन्तहरुकोमा घर भित्र पस्न कुनै बन्देज छैन तर गाउँमा चाही उनी अरुकोमा पस्दिनन् । जेठा भाई जो संग झगडा गरी कोपिला काठमाण्डौ गएकी थिईन उ संग चाही अहिले सम्म बोलचाल छैन । कान्छा भाईले चाही बोलाउने गर्छ । आर्थिक अवश्था आफ्नो अलि कमजोर भएकोले अहिले पनि बुवा आमाले बोलाएर अन्नहरु सहयोग दिने गर्नुहुन्छ । चाडपर्वमा मिठो मसिनो पाकेमा बुवा नत्र आमाले बजारमा डेरामा नै ल्याईदिने गर्नु हुन्छ । कोपिला काम गरेर खानु लाज नमान्ने खालकी भएकोले अहिले चटपटे पसल गछिन् । त्यो भन्दा अगाडी बजारमा भाडा माझ्ने, कपडा धुईदिने काम पनि गथिन् । विवाह भोज भतेरमा माईती पटिका आफन्तहरुले उनलाई निमन्त्रना गर्दैनन् । उनी पनि अलि छुवाछुत मान्नेहरुकोमा खासै आवत जाबत गर्दिनन् । सुरेस अलि खर्चालु र जाड रक्सि खाने उनको बानीका कारण आर्थिक अवस्थामा सुधार आएको छैन । तर अहिले सम्म खाएर आएर पनि निहु खोज्ने झगडा गर्ने चाही गरेको छैन । ३ जना छोरीहरु नै सरकारी विद्यालय जान्छन् । कमाई राम्रो भए अंग्रेजी स्कुल लगाउने उनीहरुको विचार छ । उनीहरुले विवाह दर्ता गरिसकेका छन् ।

४.५ जिवन इतिहाँस ५: छोराछोरीलाई ढाट्छिन सुनिता उनीहरुको मावलीबारे

३६ वर्षिय मेघ कुमार गजमेर, दिक्तेल गा.बि.स. वडा नं. २, त्रिवेणी चौकका बासिन्दा हुन् । जिविको पार्जनको पेशा पुख्यौलि पेशा सुनचादीको गहना बनाउने बेच्ने र कृषि थियो । जग्गा दिक्तेलमा १० रोपनी जति बारी उनीहरुको स्वामित्वमा थियो । उनी कक्षा ५ सम्म मात्र पढे पछि पुख्यौली पेशा अनि सिप सिक्न तिर नै लागे । मेघ बाल्य कालदेखि नै यस्तो छुवाछुत विरोधी विचारका केटा थिए । गैर दलित घरमा सुटुक्क पसि दहि झिकी खाने अनि निक्लदा चाहि देखिने गरी निक्लेर भाग्ने उनको बानी थियो । यसरी उनी पसे पछि कामी घरमा पस्यो भनि विभिन्न विधि पुर्याएर घर चोख्याउने गर्दथे । सामाजिक कार्यहरुको भोजभतेरमा उनीहरु अलग बसेर खानु पर्ने र खाएको थाल आफै धुनु पर्ने थियो । जुन मेघलाई मन पर्दैन थियो । त्यसैले उनी गैरदलित भोजभतेरमा जादैन थिए । उनको पहिले देखिनै गैरदलित संग विवाह गर्ने सोचमा थिए । उनी दलित र ब्राम्हण क्षेत्री विचको विवाह अन्तरजातिय विवाह मान्दैनन् उनको तर्क छ जन्मदेखी मृत्यु पर्यान्त सम्मका सम्पुर्ण कर्मकाण्ड एक, भाषा एक भएको बिचको विवाहलाई अन्तरजातिय विवाह भन्न मान्दैनन् । बरु अन्य जनजातीहरु (राई गुरुङ, मगर, लिम्बु, भुजेल आदी) संगको विवाह चाहि अन्तर जातीय विवाह मान्दछन् । दिक्तेल बजारमा नै घर भएका उनको व्यवसाय गर्दै गर्दा सोही स्थान बैंक चौक माइती घर भएकी सुनिता बस्नेतसंग प्रेम हुन पुग्यो । मेघले प्रेम प्रस्ताव राखे । सामाजिक छुवाछुत र विभेदको बाबजुद पनि सुनिताले मेघको प्रस्ताव स्विकार गरिन ।। छिमेकमा भएकोले एक अर्कालाई राम्ररी नै चिन्दथे । सुनिता प्राथमिक तहको पढाई पुरा गरेकी थिईन । उनको पारिवारीक पेशा खेतीपाती भएपनि धेरै खेतीयोग्य जमिन स्वामित्वमा भएकाले सम्पन्न परिवारकी थिइन् । बि.स. २०५४ सालमा १५ दिनको प्रेम सम्बन्ध पछि भागी विवाह गरे । मेघले सुनितालाई सरासरी आफ्नो घरमा नै भित्राए । सुनिताको परिवारले खासै सोधीखोजी गरेनन् । तर कसैले सुनिताको बारेमा सोधेमा सुनिता मरि भनेर भन्ने गर्दथे भन्ने उनले सुनेकी थिइन् । सुनिताका माईतीहरु कसैले बोलाउदैनन् । नजिकका माईतीहरु उसको बारेमा कुरा गर्न पनि चाहदैनन् । बाहिर बाटोमा जम्का भेट भएमा आमा संग सामान्य बोलचाल हुन्छ तर अन्य संग पुर्ण रुपमा नै बन्दछ । अहिले ३ छोरी १ छोरा उनीहरुको छ । कहिले काही बच्चाहरुले मावली जाने कुरा गरे यी दम्पतीले *मावली भोजपुरमा छ ठूलो भए पछि जाने भनि ढाटेने गर्दछन* । बास्तबमा चाहि करिब ५००

मिटरको दुरीमा माईती छ । साचो बताए केटाकेटी गए अनि माईतीमा पसे भने समस्या नहोस भनेर यसरी ढाट्ने गरेकाछन् । बजारको बसाई सामान्य घर खर्च चलाउन कसैको मुख ताक्नु नपर्ने हातमा सिप व्यवसाय भएको कारणले अरुकोमा जाने गर्दैनन् । छुवाछुत र जातिय विभेदको सिकार भएका छैनन् । सुनिता भन्छिन *"यदी मेरो मागि विवाह आफ्नो जात मिल्ने संग बुवा आमाले गरि दिएको भए कुल घराना नै हेर्थे होलान २/४ मुरीको विउ भएको, २/४ माउ भैसी हुन्थे होला खेतीपाती दाउरा घाँस, भकारो नसोहोरी जीविका चल्थेन होला जिवन अहिलेको जस्तो सजिलो हुन्थेन होला ।"* उनीहरु १६ वर्षका बैवाहिक जीवन सुखी खुशी रहेको बताए । उनीहरुको विवाह दर्ता पनि पहिले नै गरिसकेका छन् । विवाह दर्ताको प्रकृयामा खासै समस्या भोग्नु परेन ।

४.६ जिवन इतिहाँस ६:समाजको डरले राती राती माईती जान बाध्य

विदुर वि.क.(शंकर) अहिले बर्ष २३ का, खोटाङ, दिक्तेल १, हाट डाँडाका स्थायी बासिन्दा हुन् । जग्गा ८ रोपनी जति पाखो बारी थियो । उनको परिवारको जिविको पार्जनको पेशा बाबु बाजेले गरेका फलामको काम र कृषि पेशा थियो । उनीहरु कहि बालीघरेको रुपमा पनि फलामको काम गर्दथे यसरी दुवै पेशा गर्दा पनि वर्ष भरि खान पुग्थेन । जसको कारण ज्याला मजदुरी गर्नु पर्ने अवस्था थिया । आर्थिक अभाबका कारणले विदुरले कक्षा ७ मा नै पढाई छाडी गहना बनाउने सिप १३ वर्ष देखि सिक्दै दिक्तेलमा काम गर्न थाले । गाउँमा छुवाछुत र सामाजिक विभेद थियो । उनको आफ्नो उमेरको साथी भाईसंग त समान रुपमा नै बस्ने खाने गर्दथे तर झगडा गर्दा वा कुटाकुट गर्दा यदी दलित बालकले अर्को बालकलाई बढि कुटेमा गाउँमा रडाको नै मचिन्थ्यो । अलि पाको उमेरको उच्च जाती मानिसहरु भने छुवाछुतमा कठोर थिए । भोजभतेरमा छुट्टै बस्नु पथ्यो । आफुले खाएको थालभाँडा आफै नै धुन पथ्यो । केही पछाडी विदुरका बुवा वैदेशिक रोजगारीमा साउदी अरब जानुभयो । तर महंगो ब्याज दर सयकडा ३ ले पैसा ऋण लिएर लगानी गरी जानुभएकोले साथै न्यून तलब (मासिक नेपाली १० हजार) भएकोले उनीहरुको आर्थिक अवस्थामा केही सुधार ल्याउन सकेन । फेरी नेपाल फर्केर बुवाले आफ्नो पुख्यौलि पेशा फलामको काम लाई नै निरन्तरता दिनुभएको छ । हाल पनि पुख्यौली पेशा गरेकाछन् तर अहिले चाही गाउँमा बालीघरे भन्दा पनि बजारको लागी उत्पादन गरी बिक्रि गर्ने गर्दछन् । बिदुर दिक्तेल बजारमा रहेको त्रिवेणी ज्वेलर्समा गहना बनाउने कालीगढका रुपमा काम

गर्दछन् । उनको साथीभाई मार्फत उनले सोही गा.बि.स. वडा नं. ६, दिक्तेल बहुमुखी क्याम्पस छेउकी बासिन्दा अहिले बर्ष २२ की, सुप्रित आचार्य संग चिनजान भयो । उनी त्यस बेला कक्षा १० मा पढ्दै गरेकी थिइन् । सुप्रितको परिवारको जिविको पार्जनको पेशा कृषि पेशा थियो । बुवा वैदेशिक रोजगारीमा साउदीबाट फर्केकोले उनीहरुको आर्थिक अवस्था राम्रो थियो । आमाले होटल व्यवसाय गर्नु हुन्थ्यो जसको कारण आर्थिक अभावको सामना सुप्रितले गर्नु परेको थिएन । उनीहरु एउटै गा.बि.स.को भएकोले एक अर्कालाई अप्रत्यक्ष रुपमा चाहि चिन्दथे । त्यस पछि फोन सम्पर्क हुन थाल्यो । विदुरले फोनमा कुरा भएको २/३ महिना पछि प्रेम प्रस्ताव राखे तर प्रेम प्रस्ताव राखे पछि सुप्रितले विदुर संग ६ महिना बोलचाल बन्द गरीन । फेरी सुप्रितलाई विदुरको माया लाग्यो अनि पुन फोनमा सम्पर्क हुन थाल्यो । त्यस पछि करिव १ वर्ष प्रेम सम्बन्ध रह्यो । यस अवधिमा उनीहरुको प्रेम सम्बन्ध बहिनी र भाईलाई पनि थाहा भयो उनीहरुले खासै नराम्रो रुपमा हेरेन विशेष भाईसंग विदुरको व्यवहार मित्रवत भएकोले भाईले चाहि विदुरलाई एकदम मनपराउथ्यो । विवाह गर्नु केही दिन अगाडी सुप्रितले आफ्नो हजुरआमालाई म दलित केटा संग विवाह गर्छु भन्दा *दलित संग गईस भने बोलाउनु त के तेरो मुख पनि हेर्दिन* भनिन् । २०६७ सालमा उनीहरुले भागी विवाह गरे । विदुरले सुप्रितलाई आफ्नो घरमा नै लगे उनको परिवारले सहजै स्विकार गरे । तर प्रशासनिक केही गर्लान की भनेर डर चाहि थियो तर गरेनन् । सुप्रितलाई दलितको बुहारी हुदा परिवारमा गाह्रो भएन । तर गाउँ समाजले उनलाई पनि दलितको स्थानमा नै राख्यो गाउँमा बसिन्जेल उनी दलित कै हैसियतले रहनु पर्यो । बुवा आमाको नाक काटी, कुलको बैइज्जत गरी भनी मौका पाउने सवैले भन्ने गर्थे । यी सवै उनको लागि असहज परिस्थितिहरु थिए । सुप्रितको आमाले २ वर्ष अगाडी अर्को बिवाह गरेकी छिन् बुवा र भाई बहिनी मात्र घरमा छन् । १ वर्ष सम्म उनलाई परिवारले बोलाएनन् त्यस पछि बुवाले बोलाउनु भयो । छुटाउने उद्धेश्यले बुवाले बोलाएका थिए । धेरै पटक माइती बोलाएर, खर्च दिएर तराईमा रहेको सानीआमाकोमा जा उतै पढ भने तर हरेक पटक माइती देखि त हिडिन र विदुर कहाँ नै गईन । यसरी उनीहरु नछुट्ने बुवाले थाहा पाए पछि अहिले बुवाले पनि स्विकार गरेकाछन् । अहिले सुप्रित र बिदुर बजारमा डेरा लिएर बसेका छन् । बजार आउदा सुप्रितको बुवा उनीहरुको कोठामा पस्ने खाना खाने गर्नु हुन्छ । सुप्रितले भनिन् उनी माईती जान्छिन नजिक नै भएकोले *साँझमा माईत जाने घरमा सदाझै नै पस्ने बस्ने गर्छिन अनि विहान चाडै अरुले नदेख्ने गरि नै फर्किन्छिन ।*

किनकी सुप्रितको बुवालाई दाजुभाईले दलित छोरी ज्वाई भित्राएका कारण माईती पक्षलाई सामाजिक बहिस्कार गर्छन भन्ने डर छ । माईती घरको संग राम्रो नै सम्बन्ध भएर पनि विदुरलाई उनको ससुरालीले एउटा सामान्य ज्याईको रुपमा दलित भएकै कारण बोलाएर लानसकेकी छैनन् । बुवा बाहेकका ठूलो बुवाको परिवारहरु र अन्य सबै माईतीको दाजुभाईले कसैले पनि उनलाई बोलाउदैनन् र चाडपर्व, विवाहहरुमा उनलाई बोलाईदैन । हजुर आमा वितिसक्नु भयो उहाँले बाचिन्जेल सुप्रितलाई हेरीनन् बोलाइैनन् । छर छिमेकमा गैर दलितको घरमा जानेकाम परेमा सकभर बाहिरबाट नै काम सकेर आउने कोशिस सुप्रित गछिन् । अहिले सदरमुकाम बसाई भएकोले त्यति धेरै गाउँमा जस्तो विभेद अनुभव गरेकि छैनन् । विदुर पनि जाड रक्सि खादैनन् । विदुर दिक्तेलको अहिले पनि सोही गहना पसलमा काम गर्दछन् । विदुरको मासिक कमाई न्युनतम २० हजार देखी उच्चतम ३५ हजार सम्म हुन्छ । उनीहरुको बैवाहिक जिवन सफल र सुखी देखिन्छ । तर उनले भनिन् *"जातिय छुवाछुत र विभेदमा केही परिबर्तन हुन सकेको छैन ।"*

४.७ जिवन इतिहाँस ७:सुत्केरी छोरीलाई आमाले दिईन रुदै आशिर्वाद

हाल २३ वर्षिय रोसन विश्वकर्मा खोटाङ, वाप्लुखा ८, मुखिताङका स्थातीय बासिन्दा हुन् । जिविकोपार्जनको मुख्य पेशा कृषि र पुख्यौली पेशा फलामको सामान बनाउने पेशा थियो । जमिनको स्वामित्व कम उत्पादन सिल जग्गा ४ रोपनी पाखोबारी थियो । जसबाट उत्पादन भएको अन्नले वर्षभरि खान पुग्दैन थियो । गुजारा गर्नको लागि गाउँमा हुनेखाने गैर दलितको घरमा जानुपर्थ्यो । उनीहरुकोमा श्रम गर्न जादा पनि दास जतिकै व्यवहार गर्ने गर्थे। खाना खादा उनीहरुको घरमा भएको खाटमा बस्न नहुने भुइमा बसेर खानु पर्थ्यो । यसरी आर्थिक अवस्था कमजोर भएको कारणले नै पढ्ने चाहना हुदाहुदै पनि कक्षा ८ मा नै आफ्नो पढाई छाडेका थिए । उनी रोजगारीको सिलसिलामा झापा तिर गए र सुनचादीका गहना बनाउने सिप सिकी काम गर्दै थिए । यसरी काम गर्दा गर्दै उनको स्थायी ठेगाना शान्तिपुर ३, इलामकी मुना कार्कीसंग परिचय भयो । उनी झापामा नै शिक्षा संकाय नेपालीमा स्नातकमा अध्ययन गर्दै थिइन । मुनाको परिवारको जिविकोपार्जनको पेशा कृषि थियो साथै बुवा सरकारी विधालयमा शिक्षक थिए । मुनाको आर्थिक अवस्था सम्पन्न थियो । मुना र रोशनको फोनमा कुरा हुन थाल्यो । रोशनले आफु दलित भएको कुरा पनि मुनालाई भनि सकेका थिए । केही समय पछि रोसनले प्रेम प्रस्ताव राखे र मुनाले रोसन दलित हो

भनेर थाहा पाउदा पाउदै पनि स्विकार गरिन् । बि.स. २०६६ सालमा ६ महिनाको प्रेम पछि उनीहरुले भागी विवाह गरे । रोसनले उनलाई आफ्नो घरमा भित्राए उनी उपल्लो जातकी भएकोले घरमा घुलमिल हुन खासै समस्या भएन । तर उनले गाउँमा नाना भाति कुरा सहनु पर्यो । कामीसंग आएकी भनेर समाजले तल्लो जातलाई गर्ने व्यवहार नै गरे । केही वर्ष उनीहरु गाउँमा नै बसे तर गाउँमा बसेर फेरी ज्याला मजदुरी मात्र गरेर जिविका नचल्ने भयो । गाउँमा उनको सिपको केही काम भएन जसको कारण उनीहरु सदरमुकाम दिक्तेलमा रोजगारीको लागि डेरा दिई बस्न थाले र अम्बागाछी गहना पसलमा रोसन काम गर्दछन् । उनको मासिक कमाई २० देखी ३० हजार हुन्छ । उनीहरुको २ वर्षका १ छोरा छ । त्यसबेला देखि हाल सम्म मुनालाई उसको घर परिवारले सम्पर्क गरेको छैनन् । मुनालाई आमासंग बोल्न मन लागेर फोन गरे पछि मुनाको आमासंग सम्पर्क हुने गरेको छ । माईती पक्षमा बुवाले मुनालाई सम्पर्क नगर्नु, नसोध्नु, नखोज्नु भन्ने पारिवारिक निर्णय भए पनि आमासंग फोनमा कुरा भए पछि मुना सुन्केरी हुदा करिब २ वर्ष अगाडी विराटनगर हस्पिटलमा बुवा र आफन्त देखि लुकेर आमा भेट्न आएकी थिईन् । भेट भयो आमाले रुदै गाली गर्नु भयो अनि तैले जात फालीहालिस् तेरो कर्म यस्तै रहेछ राम्ररी गरिखानु भन्ने आशिर्वात दिइन् । अहिले पनि आमा र बैनीहरुसंग घरको बुवा र भाईहरुले थाहा नपाई फोनमा कुरा गर्ने गरेकोछ । उनीहरु बाहेक अन्य कसैसंग मुनाको सम्पर्क छैन । मुना कसैसंग आफ्नो माइती पटिको कुरा गर्न रुचाउदिनन् माईतीको इज्जत जाला भनेर डराउछिन् । कति जना आफन्तलाई त उनको विवाह भएको पनि थाहा पाएको छैनन् । उनले भनिन् *अहिले आएर समाज र आफन्तले यति धेरै तिरस्कार गर्दा नेपाली समाज यति कठोर छ जस्तो उसलाई लागेको थिएन* । उनी चाडपर्व आउदा माईती संझिन्छिन् । आफ्नो श्रीमान र बैवाहिक जिवनमा खुशी छन् । अहिलेको बसाई सहरमा भएकोले कसैले केही नभनेको तर गाउँ जाँदा मौका मिल्दा विशेष मुनालाई दलित संग आएको भनेर विभिन्न कुरा सुन्नु पर्छ । त्यसैले उनी कसैकोमा जादिनन् । कसैको घरमा पहिले कै हैसियतले पस्न हिचकिचाउछिन् । उनीहरुलाई सरकारले दिने प्रोन्साहन रकमको बारेमा त थाहा भएको तर त्यहाँ जादा निवेदन दिदा समाचार बनिएला अनि माइतीको इज्जत जाला भनेर डरको कारण गएनन् ।

४.८ जिवन इतिहाँस ८: विभिन्न बहानामा दलितसंगको प्रेम सम्बन्ध छुटाउन कोशिस

स्थायी बसोबास खोटाङ, दिक्तेल ४ का मदन बिश्वकर्मा (घिमिरे) उनी अहिले २५ वर्षका भए । जिविकोपार्जन पेशा बुवाले पुख्यौंली पेशा फलामको काम गर्ने र कृषि पेशा थियो । जग्गाको स्वामित्व ५ रोपनी बारी थियो । त्यहाँ उब्जेको अन्नले वर्ष भरि खान पुग्दैन थियो । गुजारा चलाउन र कृषिमा पनि गाउँमा पर्म गर्ने चलन भएको कारण अरुकोमा पनि काम गर्न जाने गर्थे । मेलापात जादा कामी भनि हेप्ने गर्दथे । उनीहरु मेलामा पनि छुट्टै बसेर खाने गर्थ्यौं । खाएको भाँडा आफै धुन्थे । गैरदलितकोमा घर भित्र पस्न दिईदैन थियो । मेला पात र विद्यालय केही मन मुटाब भएमा गैर दलित साथीभाईले कामी भनेर विभिन्न उपनामले बोलाउने गर्दथे । उनले आफ्नो पढाई निरन्तरता दिदै दिक्तेल बहुमुखी क्याम्पस प्रमाण पत्र तह अध्ययन गर्दै थिए । त्यही बेला उनको चिनजान दिक्तेल २, की रमला खत्री संग भयो । रमलाको पारिवारिक जिविको पार्जनको पेशा कृषि थियो । जग्गाको स्वामित्व २० रोपनी उब्जाउसिल खेत साथै ५ रोपनी बारी पनि थियो । त्यहाँबाट उत्पादीत अन्नले वर्षभरि राम्रोसंग खान पुग्थ्यो । चिनजान पछि उनीहरु एकअर्कालाई मन पराउन पनि थालेका थिए । त्यही बेला मदनले रमलालाई प्रेम प्रस्ताब राखे । एक अर्काको बारेमा एउटै गा.बि.स.को भएका कारण भनिरहनु पर्ने थिएन । मदन दलित भनेर थाहा पाएर पनि रमलाले उनको प्रेम प्रस्ताब स्विकार गरिन । उनीहरुको प्रेम सम्बन्ध करिब ६ महिना रह्यो । प्रेम सम्बन्ध रमलाको परिवार कसैलाई थाहा भएन । उनीहरुले पनि गोप्य राख्न नै ठिक संझे । रमलाका परिवारले स्विकार गर्ने कुरा नै थिएन त्यसैले वि.स. २०६० सालमा भागेर विवाह गरे । गाउँमा बस्ने स्थिति भएन र भागेर उनीहरु तराई जादै थिए । जादाजादै रमलाको माइती पक्षले रमलाको विवाह गर्ने उमेर नपुगेको भनि जिल्ला प्रहरि कार्यालय खोटाङमा बाल बिवाहका जाहेरी दिएका थिए । प्रहरी र माइती पटिको सक्रियतामा उनीहरुलाई उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा पक्राउ गरेका थिए । ३ दिन पुर्पक्षको लागि थुनामा राखेका थिए । यहि क्रममा दिक्तेलका छुवाछुत र जातिय विभेदका विरुद्धमा सक्रिय रहदै आएका गंगा विश्वकर्मा पनि संयोग बस त्यही पुगेका थिए । माइती पटिका संग केटी नाबालिक भएकाले केटा बाल विवाहको कारवाहीमा पर्ने भएको कारण केटीको उमेर पुगिन्जेलको लागि छुटाउने सर्तमा प्रहरीबाट छुटाईयो । रमलालाई माइतीले काठमाण्डौ पुर्याए र मदन घर फर्किए । फेरी रमला र मदनको सम्पर्क हुन थाल्यो र ३

महिना पछि पुन रमला र मदन एक भए र गाउँको मदनको घरमा नै गएर बसे त्यस पछि भने माइती पटिको कसैले सोधीखोजी गरेनन् । गाउँमा चिनेजानेकाले कामीसंग विवाह गरी रमलाले बाउमाईतीको नाक काटेकी जस्ता कुरा उनले सुन्न पर्यो । मदनको परिवार र आफन्तले रामै व्यवहार गरे । तर गैर दलित समुदाय विशेष आचार्य गाउँको विचमा रहेको उनीहरुको घरमा रमला बुहारी भएर बस्न समाजका कारण गाह्रो भयो । आचार्यहरुको बाक्लो बस्ति बिच दलितको बुहारी क्षेत्रीकी छोरी घर बाहिर निस्कदा समाजले उनलाई दलितको नै दर्जामा राख्यो यही कारण उनी प्राय घरबाट बाहिरको काममा कमै जान्थिन् र परिवारले पनि खासै पठाएनन् ।१६ महिना जति गाउँमा बसेपछि उनीहरुले दिक्तेल बजारमा किराना पसल चलाउने सोच लिए । दलित भएकै खाली भएको १२ वटा घर चहार्दा पनि गैरदलित विशेष नेवारको घरमा भाडामा बस्न दिएनन् । अन्तत एक तामाङको घरमा डेरा दिए र पसल सुरु गरेका थिए । उनी खासै बजारमा पनि गैरदलितको घरमा जादिनन् । काम परेमा सकभर बाहिर बाटै सकेर आउन चाहन्छिन् । उनी विवाह पछि समाजमा दलितको रुपमा नै हेरिएकि छिन् शहरतिर र उदार साथीहरु संगै बसेर खाने तर उनीहरुको घर विशेष गरि गाउँको घर भित्र कहिल्यै बोलाएर भित्र जाउँ भन्दैनन् अहिले सम्म रमलाको माईती पटिका कसैले पनि बालाउदैनन् र दिक्तेल बजारमा रहदा बुवा आमा यदि उनको किराना पसल अगाडीबाट हिडेमा त्यता पटि नहेर्ने टाउको अर्को पटि फर्काएर हिड्ने गर्थे । उनको माइतीसंग केही सम्पर्क छैन । कहिले काही उनलाई पनि माईतीको याद आउछ छोराले मावती सोध्दा टाढा छ भनि ढाट्ने गरेकिछिन् । विवाह पछि उनले ११/१२ कक्षाको आफ्नो पढाई पुरा गरिन् । बजारमा बसोबास भएको कारण छुवाछुत र विभेदको अनुभव केही कम भयो । अहिले उनीहरुको ८ वर्षको १ छोरा छ । मदन करिब ४ महिना अगाडी वैदेशिक रोजगारमा मलेसिया गए भने रमला दिक्तेल चारको आफ्नो घरमा नै किराना पसल नै गर्दैछिन् । उनीहरुको वैवाहिक जीवन सुखी देखिन्छ ।

४.९ जिवन इतिहाँस ९: प्रोत्साहन रकम वितरण प्रकृया झंझटिलो

दुर्गा ब.बि.क, खोटाङ, दिक्तेल ७ सोल्माका स्थानीय बासिन्दा हुन् । परिवारको जिविकोपार्जनको पेशा कृषि पेशा थियो । कम उब्जाउसिल १० रोपनी जति र अन्य गैरदलित हुने खानेहरुको जग्गा अधिया गर्दा पनि वर्ष भरि खान पुग्दैन थियो । गाउँमा मेलापात जादा साथीभाई गैर दलित भए छुटै बसेर खानु पर्ने अवस्था नै थियो । साथीसाथी

बिच झगडा भए अरुले जिते सामान्य रुपमा हेरिन्थ्यो भने आफूले जिते निकै ठूलो घटना नै घटे जस्तो साथीका बुवा आमा गाउँ समाज नै भेला गरिन्थ्यो । स्कुलमा यदी अरु भन्दा तिक्ष्ण खेलमा होस या पढाईमा भएमा आखाको तारो नै भइन्थ्यो । दुर्गा सानै देखि पढ्न चाख लिन्थे । कृषि पेशा गर्दै नै उनले प्रमाण पत्र तह सम्मको पढाई पुरा गरका थिए । उनी सक्रिय खाल्का युवा थिए । यसरी अध्ययन गर्दा गर्दै उनी रुपाकोट सामुदायिक रेडियोमा आवद्ध भई काम गर्न थाले । यही क्रममा उनको सहकर्मी खोटाङ, बाम्राङ १, संखुकी समला राई संग चिनजान र सामिप्यता भयो । यही सामिप्यताका बिच दुर्गाले प्रेम प्रस्ताव राखे, दुर्गाको दलित हुनुको बास्तविकता थाहा भएर पनि समलाले दुर्गा असल केटा भएको र आफुले पनि मन पराउने भएकोले स्विकार गरिन् । समलाको परिवारिक पेशा कृषि थियो । आफ्नो स्वामित्वमा भएको जग्गाको उत्पादनले जेनतेन वर्ष भरि खान पुग्थ्यो । समला दिक्तेल बहुमुखी क्याम्पसमा स्नातक अध्ययन गर्दै रुपाकोट रेडीयोमा पनि काम गर्थिन । दुर्गाको चाहि सानै देखि आफ्नो जात विवाह नगर्ने सोच रहेको थियो । समलाले चाहि कुनै त्यस्तो सोच लिएको थिइनन् । समला प्रेममा परेपछि उनलाई यो जातिय विभेद केही जस्तो लागेन र स्विकार गरिन । करिब ६ महिनाको उनीहरुको प्रेम सम्बन्ध कसैले थाहा पाएनन् । उनीहरुले २०६६ सालमा विवाह गर्ने निर्णय गरेर सामुदायिक रेडियोका सहकर्मीहरुलाई भनेर सार्बजनिक रुपमा नै प्रेम विवाह गरे । रुपाकोट सामुदायिक रेडियोले विवाह गरेको दिन नै शुभकामना पनि प्रशारण गर्यो । दुर्गाले समलालाई आफ्नै घरमा नै लगि भित्राए घरमा सहज रुपमा नै समला घुलमिल भईन । गाउँमा सार्वजनिक कार्यमा उनीहरुलाई अहिले सम्म गैरदलितसंग बसेर खान दिईदैन । मेलापात जादा घर बाहिर गैरदलित साथीसंग संगै बसेर खादा सम्म हुन्छ तर घर भित्रै चाहि पसेको छैन र उनीहरुले पसाएका पनि छैनन् । विवाहको २ महिना पछि देखि समलालाई माइतमा बोलाए र उनी जाने गरेकी छिन् । तर अहिले सम्म दुर्गालाई ससुरालीमा बोलाएका छैनन् बाटोमा भेटघाट हुदा बोलचाल चाहि रहेको छ । समलाको बुवा आमाले पहिले गाली गरेनी अहिले फरक व्यवहार गर्नु भएको छैन । तर समलाको ठूलो बुवा चाहि यो जातिय विभेदको बारेमा कडा स्वभावको हुनुहुन्छ बहाँले चाहि स्विकार गर्नु भएको छैन । माईत जादा धेरै बस्दिनन् अरुकोमा पनि पसेकी छैनन् त्यसैले व्यवहार फरक अनुभव गरेकी छैनन् । माइती तर्फको भोजभतेर र विवाहमा उनलाई निम्तो आउदैन । घर छिमेकमा पनि अन्यको घरमा धेरै नजाने भएको कारण जातिय विभेद र छुवाछुतको तितो अनुभव बटुलेकी छैनन । तर पनि

केही हद सम्म फरक अनुभव गरेकी छन् । अहिले उनीहरु आधुनिक व्यवसायीक कृषिमा लागेर जिल्लामा नै नमुना कृषक बनेर देखाउदैछन। जिल्लामा पहिलो पटक सिताके च्याउ उत्पादन तथा तालिम प्रदान गर्ने यी जोडी नै हुन् । अन्य तरकारी खेती र कन्ये च्याउ व्यवसायीक उत्पादन उनीहरुको रहेकोछ । त्यस बाहेक दुर्गा जिल्लामा संचालिन दिगो भूव्यवस्थापन कार्यक्रममम्मा कृषि परामर्सदाताका रुपमा पनि काम गरि रहेका छन् । उनीहरु एक सफल र नमुना दम्पतीको रुपमा जिल्लामा नै चिनिएका छन् ।

४.१० जिवन इतिहाँस १०: छोरीले दलितसंग विवाह गरेको कारण माईतीलाई दुव्यवहार

५८ वर्षीय, विनायक कुमार गजमेर पुर्ख्यौली घर दुवेकोल २, हाल दिक्तेल २ का स्थानिय बासिन्दा हुन् । उनको जिविको पार्जनको पेशा कृषि थियो । आफ्नो स्वामित्वमा भएको जग्गामा उत्पादीत अन्नले वर्ष भरि खान पुग्ने थियो । उनको बुवा ज्यादै धर्मकर्ममा विस्वास गर्ने र दलितहरुका पुरोहित थिए । पुरोहित नै भए पनि गाउँ समाजमा गैरदलित वा उपल्लो जातसंग छुवाछुतको अवस्था कठोर थियो । उपल्लो जातको घरमा गएमा भुईमा बस्नु पर्ने, छुट्टै बसेर उनीहरुको घर बाहिर नै बसेर खानु पर्ने, खाएको भाँडा आफैले माझेर छुट्टै राख्नु पर्ने, गैरदलित साथीहरुले हेप्ने दलित भनेर विभिन्न नामले बोलाउने, जिस्काउने गर्थे । विनायकले कानुन विषयमा स्नातक सम्मको अध्ययन पुरा गरेका छन् । कानुनको पढाई सकेर गाउँ फकिए पछि उनले सानै देखि छुवाछुत नमान्ने भएका कारण उनले गैरदलित विवाह गर्ने सोचमा थिए । यही बेला उनको आफ्नो गाउँकै देवीका निरौला संग चिनजान भयो । देवीका ब्राम्हण सम्पन्न खानदानकी कक्षा ७ सम्म पढेकी थिईन् । केही दिनको चिनजानमा बि.स.२०३४ सालमा नै विनायकले देविकालाई भगाएर दिक्तेल ल्याई घरजम गरेका थिए । गाउँ फर्कने अवस्था थिएन । बिनायकले ब्राम्हण केटी भगाएको कारणले स्थानिय गैर दलितको हातबाट विनायकका बुवाले निर्घात कुटाई खानु परेको थियो । त्यही भएर उनीहरु सदरमुकाम दिक्तेलमा नै डेरा गरी बस्न थाले । विनायकले भने "उनीहरु सदरमुकाममा नै उनीहरु सुरक्षीत छन् किनकी जातिय छुवाछुत वि.स. २०२० सालको मुलुकी ऐनले उन्मुलन गरेको थियो ।" विनायकले आफ्नो पढाई अनुसारको कानुन व्यवसायीको रुपमा काम गर्न थालेका थिए । देविकाको माईतीले केही महिना बोलाएका थिएनन् । *देविकाले दलित संग विवाह गरेको कारणले देविकाको माईती परिवारलाई आफ्नै दाजुभाईले वहिस्कार गरेर दाजुभाईले आफ्नो कुल गोत्रबाट काढेका थिए ।* दाजुभाईले

त्यसो गरेपछि चाहि देविकाको माईतीसंग सम्पर्क हुन थाल्यो र दिक्तेल आउदा देविकाका भाईहरु त्यहाँ पस्ने गर्न थालेका थिए । देविका फर्केर माईती अहिले सम्म गएकी छैनन् । दिक्तेल बजारमा बसाई भएरै पनि दलित संग विवाह गरेको भनि पछाडीबाट कुरा काट्ने गर्छन् । बजारमा भए पनि अन्य गैरदलित संग सम्पर्क कम छ । अहिले उनीहरुको ३ छोरी १ छोरा छन् । उनीहरुको दिक्तेल बजारको समाजमा बैवाहिक जीबनको शुरुदेखि अहिले सम्मको ३६ वर्षको अनुभबमा छुवाछुतको अवस्थामा धेरै लचकता आएको बताएका थिए । विनायकलाई पहिले खासै गैर दलितको भोजभतेरमा कमै बोलाउथे अव उनी स्थापित वकिल पनि भईसकेका कारण पहिलेको तुलनामा बढि निमन्त्रना आउने गर्दछ । उनी जहाँ गए पनि अन्य गैरदलित सरह नै उपस्थित हुन्छन् । उनलाई कसैले पनि तिमी दलित हो भनेर ढोका बाहिर नै रोकेको र तपाई यहाँ नबस्नुस् भनेको अनुभब नभएको बताउछन् । विनायकलाई भन्दा देविकालाई छुवाछुत र विभेद गरेको अनुभब अलि बढि रहेको छ । किनकी उनी गैरदलित त्यसमा पनि ब्राम्हण परिवारमा हुर्केकी त्यो पनि आज भन्दा ३६ वर्ष अगाडीको समाजमा दलित संग विवाह गरेकी महिला तर पनि उनी श्रीमान आफूलाई बुझ्ने खाल्का भएका कारण उनीहरुको संधर्षसिल जिबन सहजरुपमा यहाँ आईपुगेको बताएकी थिईन् । उनीहरुको कान्छी छोरी उमाले राई जातीका केटा सुमन राई संग अन्तरजातीय प्रम विवाह गरेका छन् ।

४.११ जिवन इतिहाँस ११:समाज बदल्न चाहने आफै बहिस्कृत

खोटाङ, बाम्राङ ५,सामातुङका सुमन राई स्थानिय बासिन्दा हुन् । उनको परिवारको जिविकोपार्जनको पेशा कृषि साथै बुवा भुतपुर्व गोर्खा सैनिक थिए । उनीहरुको परिवार सम्पन्न थियो । नेपाल विद्यार्थी संघको राजनीति गर्ने सुमनले मानविकि संकाय तर्फ नेपाली र पत्रकारीता विषयमा स्नातक सम्मको अध्ययन पुरा गरेका छन् । काठमाण्डौको स्नातक अध्ययन र बसाई पछि रोजन दिक्तेल फर्केका थिए । उनी बाम्राङ घरमा भन्दा दिक्तेल बजारमा नै मावली घर भएको कारण धेरै बस्ने गर्दथे । खोटाङ जिल्लाको सदरमुकामा भगवती सहकारीमा व्यवस्थापक सुमनको मामा हुनुहुन्थो । त्यहाँ आवत जावत हुने क्रममा दिक्तेल २, की उमा गजमेर त्यहाँकी एक कर्मचारी संग सुमनको २०६६ सालमा चिनजान भयो । उमा जिल्लाकै स्थापित वकिलकी छोरी हुन् । उनको आमा ब्राम्हण खानदानकी हुन् । उनी दिक्तेलमा नै जन्मि हुर्केकोले साथीभाई देखि छरछिमेकमा विभेदको अनुभव धेरै रह्यो ।

बजारको पनि गैर दलित साथीहरुकोमा कोही कोहीले बुवा आमा नभएको बेला लुकाएर पसाएको बाहेक खासै पस्न पाएकी थिइनन् । खुबै मिल्ने साथी भए पनि उनको बुवा आमाले *"हेर न हेर कमिनीको संगत गरेकी"* भनेर उनीहरुलाई गाली गर्दथे । उमाले मानविकि संकायबाट स्नातक गरेकी छिन् । पारिवारीक पेशा वकालत पेशा नै थियो । यसरी हलेसी सामुदायिक रेडियोको उद्घाटन कार्यक्रममा दुवैको सक्रिय सहभागिताका कारण उनीहरुको सामिप्यता बढ्यो र फोनमा कुरा हुन थाल्यो । सुमनले उमालाई मनमनै मन पराएका थिए । फोन सम्पर्क भएको १ महिना पछि सुमनले नै उनलाई प्रेम प्रस्ताव राखे । उमाले केही दिन सोचेर प्रस्ताव स्विकार गरिन । सुमन सानै देखि जातिय छुवाछुत नमान्ने र यसको उन्मुलन व्यवहारमा पनि हुनुपर्छ भन्ने सोच राख्ने खाल्का युवा भएको कारणले उनलाई उमासंगको आफ्नो प्रेम प्रस्ताव राख्न केही हिचकिचाहट भएको थिएन । यो प्रेम सम्बन्ध भएको ६ महिना जति पछि उनीहरुले विवाह गर्ने निर्णय गरेका थिए । जसमा उमाको परिवारको सहमति नै थियो तर सुमनको परिवारबाट सुमनको बुवा आमा स्वर्गिय भएकोले मुख्य भुमिका ६ दाजुभाई र २ दिदीहरुको घर परिवारमा राख्दा उनीहरुबाट *"यसरी दलित नै विवाह गर्दा तिमीलाई केही फरक नपर्ला तर हामी दाजुभाईलाई समाजमा अप्ठ्यारो पर्छ ।* भन्ने विचार सहित विवाह नगर्न दवाब दिएका थिए । यही क्रममा पहिलो *संविधान सभामा समानुपातिकबाट सभासद भएका एक सुमनको दाई नाता पर्ने व्यक्तिले यो विवाहले इज्जत जाने सोचेर रोक्न निकै ठूलो प्रयास गरेका थिए* तर सफल भएनन् । सुमन परिवर्तन आफुबाट नै शुरु गर्नु पर्छ भन्ने विचार राख्दथे । उनीहरुले विवाह गर्ने त निर्णय गरे तर यसरी दलितसंग अन्तरजातिय विवाह गर्नेमा १ दम्पतिको संख्यामात्र थप्ने सोचमा थिएनन् । यो विवाहलाई जातीय छुवाछुत र सामाजिक विभेदलाई सामाजिक रुपान्तरणको एउटा नमुनाको रुपमा अगाडी बढाउने प्रयास गरेको थिए । नेपाली कांग्रेस पाटी सभापति र अहिलेका प्रधान मन्त्रि सुसिल कोईराला लगायत समाजमा परिवर्तन चाहने विशेष जातिय छुवाछुत नमान्नेहरु र संचारकर्मीहरु करिब २०० जनाको उपस्थितिमा विवाह गरे । तर सुमनको आफ्नो परिवारको कोही पनि आएनन् । राष्ट्रिय दैनिक सबै पत्रिकाहरुले यो विवाह छापेको थियो । विवाह पछि उनी दिक्तेलमा नै उमाको घरमा नै बस्दै आएका थिए । उमालाई बुहारिको रुपमा स्विकार गर्ने पक्षमा सुमनका केही दाजुभाई भएको भए पनि दाजुभाईलाई समाजमा अप्ठ्यारो नपरोस भनेर सुमनले आफ्नो संगोलमा रहेका दाजुको घरमा लान सकेनन् । दिक्तेलमा बस्दा गाउँको विभिन्न भोजभतेरमा छुवाछुत

नमान्नेहरुले उनलाई पनि निम्तो गर्दछन् भने जो छुवाछुत मान्दछन् उनीहरुले निम्तो पठाउदैनन् । यसरी निम्तो पठाउने र नपठाउनेमा बराबरी संख्या रहेका छन् । उनी अहिले काठमाण्डौमा निर्माण व्यवसायीको रुपमा कामगर्दै जिविका चलाईरहेका छन् । अहिले गाउँमा गएर बस्ने अवस्था छैन तर पछि गाउँमा नै गएर बस्ने उनले सोच बनाएका छन् । उनको पैत्रिक सम्पतिमा हक छ तर बाटफाट गरेका छैनन् । विवाह पछि विवाह दर्ता गरि सरकारले निर्णय गरेको दलित विवाह गर्नेले पाउने प्रोत्साहन रकम उनीहरुले सिधै एउटा संस्थालाई दिने निर्णय गरेका थिए । प्रकृयामा पनि गए तर सरकारबाट प्राप्त गर्न सकेका छैनन् । प्रकृयामा जान पनि एउटा सर्वसाधारणलाई गाह्रो भएको कुरा उनले बताए । दलित विवाह गरेको कारण गाउँ निकाला हुने अवश्थामा उक्त जोडीले गाउँ विकास समितिमा गएर प्रमाणित गर्नुपर्ने दुवै पक्षको मान्छे चाहिने आदि झमेलाले गर्दा यो पहुच भन्दा वाहिरको कुरा भएको उनले बताएका थिए । उनीहरुको हाल १ वर्षको १ छोरो छ । उमा गृहिणीको रुपमा छोरा हुर्काउदैछिन् । काठमाण्डौको बसाई भएका कारण विभेदको अनुभव गरेकी छैनन् । उनी सुमनको घरमा बुहारी भएर भित्रन नसक्नु नै उनको जिवनको सबैभन्दा विभेदको भोगाई भएको बताईन । उनीहरुको पारिवारिक जिवन सुखी साथ वितिरहेका बताए । कहि कहि दलित विवाह गरेको कारणले अगाडी कुरा काट्न नसके पनि अनुभव हुने गरि विभिन्न सार्वजनिक ठाउँमा व्यवहार गर्ने गरेको सुमनले बताए । विश्व विकासको कुन चरणमा रहेको तर नेपाली समाज परिवर्तन हुन नसकेको र समाज उनले सोचेभन्दा बढि नै छुवाछुत र विभेदको जालोमा रहेको साथै समाजमा परिवर्तन हुन जनचेतना र शिक्षाको क्षेत्रमा ठूलै फड्को मार्नु पर्ने उनको अनुभव छ ।

अध्याय : पाँच

दलित र गैरदलित अन्तरजातीय विवाह गर्ने जोडीहरुको परिवार र समाजसंगको सम्बन्ध र छुवाछुतको अवस्था र विश्लेषण

दलितको सामाजिक अवस्था चित्रण गर्न विशेष गरि दलित समुदायले ओगट्ने उत्पादनका साधनको स्वामित्वको पहुचलाई हेर्नुपर्दछ । अर्को तर्फ सामाजिक सम्बन्धलाई हेर्ने नेपालको समग्र सामाजिक संरचना, राजनितिक र सास्कृतिक अवस्थालाई हेर्नुपर्दछ । नेपालको ऐतिहासिक राजनीतिक, अवस्थिती, सामाजिक संरचनालाई मध्य नजर गर्दै, विभिन्न प्रकाशित पुस्तक, कानुन, विभिन्न समयमा प्रकाशित समाचार र क्षेत्रकार्यको आधारमा दलित र गैरदलित अन्तरजातीय विवाह गर्ने जोडीहरुको परिवार र समाजसंगको सम्बन्ध र छुवाछुतको अवस्था प्रस्तुत गरिएको छ ।

समाज सामाजिक सम्बन्धको जालो हो । एउटा व्यक्तिले आफ्नो जीवनयापन गर्नका लागी विभिन्न व्यक्ति, परिवार, नातेदारी, समुह, संघसंस्थासंग अनिवार्य रुपमा अन्तर्क्रिया गर्नुपर्दछ । एउटा व्यक्ति घरपरिवार, साथीभाई, संघसंस्था, स्थानिय सरकार, राज्य तथा विश्वव्यवस्थाको जालोमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा परिरहेको हुन्छ । मानिसले आफ्नो जीवनयापन गर्दा कसरी गरेको छ भन्ने विषय बुझ्नका लागी अन्य सुक्ष्म तथा बृहद सामाजिक संस्थासंग जोडेर हेनुपर्दछ । दलित तथा गैरदलित बीच अन्तरजातीय विवाह गरेको जोडीको सामाजिक संवन्ध, व्यक्ति, घरपरिवार, नातेदारी, समुदाय, समाज, राजनीति, अर्थव्यवस्था, धर्म, सस्कृती, राज्य र विश्वव्यवस्थासंग जोडी सगग्रतामा हेरिएको छ । साहित्य समीक्षा र क्षेत्रकार्यको विषयलाई सामाजिक अवस्था र सामाजिक सम्बन्ध गरि दुई भागमा अवस्था र विश्लेषण उल्लेख गरिएको छ । जो निम्न बमोजिम रहेका छन् ।

५.१ दलितहरुको सामाजिक अवस्था

५.१.१ जातीय छुवाछुत तथा सामाजिक विभेद कायमै, दलितहरुको सामाजिक हैसियत निन्नस्तरको रहेको

हिन्दु वर्णाश्रम व्यवस्था भित्र शुद्र वर्णमा पर्ने दलित जातीको सामाजिक हैसियत निम्नस्तर छ । ग्रामीण समुदायमा जातीका आधारमा जातीय छुवाछुत मानिरहेको छन् । दलितहरुलाई

पानी नचल्ने अछुतको रुपमा नै व्यवहार गरिएको छ । गैरदलितले घरमा भित्र पस्न दिएका छैनन् । दिनभर संगै हिड्यो, गैरदलितको घरमासंगै आउदा बाहिर राखेरै खान दिन्छन् । दलितहरु केटाकेटीको समयमा देखि नै छुवाछुतको मारमा पर्दै आएका छन् । विद्यालय समयमै गैरदलितले हेय पुर्ण दृष्टिले हेरेर त्यही किसिमको शब्द प्रहार गर्दथे । दलित तथा गैरदलित बीच सामान्य झगडा हुदा कामीलाई भए "डांग्री", दमाईलाई भए "डुम्रा" तथा सार्कीलाई "गन्धे" भनि गैरदलितले गाली गर्ने गर्दछन् । दलितका छोराछोरीले गैरदलित छोराछोरीलाई कुटे भने आज दलितकोहातबाट कुटाई खाएर आईस भन्ने जस्ता कुरा अविभावकले नै गर्दछन् । एउटा निर्धा गैरदलित दलितको हातबाट कुटाई खाएमा अभिभावकलाई पनि हिनता बोध हुने अवस्था छ । कुटाई खाने गैरदलितको अभिभावकले दलितको घरमा भएर कुट्ने पनि गर्दछन् । यसरी बाल्यकाल देखी नै दलितहरु विभेदमा पर्दै आएका छन् । गाउँमा सामाजिक कार्य विवाह , व्रतवन्ध, भोजभतेर पकाएको स्थानमा दलितहरु झुक्किएर संयोगबस पुग्दा पनि गैरदलितबाट गाली गलौज तथा कुटपिट सम्म हुने अवस्था विद्यमान छ । गैर दलित समुदायमा बसेका दलितहरुलाई गैरदलित समुदायका विवाह, भोजभतेरमा पानी नचल्ने भनि केही गर्न नदिने तर त्यही दलितको विवाह, भोजभतेरमा सबै गैरदलित निम्तालुको लागि गैर दलितले भान्से गरिदीनु पर्ने हुदा त्यहाँ पनि हामी कामी, दमै, सार्कीको कमारा हो भन्ने सोच पनि व्याप्त छ । त्यसमा पनि अतिथी सत्कार गर्दा घर बाहिर बस्ने, दलितले खाएको भाडाकुडा आफै दलितले नै माझ्नु पर्ने अवस्था छ । सामन्ति युग अर्थात कृषि पेशामा दलितहरु गैरदलित मानिसको ज्याला मजदुरी गर्न जादा पनि असमान व्यवहार हुन्छ । गैरदलित र दलितसंगै ज्याला मजदुरी वा पर्म गर्दा खाजा वा नास्ता खादा भिन्न भिन्नै बस्नु पर्ने, खाना छुईन्छकी जस्तो गर्ने, खाना दिदा पनि छोइन्छकी जस्तो गरि माथीबाट हाली दिने गर्दछन् । यस्तै घटनाका कारण जातीय छुवाछुत तथा सामाजिक विभेद देखिएको छ ।

५.१.२ दलितहरुको आर्थिक अपार्जनको मुख्य श्रोत कृषि, कृषि उपार्जनको साधन जमिनको स्वामित्व कमजोर

मुख्य रुपमा दलितहरुको मुख्य बसोबास ग्रामिण क्षेत्रमा रहेको छ । ग्रामिण क्षेत्रमा बसोबास गर्ने मानिसको मुख्य पेशा कृषि नै हो । तर गाउँमा कृषि उत्पादनको साधन भूमि गैरदलित जातीको स्वामित्वमा छ । कृषि कार्यका उपयोग हुने औजार विशेष गरि कामीले नै बनाउने

सिपका कारण गैर दलित बस्तिमा कामी जातीलाई गाउँमा बसोबास गर्न लगाएका थिए । गैरदलित बस्ती भएको स्थानमा मलिलो तथा उर्वरा जमिन ओगटेका छन् र गैरदलित बस्तिमा दलितको बसोबास छ भने बस्तिको छेउ कुनामा हुन्छ । यस्तो अवस्था सृजना हुनु जमिनको कमजोर स्वामित्व हो भने अर्को तर्फ विद्यमान जातीय छुवाछुत अवस्था ले नै हो । गैरदलितहरु कतै शुभ कार्यमा निस्कदा बाटोमा कामी जातीको मानिस भेटेमा अशुभ हुनेभो आज काम नमिल्ने भो भन्ने गरिन्छ र नराम्रो दृष्टिले हेर्ने गरेका छन् भने अर्को तर्फ दमै जातीको भेटे शुभ हुनेभो आज काम बन्छ भन्ने गरिन्छ । गाउँको बीचमा दलित घर छ भने विभिन्न षडयन्त्र गरेर भए पनि छेउकुना वा वसाई सर्न बाध्य बनाएका छन् । अर्को दलितहरुको जमिनको स्वामित्व कमजोर भएका कारण पुख्यौली पेशा अगाल्दा " बालीघरे" प्रथामा काम गर्नु पनि हो । जीवन गुजार चलाउन गैरदलित माथी भर पर्नु पर्ने भएकाले, गैर दलितको दुव्यवहार सहनु पर्ने अवस्था सृजना भएको हो । जमिनको स्वामित्व कम भएका कारण पशु पक्षी पनि पाल्न सक्ने अवस्था रहदैन । यदी पाली हाले पनि अर्काको बालीनाली पशुपक्षीले खाई दिदा दुव्यवहार भोग्नु पर्दछ । ग्रामीण समुदायमा लुगाफाटो, माछामासु खाएको तिरोभरो तथा नगद उपार्जनको माध्यम पशुपक्षी हो । एक त जमिनको स्वामित्व कमजोर भएका कारण वर्ष भरि खान नपुग्नु तथा खान कै लागी "बेसाहा" खोज्ने तथा नगदी उपार्जनको श्रोत पशुपालन पनि गर्न नसक्नुमा कारण दलितहरुको आर्थिक अवस्था कमजोर भएको हो । खेती गर्ने समयमा गैर दलितकोमा गएर गर्नु पर्ने हुदा भएका आफ्नो जमिनमा समयमा खेती पनि गर्न सक्दैनन् । भएका श्रमिक अर्काकोमा जानुपर्ने कारण पशुपंक्षी पनि पालनपोषण गर्न सक्दैनन । पशु पालन गरे पनि त्यसबाट उत्पादीत दुध, दहि, घिऊ गाउँमा गैरदलितले नखाने तथा बस्तु विनिमय नहुने भएकाले पशुपालको अवस्था पनि कमजोर भएको हो । यसरी जमिनको स्वामित्व कमजोर भएकोले गैरदलित माथी आश्रीत हुने अवस्था आयो । फलत जीवन निर्वाह अथवा गुजारा कै लागि भए पनि गैरदलितहरुको विभेद सहनुपर्ने अवस्था भएको हो । जसका कारण जातीय छुवाछुत तथा जातीय विभेद दलित जातीले सहनु पर्ने बाध्यता भएको हो । अध्ययन क्षेत्रका दलित उत्तरदाताहरुको पाखो बारी शुन्य देखि १० रोपनी सम्म आफ्नो स्वामित्वमा हुनुले पनि यो विषयलाई पुष्टि गरेको छ ।

५.१.३ बालीघरे प्रथा कमजोर

जमिनको स्वामित्व कमजोर भएकाले पुख्यौली पेशा गर्दथे । वर्षभरि काम गरे पश्चात दलितहरुलाई ज्यालाको रुपमा निश्चित अन्न दिइने गर्दथे । जसलाई बालीघरे प्रथा भनिन्छ । बालीघरे प्रथा दलित तथा गैरदलित बीचको सहमतिमा हातहतियार, तथा घर परिवार संख्या हेरेर निर्धारण गर्ने गरिन्छ । एक वर्षको एकमुष्ठ रुपमा दिईने बाली बाहेक बालीमा कमाई भईसके पछि दशै, तिहार, धान,मकै पाक्दा दिने चलन हुन्छ । समाज विकास क्रमसंगै नेपाल पुजीबादी अवस्था प्रवेश गरे पश्चात सामन्ती व्यवस्थाको अवशेषहरु भत्किने गर्दछ । (मिश्र, २०६२) नेपाल पुँजीबादी अवस्था पुगिसकेको कारण बालीघरे प्रथा कमजोर बन्दै गएको हो । बालीघरे व्यवस्था कमजोर हुनमा गैरदलितहरुले उनीहरुले इच्छाएको (धान, मकै, कोधो, गहु) बाली दिने, जसले दलितहरुको आवश्यकता पुर्ति नहुने, दिएको बाली कमसल किसिम भएको तथा बाली उठाउन घरघरै चाहार्नु पर्ने हुदा यस्तो पेशा छाड्दै गएका छन् । अर्को तर्फ बजारमा आकर्षण मोडेलका फेन्सी कपडा उपलब्ध हुने, क्रेताको इच्छा अनुसारको धातुका सामान बजारमा पाईने, सामान वा लत्ता कपडा तयार गर्दा पालो पर्खिने अवस्थाले गर्दा दुवैको आकर्षणमा कम हुदै गएको हो । अर्को पक्ष परम्परागत खेती प्रणाली भएका कारण जनसंख्या वृद्धिको अनुपातमा उत्पादन र उत्पादकत्व नबढेको कारण वैकल्पिक पेशाको खोजी भएका कारण बालीघरे प्रथा कमजोर भएको हो र उत्तरदाताको अभिभावकले पुख्यौली पेशा संचालन गरे पनि हाल बालीघरे भन्दा बजारीया सामान बनाउन शुरु गरेकोले यस कुरालाई पुष्टि गर्दछ ।

५.१.४ उत्पादन र उत्पादकत्वशिल क्षेत्रलाई निरन्तरता

बालीघरे प्रथालाई दलितहरुले त्याग्दै गए पनि बढी आम्दानी हुने पेशालाई अंगाली रहेका छन् । सुनको गहना बनाउने पेशा अंगाली रहेका छन् । प्रस्तुत गरिएको ११ वटा जीवनकहानी मध्ये ४ जोडी गैर दलित महिलाले सुन कमाउने व्यक्तिसंग विवाह गरेका थिए । सुन कमाउदा २० देखि ३५ हजार सम्म कमाई हुने गर्दछ । जसको कारणबाट यस पेशामा लाग्ने मानिसहरुले दैनिक गुजारा संचालन तथा आफ्ना छोराछोरीलाई नीजिस्तरको स्कुल पढाउन सफल भएका छन् र सुनारसंग विवाह गर्ने गैरदलित सुखका साथ जीवनयापन गरिरहेका छन् । अर्को तर्फ सुन पसल विशेष गरि शहरमा वा बजारमा हुने

गर्दछ । जहाँ जातभात तथा जातीय छुवाछुत भन्दा पनि काम र ज्यालासंग सम्बन्धित भएका कारण पनि यस्ता पेशालाई निरन्तरता दिएका छन् ।

५.१.५ जातीय विभेद तथा छुवाछुत ग्रामीण समाजमा भन्दा तुलनात्मक रुपमा शहरमा कम

ग्रामीण समुदायमा छुवाछुत व्यवस्था गाउँमा भन्दा शहर बजारमा कम प्रभाव रहेको छ । ग्रामिण समाजमा कृषिलाई नै मुख्य पेशाको रुपमा अपनाईरहेका छन् । गाउँ बस्तिमा पातलो बसोबास हुने गर्दछ । साथ साथै स्थायी प्रकृतिको बसाई भएका कारण एक अर्कामा चिनजान घनिष्ट प्रकृतिको हुन्छ । छोराछोरीलाई नचिने पनि बुवा आमाको नाम थर सोधेर पनि पत्ता लाग्ने हुन्छ । गाउँका मानिसले एक अर्कालाई बढी चासो हुने हुदा एक गाउँका मानिसले छिमेकी गा.बि.स.का मानिसहरुलाई पहिचान गर्न सक्दछन् । अर्को तर्फ हिन्दु वर्णाश्रम व्यवस्था भित्र सामाजिकिकरण भएका ग्रामिण क्षेत्रको मानिसको बाहिरी संसारसंग सम्पर्क कमजोर हुन्छ । यदी भईहाल्यो भने पनि बाहीरी सम्पर्क ज्ञान अधुरो भएकोले बाल्यकाल देखि अभ्यस्त भएका कारण सोही व्यवस्था नै हाबी हुन्छ । जसका कारण पनि जातीय छुवाछुत व्यवस्था ग्रामीण क्षेत्रमा कायमै रहेको छ । ग्रामीण क्षेत्रमा आधुनिक संचारका माध्यमको पहुच कम हुने, मानिसहरु एक अर्का बिच कुराकानी गर्दा स्थानिय परिवेश, जातजाती, धर्म, संस्कृती आदिको बारेमा गफ गाफ हुने कारण पनि यो व्यवस्था विद्यमान छ । ग्रामिण क्षेत्रमा गरिब गैरदलित गुजारा गर्न नसक्ने अवस्था भएमा उनीहरु कहिले पनि दलितमा निर्भर हुदैन सम्पन्न गैरदलित माथी नै हुन्छ । तर गरिब दलित गैर दलितको मा नै निर्भर पार्नु परेकोले पनि छुवाछुत व्यवस्था कायम भएको हो । वर्तमान समयमा केही स्वरुप फेरिए पनि गैरदलितसंग नै भरपर्नु पर्दछ । जस्तो वैदेशिक रोजगारमा जाने एक जना दलित जानका लागी चाहिने ऋण माग्न गैरदलितको मानै जानुपर्ने हुन्छ । ग्रामिण क्षेत्रमा औपचारिक वित्तिय संघ तथा संघ संस्थाको अभावका कारण पनि गैरदलित माथी निर्भर रहनु पर्ने बाध्यता छ ।

अर्को तर्फ ग्रामीण समुदायमा भन्दा शहरमा छुवाछुत कमजोर देखिन्छ । यस कुरालाई पुष्टि गर्न विवाहित जोडी गाउँ नबसी सहर वा बजारमा नै बसोबास गरेका छन् । तर शहरमा जातीय छुवाछुत हुदै नभएको चाही होइन । गाँउबाट शहरमा बस्न दलितले कोठा खोज्दा पनि दलित भनि थाहा पाउदा कोठा प्राप्त गर्न जात बदल्नु पर्ने अवस्था छ । कोठा बसेमा पछि दलित भनेर थाहा पाएपछि कोठाबाट विभिन्न बहानामा निकाल्दिने गर्दछन् । एकजना

उत्तरदाताले यस्तो समस्या भोग्नु परेको छ । १२ वटा घरमा कोठा खाली भए पनि दलित भएकै कारण कोठा भाडामा बस्न दिएका थिएनन् । ग्रामिण क्षेत्रमा बसोबास गर्ने भन्दा कम छ । शहर वा बजारमा अस्थायी प्रकृतिको बसोबास हुने, नातेदारि, मित्रता आदीको बारेमा भन्दा पनि कामसंग बढी सरोकार राख्ने भएकाले दलित वा गैरदलित भन्दा पनि उद्योग वा कार्यालयको मजदुर वा कर्मचारीको हिसाबले हेरिने वा कामदारको दक्ष वा अदक्षलाई प्राथमिकता दिने हुन्छ । तथा नगदी कारोबार गर्दा व्यक्ति भन्दा पनि औपचारिक संघ संस्थासंग सम्पर्क भएकाले पनि छुवाछुतको अवस्था गाउँको तुलनामा शहरमा कम हुन गएको हो । शहरी क्षेत्रमा सुविधाको लागी विभिन्न स्थानबाट मानिस बसोबास गर्न बसाई सर्ने भएकाले पनि चिनजान कम हुन्छ । कुराकानी भईहाले पनि औपचारिकतामा मात्र सिमित हुन्छ । कूनै पनि मानिसको विगतको इतिहास थाहा नहुने भएकोले सम्बन्ध वर्तमानको लागी हुने भएकोले पनि छुवाछुतको अवस्था कम भएको हो ।

५.२. सामाजिक सम्बन्ध

५.२.१ दलित र गैरदलित बीचको विवाहित सम्बन्ध गैरदलित पक्षले स्विकार नगरेको

विवाह दुई बयस्क पुरुष र महिला बीचको परिवार स्थापना गरिने संझौता हो जसलाई समाजले स्विकार गरेको हुन्छ । एक जना उमेर पुगेको केटी र केटा बीच आपसी समझदारी तथा संझौता गरि परिवार स्थापना गर्दा एउटै जात भित्र गरेमा समाजले स्विकार गरेको हुन्छ । विशेष गरि सामन्तवादी यूगमा जिविकोपार्जनको मुख्य आधार कृषि हुन्छ कृषि पेशा मुख्य हुदा यसलाई संचालनको लागी घरपरिवारको संख्या ठूलो हुने गर्दछ । यस्तो यूगमा मानिसको बाहिरी संसारसंग अन्तघुलन हुने अवस्था कमजोर हुन्छ । घर व्यवहारको सम्पुर्ण निर्णय लिने काम अभिभावकको इच्छामा भर पर्ने हुन्छ । जसका कारण छोरछोरीको इच्छा वा आकांक्ष वा प्रेम सम्बन्धले खासै स्थान पाउदैन फलत विवाह आफ्नै कटुम्बरी जात भित्र हुने अवस्था हुन्छ । विवाह गर्दा सकेसम्म घरपरिवारसंग मिल्ने वर्ग पनि हेरिन्छ । पुँजीवादी युगमा व्यक्ति शिक्षा तथा रोजगारीका लागी घरपरिवार बाहिर बस्दा विभिन्न व्यक्ति, समुह, संघ संस्था आदिसंग सम्पर्क राख्नु पर्ने हुन्छ । घर बाहिर बस्दा आर्थिक रुपमा निर्भर तथा निर्णय प्रक्रियामा स्वतन्त्र हुन्छ जसको कारण बयस्क युवा यवतीले प्रेम गरि मन मिल्नेसंग विवाह गर्दछन् । तर यस्तो विवाहलाई नेपाली समाजले स्विकार गरेको छैन । आफ्नै जातभित्र विवाह गरेको हो भने पछि घर परिवारले स्विकार

छन् । यदी सहजाती भन्दा अन्यसंग प्रेम विवाह गर्यो भने घर परिवार समाजले स्विकारदैन । आफ्नो कुल भन्दा बाहिरको विवाह गरेको भन्दै स्विकार गरिदैन । तर उच कुलीन जातले पानी चल्ने जातसंग विवाह गर्दा पहिले अस्विकार गरे पनि कालान्तरमा बाध्य भएर वा अन्य कारणले स्विकार गर्ने गरेका छन् । यसरी स्विकार गरेका तल्लो जातको बुहारीलाई एउटा बुहारीको हैसियतमा प्राप्त गर्ने सास्कृतिक अधिकार दिईदैन । अझ भनौ मुख्य चुलामा बस्न नदिने, कुलदेवता अन्य पूजाआजा गर्दा भिन्नै बस्नु पर्ने, जन्म देखि मृत्यु पर्यान्त गरिने संस्कारमा अन्य सहजातीय बुहारीले पाउने अधिकारबाट बन्चित गरिन्छ । यो अवस्था गाँउ तथा शहर दुवैमा व्याप्त छ ।

अर्को तर्फ दलित तथा गैरदलित विवाह गर्ने जोडीलाई दलित पक्षले स्वीकार गर्दछन् भने गैरदलित पक्षले स्विकार गरेको छैन । विभिन्न समयमा प्रकाशित पत्रिकाको समिक्षाका १७ वटा घटना तथा क्षेत्रकार्य गरिएका ११ वटा घटनामा पनि दलित र गैरदलित बीचको सम्बन्ध स्विकार घरपरिवार, समुदाय, समाजले गरेको छैन । यस्तो सम्बन्ध स्विकार नगर्नु कुलीन भनौदा जातको जातीय आडम्बर पन हिन्दु वर्णाश्रम व्यवस्थाको परिणाम तथा सामन्तवादी यूगको एउटा घोतक मात्र हो । वैज्ञानिक रुपमा हेर्ने हो भने कुनै तार्किकता देखिदैन । यदि यस्तो नभएका खण्डमा दलित र गैरदलित विवाह गर्दा गैरदलितको कुलमा कुनै पनि अनिष्ट घटना भएको छैन । सुनिएको तथा देखिएको पनि छैन ।

५.२.२ अन्तरजातीय विवाह गर्ने जोडी गाँउबाट विस्थापित

जातीय छुवाछुत र सामाजिक विभेद ग्रामिण समुदायमा बढी छ । स्थायी बसोबास, आपसी सम्बन्धमा घनिष्टता, धर्म ,सस्कृती, जडबादी सोच तथा आधुनिक र बाह्य समाजसंगको पातलो सम्पर्कको कारण छुवाछुत व्यवस्था ग्रामीण समुदायमा रहेको छ । फलत ग्रामिण समुदायमा बसोबास गर्ने र विवाह गर्ने जोडीहरु यसका मारमा परेका छन् । दलित युवाले गैरदलित युवती आपसी समझदारीमा विवाह गरे पनि गैरदलित युवतीका माईती पक्षले विभिन्न बहानामा दलित युवकलाई दुर्व्यवहार गर्दछन् । दलितले विवाह गरेकै कारण सांघातिक हमला गर्ने, कुटपिट गर्ने गरिरहेका छन् । दलित युवासंग प्रेम सम्बन्ध थाहा पाए केटीलाई शारिरीक तथा मानसिक यातना दिएको छ । प्रेम सम्बन्ध छुटाउन अर्का व्यक्तिसंग विवाह गरिदिने, नमाने गाँउबाट शहरतिर पठाईएको छ । यदि विवाह गरिहाले भने विभिन्न बहाना बनाएर छुटाउने, प्रेम सम्बन्ध पछि विवाह गर्दा पनि अपहरण गरेको

मुद्धा केटा पक्षलाई लगाईएको ,नाबालिकालाई फकाई फुल्याई विवाह गरेको मुद्धा केटा पक्षलाई लगाएका छन् । जसका कारण गैर दलित विवाह गर्ने दलित पुरुष गाउँमा बस्न सक्दैनन् र शहर वा बजार बिस्थापीत भएका छन् ।

गैर दलित महिलालाई दलितको घर परिवार समुदायले स्विकार गरे पनि समाजमा घुलमिल हुन समस्या छ । गैरदलित महिलाले दलितसंग विवाह गर्दा समाजमा दलितको हैसियतमा बस्नु पर्दछ । जसका कारण वृहद समुदायसंग घुलमिल हुदै सामाजिकिकरण भएको सानो समुदायसंग मात्र घुलमिल गर्नुपर्ने हुदा सामाजिक सम्बन्ध खुम्चन्छ । पहाडमा बस्ने दलित कुल जनसंख्याको लगभग ८% प्रतिशत मात्र छन् । (जनगणना २०६८) यस तथ्यांकले पनि के पुष्टि गर्दछ भने दलितसंग विवाह गर्ने गैरदलितको सम्बन्ध खुम्चन्छ । अर्को तर्फ गाउँका गैरदलित मानिसले दलितसंग आएको भनि कुरा काट्ने गर्दछन् र बाटोमा हिड्दा भेट्ने मानिसले उनलाई देख्ना साथ खासखुस गर्दै कुरा काट्छन् । त्यसकारण धेरै मानिसले नचिन्ने, गुजारा गर्न सहज हुने स्थान शहर वा बजारमा विस्थापित हुन्छन् । ग्रामीण समुदायमा दलित र गैरदलित बिच विवाह गर्ने जोडी बसोबास गर्न नसकी शहर वा बजारमा केन्द्रित भएका छन् । अध्ययन क्षेत्रमा मानिस गाउँमा भेट्न जाँदा भेट्न नसकी दिक्तेल बजारमा भेटिएको थियो ।

५.२.३ दलित र गैरदलित विवाह गर्नेले मानसिक, शारिरीक, दुर्व्यवहार भोग्नु परेको तथा यस्तो व्यवहारबाट घर परिवार र समुदाय पनि पिडीत

दलित र गैरदलित वीच विवाह गर्दा दलित पक्षका केटाले कुटाई खाएका छन् । गैरदलित केटी विवाह गर्नेलाई बाटो वा सार्वजनिक स्थाान मै पिट्ने गरेको छन् यस्तो अवसर नमिले गैरदलितको समुहले घरैमा गई पिटेका छन् । गैर दलितले विवाह गरेको विषयलाई बङग्याएर अपहरणको मुद्धा लगाएका, विवाह गरेको दम्पतिलाई छुट्याएका वा छुट्याउने प्रयत्न गरेका छन् । विवाह गर्ने जोडी मात्र हैन, उनका अभिभावक, तथा सिंगो समुदायले नै शारिरीक, मानसिक दुर्व्यवहार तथा ज्यान जोगाउन गाउँबाट नै विस्थापित हुनुपर्दछ । यस्तो अवस्था सिर्जना हुनुमा मुख्य तथा दुईवटा कारणहरु छन् । पहिलो दलित जातीको तुलनामा गैरदलितहरुको जनसंख्या बढी हुनु । गाउँमा बसोबास गर्ने दलितको तुलनामा गैरदलितहरुको जनसंख्या बढी हुनु । एक जना व्यक्ति वा सानो समुदायमा रहेका दलितको संख्यालाई ठूलो समुहले आक्रमण गर्दछन् । बाहुन, क्षेत्री अन्य विभिन्न जातका मानिस

भएपनि दलितले गैरदलितको छोरी भगाउदा गैरदलित बीचको बहुमत मिल्दछ । जसका कारण दलित समुदायले यस्तो प्रकारको विभेद सहनु परेको छ । अर्कातर्फ दलित भन्दा स्वामित्व, शक्ति र सत्ताको हिसाबले पनि सम्पन्न भएकाले, गैरदलित उनीहरुको स्वार्थ बमोजिम निर्णय गर्न र गराउन सक्दछन् । दलितहरुको शिक्षा, पुँजी, शक्ति, सत्ता आदिका कम पहुच भएको हुनाले, विभेद र छुवाछुतमा परेको हुन् ।

५.२.४ दलित र गैरदलित अन्तरजातीय विवाह गर्नेलाई कतै घर परिवारले स्वीकार नगर्ने त कतै समाजले स्विकार नगर्ने

गैर दलित युवाले दलित युवतीलाई विवाह गरे घर बस्न दिदैनन् । घर परिवारले विवाह गर्ने छोरालाई दलितको रुपमा व्यवहार गर्दछन् । दलित सरह घरभित्र पस्न नदिने सामाजिक क्रियाकलापमा पनि बन्देज लगाएको छ । दलित विवाह गरे गैरदलित जातीले गर्ने सम्पुर्ण सामाजिक तथा सास्कृतिक संस्कार बन्देज लगाएको छ । कतिपय घटनामा त दलित विवाह गरेकै कारण जिउदै अवस्थामा मृत्यु संस्कार गरेका छन् । अझ भनौ मरे सरह नै मानेका छन् । केटी गैरदलित भएको अवस्थामा पनि माईती पक्षबाट सोही किसिमको व्यवहार हुन्छ । शुरुको अवस्थामा छ भने सकभर छुटाउने कोशिस गर्दछन् । विवाह गरीहाले माइती पक्षको मानिसले चासो नदिने, नबोलाउने, माईती पक्षलाई आवश्यक हुने चाडपर्व (तिहार,तिज) मा नबोलाउदने गर्छन । एक हिसाबले दलित केटासंग विवाह गर्ने पनि माइतीका लागि मरेसरह नै व्यवहार गर्दछन् । यस्तो विवाहमा गैर दलित पक्षले सामाजिक रुपमा बहिस्का गर्दन् । यदि घर परिवारले स्विकारेको खण्डमा त्यस्तो विवाह स्विकार गरे्र छोरा बुहारी वा छोरी ज्वाईलाई घर पस्न दिनेलाई सामाजिक बहिस्कार गर्दछन् । दाजुभाईले कुलदेवता बाहेक गर्ने “काढ्ने” गर्दछन् । यसरी काढेपछि अन्य दाजुभाइबाट बहिस्कृत भएका छन् । दाजुभाई, आफन्त, समाजले सामाजिक बहिस्कार गर्ने डरले घरपरिवारले स्वीकार्न चाहेपनि स्विकार्न सकिरहेका छैनन् । समाज बिकास हुदै जादा पुँजीबादी व्यवस्था शुरु भए पश्चात जातीय छुवाछुत व्यवस्थालाई मान्ने र नमान्ने बीच समाज विभक्त भएको छ । बुढापाका तथा हिन्दु धर्मलाई जडको रुपमा पिछा गर्ने मानिसहरु छुवाछुती व्यवस्थालाई मान्दछन् । आधुनिक युग पुँजीवादमा प्रवेश गरे पश्चात पढेलेखेका मानिसहरु छुवाछुत व्यवस्थालाई मान्नु हुदैन भन्ने मान्यता राख्दछन् । यही कारण दलित र

गैरदलित विवाह गर्नेलाई स्विकार गर्ने कि नगर्ने बीच समाज दुई खेमामा विभाजित हुदै गएको छ ।

५.२.५ सामाजिक परिवर्तन र रुपान्तरणका लागी राजनीतिक, आर्थिक, सामाजिक रुपमा प्रतिष्ठित भएका व्यक्तिले यस्तो बिबाह गरेपनि उनीहरुको सामाजिक हैसियत निम्नस्तरको ।

सामाजिक, आर्थिक, सास्कृतिक रुपले कुनै पनि गैरदलित प्रतिष्ठित व्यक्ति भएपनि दलितसंग विवाह गर्दा स्वत उसको सामाजिक हैसियत निम्न स्तरको हुन्छ । उसलाई समाजका अन्य मानिसले दलित कै रुपमा व्यवहार गर्दछन् । यस्ता व्यक्तिलाई प्रत्यक्ष रुपमा नै विभेद गरेको देखिन्छ कसैकोमा प्रत्यक्ष रुपमा नदेखिए पनि उसको पछाडी कुरा काट्ने हुन्छ । त्यस्ता व्यक्तिलाई अन्य गैरदलितले घर भित्र पस्न नदिने, सामाजिक क्रियाकलापमा निमन्त्रणा नै नगर्ने गर्दछन् । समाजशास्त्री म्याक्स वेबरले समाजमा व्यक्तिको सामाजिक अवस्था र सामाजिक चरित्रको विष्लेषण गर्दा तीन किसिमले हेर्नु पर्ने उल्लेख गरेका छन् । १. वर्ग २. शक्ति ३. हैसियत । हैसियत वर्ग वा शक्तिसंग सम्बन्धित भए पनि हैसियतको हिसाबले हेर्दा कुनै अवस्थामा यसले ठूलो भुमिका खेलेको हुन्छ । विशेष गरी जाती प्रणालीमा यो लागु हुन्छ । यस्तो अवस्थामा वर्ग र शक्तिलाई भन्दा हैसियतलाई ज्यादा प्राथमिकता दिईन्छ । गैर दलितसंग विवाह गर्दा समाजले दलित कै रुपमा स्विकार गर्ने हुदा त्यहाँ पद, पैसा भन्दा हैसियत नै हावी हुन्छ । जति नै सम्पन्न व्यक्ति वा उच्च ओहोदा हासिल गरेका मानिसले यो प्रणाली अवलम्बन गर्दा सामाजिक परिवर्तन र रुपान्तरणका लागी राजनीतिक, आर्थिक सामाजिक रुपमा प्रतिष्ठित भएका व्यक्तिले यस्तो बिबाह गरेपनि उनीहरुको सामाजिक हैसियत परिवर्तन गर्न सक्ने अवस्था हुदैन । किनकी यो समाजले स्विकृत गरिसकेको हुन्छ । त्यस कारण समाजसेवी राजनीति क्षेत्रमा लागेका वुद्धिजीवी आदीले परिवर्तन गर्न चाहदैमा तुरुन्त परिवर्तन हुदैन ।

५.२.६ दलित र गैरदलित बीच विवाह गर्ने व्यक्तिको नातेदारी तथा सामाजिक सम्बन्ध पातलो

दलित र गैरदलित विवाह सम्बन्ध पछि कायम हुने सामाजिक सम्बन्ध भनै पातलो हुन्छ । दलित केटाले गैरदलित केटीसंग विवाह गर्दा माइती पक्षले छोरी ज्वाईलाई स्विकार गर्दैनन्

भने गैरदलित केटाले दलित केटी विवाह गर्दा केटाको घरपरिवारले छोरा बुहारी स्विकार गर्दैनन् । ती जोडीबाट उत्पादन भएको सन्तानलाई पनि स्विकार गर्दैनन् । बाल्यकालमा मावलीको ठूलो महत्व हुन्छ । बाल्यकालमा मावलीको धेरै महत्वपुर्ण भुमिका हुन्छ । बाल्यकालमा मावली भन्ना साथ राम्रो लुगा लगाउन पाउने, मिठो राम्रो खान पाउने, दक्षिणा पाउने मावली घरपरिवारको माया ममता र स्नेह प्राप्त हुने गर्दछ । बाल्यकालमा मामाघर दुई भिन्न परिवार तथा फरक समाजबाट सामाजिकिकरण हुने अवस्था अवसर प्राप्त हुनु हो । जसले गर्दा बालकको सामाजिकिकरण ठूलो सहयोग हुन्छ । तर यस्ता विवाह गर्ने जोडीबाट जन्मेको बच्चाले मावली जाने र सामाजिकीकरण हुन पाउने अवस्थाबाट बन्चित भएका छन् । जन्मेको बच्चाले मावली कहाँ हो? मावली कहिले जाने? जस्ता प्रश्नले यस्ता जोडीलाई आघात पुर्याएको छ । नजिकै माइती वा मावल भएपनि छोराछोरी माइतीमा जालान्, माईतीमा गएपछि माईतीलाई नराम्रो असर होला भनेर दिक्तेलको ५०० मिटर नजिकको बाटोमा मावली घर भए पनि मावली भोजपुर हो भनि ढाट्नु परेको छ । दलित तथा गैरदलित विवाह गर्नेलाई समाजले प्रतिबन्ध लगाउने कारण घरपरिवार, दाजुभाई समुदाय, नातेदारी तथा समाजसंगको सम्बन्ध पातलो हुन्छ ।

५.२.७ पुरुषको तुलनामा महिला पिडीत

दलित र गैरदलित विवाह गर्ने जोडी मध्ये महिलाहरु पिडीत छन् । त्यस्ता दम्पती बीच सुमधुर सम्बन्ध हुदा त खासै असर पर्दैन । तर ती दुईको बीच बेमेल आपसी वा वाह्य कारणले भएको खण्ड त्यस्ता महिला पिडीत हुन्छन् । यसरी बेमेल भएका पुरुषले महिलाको साथ छोड्ने हुन्छ । घरमा बस्न नसकी घर बाहिर बस्दा कमाउने मानिस अधिकांसमा पुरुष नै हुन्छ । आयआर्जनको स्थायी व्यवस्था नहुने र पुरुषले साथ छोड्ने हुदा दैनिक गुजारामा नै असर पर्ने गर्दछ । उनीहरु बीच सन्तान जन्मेका छन् भने त सन्तानको पालन पोषण शिक्षा दिक्षामा असर पार्दछ । यदी घर परिवारले स्विकार गरेको अवस्थामा दुई जोडी बीच द्वन्द बेमेलको अवस्था सृजना हुदा माईती पक्ष आश्रय स्थल हुने गर्दछ । त्यसपछि माईती पक्षले पारिवारीक द्वन्द व्यवस्थापन गर्न ठूलो भुमिका खेलेको हुन्छ । तर दलित र गैर दलित विवाहमा श्रीमानले छोडेका अवस्थामा आर्थिक अभाव त झेल्नै पर्छ साथै माईती पक्षले पनि हेर्ने अवस्था हुदैन। जसका कारण महिला समाजमा एक्लो हुन्छिन् । यस्तो अवस्था सृजना हुनुमा नेपालमा विधमान पितृसतात्मक समाज भएकाले हो । नेपालमा महिलालाई

बाल्यकाल देखि नै सामाजिकीकरण गर्ने प्रकृया परनिर्भरता मुखी छ । छोरी मानिसहरु कमजोर, घर बाहिरको काम भन्दा घर भित्रको काम गर्नलाई प्राथमिकता दिनु हो । विवाह पछि अर्काको घरमा जाने भनेर शिक्षा तथा अन्य कुरामा खर्च गदैनन् । घरपरिवार तथा सामाजिक प्रकृयामा नेतृत्व तथा निर्णय पनि पुरुषको हातमा निर्भर गर्ने गर्दछ । महिलाहरु पिडित हुनको अर्को कारण पैतृक सम्पती माथि अधिकार नहुने तथा सम्पतीको हस्तान्तरण पनि पुरुषमा सर्दै जाने भएकाले हो । दलितहरु आर्थिक, सामाजिक, राजनैतिक हिसाबले पछाडी रहेका तथा त्यस्ता दलितको पनि महिलाहरु दलितका पनि दलित भएका हुन् ।

५.२.८ दलित र गैरदलित अन्तरजातीय विवाह गरेको सम्बन्धलाई पुरुषको तुलनामा सर्वप्रथम महिला (आमाले) ले स्विकार गर्ने गरेको

दलित र गैरदलित विवाहलाई स्विकार गरेको छैनन् । तर यस्तो सम्बधलाई कालान्तर स्विकार गरिएको छ । माया ममताको कारण स्विकार्ने अवस्थामा वुबा भन्दा आमाबाट स्विकार गरिएको छ । पुरुषहरु बढी कठोर हुने भएकाले छोरा मानिस वा पुरुषले यस्तो सम्बन्धलाई स्विकारेका छैनन् । पितृसतात्मक समाजका कारण ईज्जत, मान, प्रतिष्ठा गुम्दा पुरुषको मात्र गुम्ने डर हुन्छ । नेपाली समाजमा वंशज जातीगत थर पुरुषको मात्र उल्लेख गरिने हुनाले पुरुषले स्विकार गरेका छैनन् । अर्को तर्फ छोराछोरीको माया ममताको सम्बन्धमा स्विकार गरेको छन् । बाल्यकालदेखि छोराछोरी बुवा भन्दा आमासंग घनिष्ठ तथा मित्रवत व्यवहार हुन्छ । छोराछोरीले आफ्नो केही कुराको माग गर्न परेमा बुवासंग नराखी आमाको माध्यमबाट राख्ने गर्दछन् । छोराछोरीको आवश्यकता तथा मागको बारेमा आमाले सुनाउने गर्दछिन् । छोराछोरीको त्यस्ता मागलाई वा आवश्यकतालाई पुरा गर्ने नगर्ने सल्लाह बमोजिम निर्णय हुन्छ । बाल्यकालदेखि छोराछोरीको सम्बन्ध बुवा भन्दा आमासंग घनिष्ठ तथा गहिरो भएकाले यस्तो सम्बन्धलाई पुरुषले भन्दा महिलाले स्विकार गरेको छन् । विशेषत छोराछोरी जन्माउदा १० महिना सम्म गर्भमा राख्ने, गर्भावस्था देखि नै सम्बन्ध प्रगाढ हुने भएकाले पुरुषका तुलनामा महिलाले चाडै स्विकार गरेको छन् । जसको फलस्वरुप आमाले नै बावुलाई सम्बन्ध मनाउने गरेकी हुन्छिन् । जसका कारण दलितसंग विवाह गरेकी गैरदलित महिला समाजले नदेख्ने गरि माईतमा लुकिछिपि जान आउन सफल भएको छ ।

५.२.९ दलित र गैरदलित अन्तर्जातीय विवाह गर्ने जोडीलाई घरपरिवारसंग सम्बन्ध जोड्न आधुनिक संचारको साधनले महत्वपूर्ण भूमिका खेलेको

दलित तथा गैरदलित अन्तरजातीय विवाह गर्ने गैरदलित पक्षले स्विकार गरेको हुदैन । त्यस्ता जोडी र घरपरिवारको सम्बन्ध पूर्णरुपमा विच्छेद भएको हुन्छ । विवाह गरेर गाउँमा बस्न नसक्ने अवस्थाका कारण शहर बजार वा अन्य स्थानमा बसोबास गर्दछन् । संचारको आधुनिक साधन टेलिफोन मोबाईल नहुदा पुर्ण रुपमा सम्बन्ध विच्छेद हुन्थ्यो । प्रत्यक्ष रुपमा बोल्न नसक्दा संचारको माध्यमबाट कुरा गर्न सहज हुने, कुरा गर्न सकिने भएका कारण सम्बन्ध विस्तार गर्न सजिलो हुन्छ । अप्रत्यक्ष तरिकाले कुरा गर्दा डर पनि नलाग्ने भएकाले कुरा गर्न सफल भएका छन् । घरका अन्य बुवा तथा दाजुभाईसंग नभए पनि दिदी बहिनी वा आमासंग लुकिछिपि भएपनि संचार भएको छ । यसले गर्दा पनि संचारको माध्यमबाट घरपरिवारसंग सम्बन्ध विस्तार गर्न सजिलो भएको छ ।

५.२.१० दलित र गैरदलित अन्तरजातीय विवाह गर्ने जोडी सफल

दलित र गैरदलित अन्तरजातीय विवाह गर्ने जोडी सफल देखिएको छन् । ग्रामीण समाजमा कृषि पेशा अपनाउने तर वर्तमानमा पनि आधुनिक व्यवसायीक खेती प्रणाली अवलम्बन गरेका छैनन् । जसका कारण ग्रामीण समाजमा बस्ने कृषकहरुको उन्नती राम्रो भएको छैन । तर विवाह गर्ने जोडीहरु गाउँमा बस्न नसकी शहर वा बजारमा बस्न थाले फलस्वरुप वैकल्पिक व्यवसाय अवलम्वन गरेका कारण यस्ता जोडी सफल भएको हो । अर्को बाध्यता के पनि थियो भने परिवारले सहयोग गर्दैन भने पछि परनिर्भर हुने अवस्था कम भई कडा परिश्रम गर्न थाले । अर्को महत्वपुर्ण विषय, एउटा वेरोजगार दलित केटाले गैरदलित केटीलाई प्रेम प्रस्ताब राख्ने आट गर्दैनथ्यो । कुनै पेशा वा व्यवसायमा लागेको वा दक्ष केटाको प्रेम सम्बन्ध स्विकार गरेको देखिन्छ । अर्को बास्तविकता के पनि हो भने दलितहरु पुर्खा देखि दक्ष सिप भएका र उनका पुस्ता पछिल्लो पुस्तामा हस्तान्तरण भएको र त्यो सिपलाई व्यवसायीक बनाउदा आर्थिक स्थितीले कमजोर हुनु पर्ने अवस्था रहदैन । यस तथ्यलाई एक उत्तरदाताले उल्लेख गरेको भनाईले पनि पुष्टि गर्दछ । *"यदी मेरो मागि विवाह आफ्नो जात मिल्ने संग बुवा आमाले गरि दिएको भए कुल घराना नै हेर्थे होलान २/४ मुरीको विउ भएको, २/४ माउ भैसी हुन्थे होला खेतीपाती दाउरा घाँस, भकारो नसोहोरी जीविका चल्थेन होला जिवन अहिलेको जस्तो सजिलो हुन्थेन होला ।"*

५.२.११ प्रोत्साहन रकम वितरण प्रकृया झंझटिलो

जातीय छुवाछुत तथा सामाजिक विभेद कम गर्न भन्दै सामाजिक रुपान्तरणका लागी प्रोत्साहन रकम रु एक लाख दलित र गैररदलित विवाह गर्ने जोडीलाई सरकारले दिने व्यवस्था २०६६ श्रावण देखि गरेको छ । सरकारले प्रदान गर्ने प्रोत्साहन रकमको पक्ष वा विपक्षमा मत पाईएको छ । यदी सच्चा प्रेम गरेर विवाह हो भने प्रोत्साहन रकमको आवश्यकता पर्दैन । तर सैद्धान्तिक रुपमा सरकारले लिएको कदम प्रसंसनीय छ । यस एक लाख प्राप्त गर्न नक्कली विवाह गर्ने चलन बढेको खण्डमा यसले समाजमा नकारात्मक असर पार्दछ । सामाजिक रुपान्तरणका लागि सकारात्मक कदम भए पनि यसको प्रकृया लामो तथा झंझटिलो रहेको छ । भागेर विवाह गर्ने गैरदलितले कतिपय अवस्थामा नागरिकता बनाएको नहुने, बनाएका व्यक्तिले पनि भाग्ने समय नागरिकता नबोक्ने हुन्छ । यस्तो अवस्थामा अनिवार्य सर्तको रुपमा रहेको विवाह दर्ता हुनसक्दैन । प्रोत्साहन रकम प्राप्त गर्न विवाहित सम्बन्धित गा.बि.स. मा विवाह दर्ता, श्रीमान श्रीमती भएको नाता, नाता प्रमाणित, अदालती विवाहका लागि केटा र केटी पक्षको ५।५ जना विवाह गर्ने जोडीसंग नाता प्रमाणित हुने व्यक्ति साक्षी तथा ती व्यक्तिहरुको नागरिकता, विवाह गरेको ३५ दिन भित्र जिल्ला प्रशासनमा निवेदन दिनु पर्ने व्यवस्था छ । यो यस्तो अवस्थामा त्यस्ता जोडीहरुले प्रोत्साहन रकम पाउन सक्ने अवस्था रहदैन । भखैरै विवाह गरि भागेका, घरपरिवारबाट ज्यान जोगाउन त भाग्नु पर्ने अवस्था हुनेजोडीलाई कसरी संभव हुन्छ ? दलित तथा गैरदलित बीच अन्तर्जातीय विवाहलाई नस्विकार्ने विद्यमान समाजमा विवाह दर्ता भएको ३५ दिन केटा र केटी पक्षको ५।५ जना आफन्त उपलब्ध हुन सक्दछ त? यस्तो प्रकारको व्यवस्था दलित र गैरदलित विवाहलाई समाजले स्विकार गरेको खण्डमा हुन्छ । यसरी समाजले स्विकार नगरेको अवस्थामा यो प्रकृया झंझटिलो र सर्वसाधरणको पहुच भन्दा बाहिर छ ।

अध्याय : छ

सारांस तथा निश्कर्ष

५.१ सारांश

प्रस्तुत दलित र गैरदलित बिच विवाह पछिको सामाजिक भेदभाव र छुवाछुतको अवस्था : एक समाजशास्त्रीय अध्ययनले दलित र गैरदलित विवाहित जोडीको सामाजिक भेदभाव र छुवाछुतको वर्तमान अवस्था बारे वास्तविकता खोज्ने प्रयास गरेको छ । यस शोध पत्रलाई छ अध्यायमा विभाजन गरिएको छ । अध्याय एक मा अध्ययनको पृष्ठिभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सिमा समावेश गरिएको छ ।

अनुसन्धानको क्रममा आवश्यक पर्ने र अनुसन्धानको विषयबस्तुसंग सम्बन्धित साहित्य पुनरावलोकन लाई अध्याय दुईमा राखिएको छ । यसमा अनुसन्धानको क्रममा प्रयोग भएका माक्सवाद, वेबरियन र लैङ्गिक सिद्धान्तहरुको पुनरावलोकन गरिएको छ । यस अध्ययनमा प्रयोग गरिएका दलित, गैरदलित, विवाह शब्दको परिभाषा, दलित शब्दको प्रयोग, विवाहको प्रकार, नेपालमा छुवाछुत तथा जातीय भेदभाव सम्बन्धी कानुनहरु र पत्रपत्रिकामा प्रकाशित दलित र गैरदलित अन्तरजातीय विवाह गर्दाका विभिन्न समाचारको समिक्षा गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान विधिलाई राखिएको छ । यस अध्यायमा अध्ययन क्षेत्र छानिनुको तार्किकता, अनुसन्धान ढाचा, अनुसन्धानको प्रकृति र स्रोतहरु, नमुना छनौट विधि, तथ्यांक संकलन गर्ने तकनिकि, विश्लेषण विधि र अनुसन्धान कर्ताले अनुसन्धानको क्रममा भोगेका अनुभवहरुलाई लिपिबद्ध गरिएको छ ।

अध्याय चारमा तथ्यांकका प्रस्तुतीकरण गरिएको छ । जसमा दलित र गैरदलित अन्तरजातीय विवाह गर्ने ११ जोडीको जीवन इतिहास समेटीएको छ । जस्ता जोडीहरुको बाल्यकालमा सामाजिक छुवाछुत जातीय विभेदलाई उजागर गर्ने तथा विवाह पछि भोग्नु परेका सामाजिक, आर्थिक पक्षहरुलाई समेटी जीवन इतिहास तयार गरिएको छ ।

अध्याय पाँचमा यस अनुसन्धान बाट प्राप्त भएका तथ्यहरु र त्यसको विश्लेषण समेटिएको छ । अध्ययनका क्रममा प्राप्त भएका प्राप्तिहरुलाई विश्व तथा नेपाली समाजको समग्र राजनितिक, सामाजिक, सास्कृतिक, लैङ्गिक आधारमा विश्लेषण गरिएको छ ।

अध्याय छ मा अनुसन्धानमा समेटिएको विषयबस्तुहरुको सारांस तथा अध्ययनको निष्कर्ष उल्लेख गरिएको छ । अध्ययनको निष्कर्षमा दलित र गैरदलित विवाह गर्ने जोडीहरुको जातीय विभेद र छुवाछुतको अवस्था कायमै रहेको, यस प्रकारको विवाह गर्ने महिला र पुरुषमा महिला नै बढि पिडित भएको , यस प्रकारको विवाहित जोडी जातीय छुवाछुत र विभेदको कारणले गाउँ भन्दा शहर वा बजार केन्द्रित भएको तथा यस्तो सम्बन्धलाई लिएर समाजका स्विकार गर्ने र नगर्ने विचको संक्रमण कालीन अवस्थामा रहेका निष्कर्ष निकालीएको छ ।

५.२ निश्कर्ष

नेपाल धर्म निरपेक्ष देश भए पनि हिन्दुधर्म मान्ने मानिसहरु कुल जनसंख्याको ८१.३४ प्रतिशत रहेको छन् । (जनगणना २०६८) । यसले के देखाउदछ भने नेपालमा हिन्दु धर्म अनुसरण गर्ने मानिसहरुको बाहुल्यता भएकाले यस धर्मले अवलम्बन गर्ने सस्कृतिको जातीय विभेद र छुवाछुत विद्यमान छ । हिन्दु वर्णाश्रम व्यवस्था भित्र शुद्र जातीलाई अछुत र पानी नचल्ने, छोईछिटो हाल्नु पर्ने व्यवस्था उल्लेख भएको हुदा जसका कारण धर्मका आधारमा गरिने जातीय विभेद र छुवाछुत कायमै छ । विभिन्न समयमा दलितका अधिकार प्राप्तिको आन्दोलनले छुवाछुतको अन्त्य गरि समानताको स्थापना गर्ने प्रयास भए पनि सार्थक रुप लिन सकेको छैन । विगतमा मल्लकालीन, शाहकालीन, राणाकालीन समय हिन्दु, हिन्दुवर्णाश्रम भित्रको ४ वर्ण वा जात, ४ जात ३६ वर्ण आदिमा विभाजित गरि प्रश्रय दिइएको थियो । प्रजातन्त्रको अभ्यूदय पश्चात पनि यो व्यवस्था कायमै रहदै गर्दा, नयाँ मुलुकी ऐन २०२० ले खारेज गर्यो । १० वर्ष माओवादी जनयुद्ध तथा २०६२-६३ को जनआन्दोलन पछि निर्माण भएको नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को धारा १३ मा जातीय विभेद र छुवाछुत गर्नेलाई दण्डनीय ठहर्याएको छ । तर सोही भागको धारा २३ मा सबै जातजातीले धर्म मान्न पाइने र यसले अङ्गीकार गरेको संस्कृती अबलम्बन गर्न पाईने उल्लेख भएको छ । यसरी २००७ पछिका निर्माण भएका कानुनमा प्रत्यक्ष रुपमा यस्तो प्रथाको विपक्षमा भए पनि परोक्ष रुपमा समर्थन वा टिकाई राख्ने प्रकृति देखिएको छ । नयाँ मुलुकी ऐन २०२० देखि जातीय छुवाछुत तथा जातीय विभेदलाई दण्डनीय माने पनि व्यवहारमा लागु हुन सकेको छैन ।

नेपालका दलितहरु सामाजिक, सास्कृतिक , राजनैतिक, शैक्षिक रुपमा पछाडी पारिएका छन् । मुख्य उत्पादनको श्रोत भुमि रहेको नेपालमा दलितहरु सुकुम्बासी तथा भुमि विहिनको अवस्थामा छन् । जमिनको स्वामित्व हुने पनि थारै तथा भएका पनि गाउँमा , डाडा पाखा तथा कम उर्वरशिलमा छन् । दैनिक जीवन गुजारा गर्नका लागी गैरदलितहरुकोमा ज्याला मजदुरी गर्ने गरिरहेको छन् । जसका कारण आर्थिक रुपले पछाडी परेका छन् । पुख्यौली पेशाको रुपमा अबलम्बन गर्दै आएको बाली घरे प्रथा कमजोर बन्दै गएको छ । जमिनको स्वामित्व कम हुने , पुख्यौली पेशा त्याग्दै जादा वैदेशिक रोजगार विकल्पको रुपमा आएपनि गैरदलित बाटै चर्को व्याज दरमा ऋण लिएर जानु पर्ने कारण

खासै फाईदा लिन सकेको छैनन् । सामाजिक रुपमा गैरदलित घर पस्न नपाउने गैरदलितको घरमा केही चिज खाए आफैले धुनु पर्ने, सार्वजनिक संस्कार क्रियाकलाप हुदा अलग्गै स्थानमा बस्नु पर्ने अमानविय स्थितीको सामना गर्नु परिरहेको छ ।

दलित र गैरदलित विवाह गर्ने जोडीलाई गैरदलित पक्षले उनीहरु विचको विवाहित सम्बन्धलाई स्विकार गरेको छैन । बल, पैसा, शक्तिका आडमा बसेर गैरदलित पक्षले रोक्न खोजेको देखिन्छ । अर्को तर्फ विवाह गरेको खण्डमा आपसी प्रेम सम्बन्ध भएर विवाह गरे पनि अपहरण जस्ता झुठा मुद्धा लगाएर विवाह सम्बन्ध तोड्न खोजेका छन् । विवाह गरेकै कारण केटा वा केटीले कुटाई खानु, साथ-साथै छोरा वा छोरीले विवाह गरेकै कारण घरपरिवारले दुर्व्यवहार भोग्नु पर्दा यस्ता दम्पती र घरपरिवार गाउँबाट विस्थापीत हुनु परेको छ । एउटा गैरदलित युवाले दलित केटी विवाह गर्दा समाजले दलितको रुपमा व्यवहार गर्ने, दलित विवाह गरेका भनि पैत्रिक सम्पतीको अधिकारबाट बन्चित, छोराको हैसियतमा प्राप्त गर्ने सास्कृतिक अधिकारबाट बन्चित भएका छन् । कतिपय अवस्थामा त घरपरिवारले मरेका भन्दै दलित विवाह गर्नेको मृत्यु संस्कार पनि गरेका छन् ।

दलित तथा गैरदलित बीचको जातीय विभेदलाई चिर्न दलित यूवाले केही युवाहरुले युवा पुस्ता देखि अठोट गरि विवाह गरेका छन् । यस्तै सामाजिक रुपान्तरण र सामाजिक परिवर्तनका लागी लाग्ने मानिसले विभेदको अन्त्य गर्न सामाजिक नमुनाको रुपमा यस्तो विवाह गरे पनि यसलाई समाजले स्विकार गरेको छैन । समाज परिवर्तन र रुपान्तरणका लागी भन्दै विवाह गर्ने व्यक्ति सामाजिक वहिस्कारमा परि निम्न स्तरको हैसियतमा बस्नु परेको छ ।

दलित र गैरदलित बीच रहेको सामाजिक विभेद वा भेदभावको खाडललाई पुर्न २०६६ साल देखि प्रोत्साहन रकम राज्यले दिन थालेको छ । तर जुद उद्देश्यले ल्याईए पनि प्रक्रिया कठिन तथा झंझटिलो भएकाले घरपरिवारले सम्बन्ध नस्विकारेको अवस्थामा प्राप्त गर्न सक्ने अवस्था छैन । त्यसकारण घर परिवार र समाजले स्विकारेको खण्डमा मात्र संभव हुन्छ । यदी घरपरिवार र समाजले स्विकार गरेको अवस्थामा दिने भने यस्तो प्रोत्साहन रहम आवश्यक छैन ।

दलित र गैरदलित विवाह गर्ने जोडी गाउँमा बस्न नसकि शहर वा बजारमा विस्थापित भएका छन् । गाउँमा बस्दा घरपरिवारले तथा समाजले सामाजिक बहिस्कार गर्ने, गाउँका व्यक्तिले नाना थरि कुरा काट्ने हुनाले गाउँमा बस्न सक्दैनन् । यस हिसाबले स्थायी प्रकृती, सघन चिनजान हुने, धर्म र जाती प्रथामा कठोर हुने गाउँमा बस्न नसकी अस्थायी, पालतो सामाजिक सम्बन्ध र कामलाई मुख्य ठान्ने शहरमा बसोबास गर्न बाध्य भएका छन् । यस्ता विवाह गर्नेको गैरदलित पक्षका घरपरिवार नातेदार तथा समाजले स्विकार नगर्ने भएकोले सामाजिक सम्बन्ध पालतो हुन्छ । विशेष गरि दलित संग विवाह गर्ने गैरदलित महिलाको छोराछोरीले मावली जानबाट बन्चित भएका छन् । घर नजिकै माईती भए पनि यस्ता महिलाले छोराछोरीलाई ढाटेका छन् । पितृसत्तात्मक सामाजिक संरचना भएको नेपालमा यस्ता विवाह गर्ने पुरुषको तुलनामा महिला झन बढी पिडीत अवस्थामा छन् । यस्ता जोडीको सम्बन्धमा केही दरार आएको खण्डमा केटाले छोड्ने हुदा केटी बिचल्लिमा परेका छन् । सन्तान भएको खण्डमा त झन सन्तानको लालन पालन गर्नु पर्ने हुदा आर्थिक समस्या झेल्नु परेको छ । यस्ता सम्बन्धमा समस्या लगाउने काम गैरदलित घरपरिवारको कारण उत्पन्न भएको छ । यस्तो अवस्थामा केटाले छोड्दा केटीलाइ घरपरिवार वा समाजले नहेर्ने भएकोले पनि बढी समस्या परेको छ । यस्तो विवाह गर्दा कालान्तरमा स्विकार गर्नु पर्दा पुरुष भन्दा महिला(आमा)ले स्विकार गरेका छन् । गर्भावस्था देखि बाल्यकाल हुदै युवा अवस्था सम्म आमाको सम्बन्ध छोराछोरी संग सघन घनिष्ठ तथा बढी मात्रामा अन्तरघुलन भएकोले आमाले स्विकार गरेकी हुन् ।

आधुनिक संचारका साधन बढेसंगै त्यस्ता विवाह गर्ने जोडीको आंशिक रुपमा अप्रत्यक्ष भए पनि परिवारसंग हालको अवस्थामा सम्बन्ध स्थापित हुन थालेको छ । यसरी सम्पर्क गर्दा पुरुष भन्दा महिलासंग नै बढी सम्पर्क भएको देखिन्छ । पारिवारिक फोन सम्पर्कका कारण सम्बन्धलाई सुधार गर्न परोक्ष रुपमा भए पनि सहयोग पुऱ्याईरहेको छ ।

दलित र गैरदलित विवाह गर्ने जोडहरु गाउँमा बस्न नसक्ने जसका कारण विकल्पको रुपमा गैर कृषि क्षेत्रको पेशा अवलम्बन गर्नु पर्ने भएकाले साथै त्यस्ता गैरदलित केटीले सक्षम, व्यवसायीक वा दक्ष सिप भएका केटासंग विवाह गर्ने जोडी आर्थिक रुपमा सफल भएका छन् । नेपाली समाज सामन्तवाद बाट पुँजीवाद तर्फ परिवर्तन हुदै गर्दा सामन्तवादका मुल्य मान्यता तथा सस्कृती पनि परिवर्तन हुदै गएका छन् । यसको फलस्वरुपमा जातीय

छुवाछुत तथा जातीय विभेद कम हुदै गएको छ । परिमाण त दलित तथा गैर दलित विवाह गर्नेलाई सामाजिक रुपमा स्विकार गर्ने अवस्था बढेको छ । यस्तो समबन्धलाई घर परिवारले पनि स्विकार गर्ने अवस्था भएको छ । यस्तो सम्बन्धलाई कतै घरपरिवारले स्विकार गर्ने, समाजले स्विकार नगर्ने त कतै समाजले स्विकार गर्ने घर परिवारले स्विकार नगर्ने देखिएको छ । यस्तो सम्बन्धलाई लिएर समाजका मानिस दुई खेमामा विभाजित भएको देखिएकोले स्विकार गर्ने र नगर्ने विचको संक्रमण कालीन समाजबाट अगाडी गुज्रदै छ ।

सन्दर्भ सामग्री

आहुती २०६७ / नेपालमा वर्ण व्यवस्था र वर्ग संघर्ष / काठमाण्डौ, : समता पब्लिकेसन ।

भट्टचन र अन्य /२०६५/ नेपालमा जातीय भेदभाव / नेपाल : दलित गैरसरकारी महासघ, नेपाल ।

राष्ट्रिय दलित आयोग / २००४/ नेपालमा दलित समुदायको स्थिति / काठमाण्डौ : राष्ट्रिय दलित आयोग / (वि.स. २०६०) ।

राष्ट्रिय दलित आयोग / २०६७/ वार्षिक पैतिवेदन / काठमाण्डौ : राष्ट्रिय दलित आयोग ।

Coser / Masters of Sociological Thought/Second Editon/2008/India: Rawat Publication, Dew Delhi.

Agar/Stories, Background Knowledge and Themes : problems in the analysis of life history narritive/American Ethnologist/Vol-7/ p 223-239

नेपालको अन्तरिम संविधान / २०६३ ।

मिश्र /२०६२/ पुँजीबाद र नेपाल :राजेन्द्र महर्जन / काठमाण्डौ / मुल्यांकन प्रकाशन गृह प्रा.लि.

राष्ट्रिय जनगणना प्रतिवेदन / २०६८/ केन्द्रिय तथ्यांक विभाग / काठमाण्डौ : नेपाल ।

Ritzer/2000/Socilogical Therory, fifth Edition/NewDelhi/McGrow-Hill Higher Education.

दलित सम्बन्धि कानुनी प्रावधानहरुको संगालो / २०६० / काठमाण्डौ /श्री ५ को सरकार, राष्ट्रिय दलित आयोग ।

मिश्र चैतन्य /२०६३/दलित समस्या, राजनिति र अर्थतन्त्र/ नेपालमा वर्णव्यवस्था र वर्ग संघर्षको एक टिप्पनी/ काडमाण्डौ/समता बुक्स ।

शर्मा जनकलाल/ २०६७/जातिवादका सन्दर्भमा नेपाली समाज/ हाम्रो समाज एक अध्ययन/ललितपुर/ साझा प्रकाशनको छापाखाना पुल्चोक ।

खरेल सम्बृद्धि/ दलित पहिचान र प्रतिरोध/सन् २०१३/पुस्तक सृंखला २२/काठमाण्डौ/ ल्यानकाउ नेपाल ।

किसान याम बहादुर/२०६५/दलित अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था : एक विश्लेषण/ काठमाण्डौ/राष्ट्रिय दलित आयोग ।

ग्यालिन र फरगुसन/१९९१/Conceptualizing difference Gender, Class and Action/Annual Volume 2(Ed)

नयाँ पत्रिका २०६७/ अन्तर जातीय विहेका कारण परिवार विस्थापित /२०६७-०९-२०

नागरिक २०६७/ दलित बिहे गर्नेको लाश उठेन /२०६७-०३-०१

नयाँ पत्रिका २०६९/ अन्तरजातीय विवाह गरेर केटा बेपत्ता केटीलाई सास्ती /२०६९-१२-११ ।

समाचार पत्र २०६९/ सिंगै दलित बस्ति विस्थापित /२०६९-०२-२३ ।

राजधानी २०६७/ अन्तर दलित विवाह गर्दा सात वर्ष देखि विस्थापित /२०६७-०३-२५ ।

नयाँ पत्रिका २०६७/ अन्तर जातीय विवाह गर्ने दलित परिवार गाउँ निकाला /२०६७-०३-०४ ।

नागरिक २०६९/ अन्तरजातीय विवाह गर्दा जागिर छाड्न दवाब /२०६९-०२-२० ।

हिमालकय टाईम्स २०६७/ न्याय खोज्दै अन्तरजातीय दुलही/२०६७-१०-०७ ।

गोरखापत्र २०६७/ अन्तरजातीय विवाहका कारण परिक्षा दिनबाट बंचित /२०६७-१२-१० ।

नयाँ पत्रिका २०६७/ अन्तरजातीय विवाह एक साता मै छुटाईयो /२०६७-१२-१० ।

नयाँ पत्रिका २०६९/ अन्तरजातीय विवाह गरेको भन्दै छोराको जीउदै किरिया /२०६९-०४-०९ ।

गोरखा पत्र २०६९/ जातिय विभेद चिर्न अन्तरजातीय विह : छोरालाई आमाको किरिया गर्न भने दिईएन /२०६९-११-०५ ।

गोरखा पत्र २०६७/ अन्तरजातीय विवाह गरेका दम्पती गाउँ निकाला /२०६७-०२-२५ ।

नयाँ पत्रिका २०६७/ अन्तरजातीय विवाह गर्दा गाउँबाट विस्थापित : दमाईकी छोरी विवाह गरेको भन्दै घरपरिवारले छाड्न दवाब र धम्कि दिईरहेका छन् /२०६७-०५-१८ ।

गोरखा पत्र २०६९/ अन्तरजातीय विवाहले समाज नै दुई खेमामा /२०६९-०४-०५ ।

नयाँ पत्रिका २०६७/ अन्तरजातीय जोडी द्वार सुरक्षा माग /२०६७-०९-२१ ।

अन्नपुर्ण पोष्ट २०६७/ अन्तरजातीय विवाहलाई सबोच्च द्वारा मान्यता/२०६७-०४-२४ ।

अनुसुची १

अध्ययनको लागि चेकलिस्ट

१. दलित र गैरदलित अन्तरजातीय विवाहित जोडीका लागि

श्रीमानको नाम :	श्रीमतिको नाम :
स्थाई ठेगाना :	स्थाई ठेगाना :
अस्थाई ठेगाना :	अस्थाई ठेगाना :
पेशा :	पेशा :
उमेर :	उमेर :
धर्म :	धर्म :

- तपाईहरुको चिनजात कसरी भयो ?
- प्रेम प्रस्ताब कसले राख्नु भयो ? राख्नुको कारण के के हुन? स्विकार गर्दा कति समय लाग्यो?
- तपाईहरुको प्रेम सम्बन्ध कस कसले थाहा पाए? उनीहरुको प्रतिक्रिया कस्तो थियो?
- विवाह कहाँ कसरी सम्पन्न गर्नु भयो ? विवाह सम्पन्न गर्न कस्ले कस्तो भुमिका खेले?
- तपाईहरुको सम्बन्धलाई घर परिवारले स्विकार गर्यो की गरेन? गैर दलित पक्षबाट विवाह रोक्ने प्रयास भयो कि भएन? यदी भयो भने कसरी ?
- दलित केटा र गैर दलित केटी विवाह पछि माईतीपक्षले तपाईलाई घरमा बोलाएका छन् कि छैनन? जानु भएको छ कि छैन? यदी छ भने कस कसलाई बोलाउछन्? १.छोरीमात्र २. छोरी ज्याई र नाति नातिना ३. छोरी ज्वाई र नातेदार । र कसरी जानुहुन्छ?
- छैन भने सम्पर्क स्थापित भएको छ कि छैन? बालबच्चा भए मावली जान चाहदा के गर्ने गरेको छ ?

- गैर दलित केटा र दलित केटी विवाह पछि केटाको मुल घरमा भित्राएको छ कि छैन? यदी छ भने बुहारीलाई चुलौचौकोमा जाने व्यवस्था छ कि छैन? घर परिवारका अन्य सदस्यक संगको सम्बन्ध कस्तो छ ? नातेदारसंगको सम्बन्ध कस्तो छ ?

- यदी घर भित्राएको छैन भने बसोबास कहाँ छँ ? यदी गाउँमा भए कहाँ छ ? केटाको घरमा प्रवेशमा रोक कसकसलाई छ ? १. केटीलाईमात्र २.केटी र उनीहरुको सन्तानलाई ३. केटा केटी दुवै र उनीहरुको सन्तानलाई?

- पैत्रिक अधिकार प्राप्त भएको छ कि छैन ?

- राज्य द्वारा उपलब्ध गराउने सेवा सुविधा प्राप्त गरेका छन् कि छैनन् जस्तो : विवाह दर्ता, नागरिकता, जन्मदर्ता, प्रोत्साहन भत्ता रकम आदी ।

- सामाजिक कार्यमा हेलमेल र सहभोजको अवस्था कस्तो छ ?

- मेला पात, छरछिमेकमा गैर दलित जो दलितसंग विवाह गरेको छ उसले कस्तो व्यवहार भोग्नु परेको छ ?

- अन्तरजातिय विवाह गर्दा भोग्नु परेका समस्या/अप्ठ्याराहरु के-के हुन?

- नवदम्पदी हुदा र हालको अवस्थामा घर परिवार र समाजले गर्ने व्यवहारमा के कस्ता परिवर्तन आएका छन् कि छैनन् ? यदी आएको भए के के हुन् ?

२.. **दलित र गैरदलित अन्तर जातिय विवाह गर्ने जोडीको घर परिवारको लागि**

- समाजमा व्याप्त जातिय छुवाछुत व्यवस्था मान्नु हुन्छ कि हुदैन ? तपाईको गाउमा यसको अवस्था कस्तो छ ?
- नेपालको छुवाछुत सम्बन्धि कानुन थाहा छ कि छैन?
- तपाईको आफन्तले अन्तरजातिय विवाह गरेकोछन् यसलाई कसरी लिनु भएकोछ ?

सहज असहज भन्न सकिन्न

- यदी असहज रुपमा लिनु भएमा लिनुका मुख्य कारणहरु के-के हुन् । समाज, दाजुभाई,वंश, सस्कृति

- अन्तर जातिय गर्ने छोरा बुहारीसंग बस्नु भएको छ कि अन्य छोरा बुहारी संग बस्नु भएको छ? यदी अन्यसंग बस्नुभएको छ भने उनीहरुसंग नबस्नुको कारण के-के हुन् ?

- आफन्तले अन्तरजातिय विवाह गर्दा तपाईलाई कुन विषयले बढि दुखि तुल्याउछ ?

- विवाह गर्ने सन्तति संग तपाईहरुको कस्तो सम्बन्ध छ ?

- यदी तपाईको आफन्तको अन्तर जातिय विवाहलाई सहज रुपमा लिनु भएको छ भने के-कसरी ?

- यदी गैर दलित केटी विवाह गरेर तपाईहरुकोमा ल्याएको भए केटी माइती पक्षले के कस्तो व्यवहारहरु गरेका छन् ?

३. दलित र गैरदलित अन्तर जातिय विवाह गर्ने जोडीको छरछिमेकको लागिः

- तपाईको गाउमा जातिय विभेद र छुवाछुत व्यवस्था कायम छ कि छै ?
- यदी छ भने यस्तो प्रथा हुनका कारणहरु के-के हुन?
- गैरदलित र दलित विच अन्तजातिय विवाहलाई कसरी लिनु भएको छ?
- तपाईको गाउँमा अन्तरजातिय विवाह गर्ने जोडीहरु कति छन्?
- अन्तरजातिय विवाह पश्चात विवाहित जोडीको अवस्था कस्तो देख्नु भएको छ ?

३. छुवाछुत र जातिय विभेद सम्बन्धि काम गर्ने अधिकारर्मीको लागिः

- गाउँ समुदायमा जातीय विभेद र छुवाछुतको अवस्था कस्तो छ ?

- व्यक्तिले स्वेच्छिक घर प्रवेश, खानपान, सार्वजनिक धारा, पधेरा, सार्वजनिक कार्यक्रममा घुलमिलको अवस्था कस्तो छ ?

- यदी छुवाछुत र जातिय विभेद विद्यमान छ भने कानुनी रुपमा दण्डनिय भएपनि किन यस्ता प्रथा अस्तित्वमा रहिरहेका छन् ?

- विगत २० वर्ष यता छुवाछुत र जातीय विभेद प्रथामा परिवर्तनहरु आएका छन् की छैनन् ?

- दलित र गैरदलित विचको अन्तरजातिय विवाह कतिको भईरहेका छन ? यस्ता विवाह पछि ती जोडीको सामाजिक अवस्था कस्तो रहेको छ ? उनीहरुले कसरी जीवनयापन गरिरहेकाल छन् ।

- राज्यले उपलब्ध गराउने प्रोत्साहन भत्ता पाएका छन् कि छैनन् ? यसको वितरण प्रकृया कस्तो छ ?

- स्थानिय निकायबाट प्राप्त हुने दलितलाई छुट्टयाइएको बजेट कसरी खर्च भईरहेका छन् ?

- छुवाछुत र जातीय विभेद कम गर्न के गर्नु पर्छ ?

अनुसुची २

दलित र गैरदलित बिच विवाह पछिको सामाजिक भेदभाव र छुवाछुतको अवस्था दर्शाउने केही दैनिक र साप्ताहिक पत्र पत्रिकामा प्रकासित भएका समाचारहरु

दलित बुहारी भित्र्याएको भन्दै कुलपूजामा निषेध

दीपशंकर चौलागाईं : राजधानी

दलितले छोरी लगेको भन्दै आक्रमण

सिंगै दलित वस्ती विस्थापित

अन्तरजातीय बिहे गर्नेलाई एक लाख जरिवाना

अन्नपूर्ण समाचारदाता

अछाम, ३१ चैत : अन्तरजातीय विवाह गर्ने अछामको हात्तीकोट- ७ का अनिल साप्रकालाई परिवारलाई केही पक्षले एक लाख रुपैयाँ जरिवाना तिरएको छ।

गत चैत ७ गते १९ वर्षीय अनिलले हात्तीकोट ८ की १५ वर्षीया दोष सदैभरी विवाह गरेका थिए। आफ्नी छोरीको जिन्दगी बिगारेको भन्दै केही पक्षले साप्रकार 'रिभरसँग' पाँच लाखको जरिवाना माग गर्दै आएको थिए पनि अन्ततः एक लाख रुपैयाँ जरिवाना तिरी छाडेको स्थानीय सुरेश सुनारले बताए।

दोसालाई उनका आफन्तले घर फिर्ता लगेको छन्। सुनारका अनुसार विवाह गर्ने भनि गएके दोस्रो दिन नै केही पक्षले दुवैजनालाई जिल्लाको जयपाल बजारबाट मिथ्या-नाम्ना लिएर अनिललाई निर्माण फुर्तीकर्मीसँग गरेका थिए।

घटनाको थाहा पाउँदै सामाजिक स्वभाव 'बियोलिने भएकाले समाजको सल्लाहमा एक लाख जरिवाना लिने आफूहरू सन्तुष्ट भएको अनिलका बुवा मैजमली बताए।

चैत ८ गते नै केही पक्षले दुवैजना हराएकाले खोजी गरिदिन हात्तीकोट प्रहरी कार्यालय ठाँदोमा निवेदन दिएका थिए। यसै आधैले भएजस्तै गरेकोमा दुवैजनालाई प्रहरीसमक्ष नबुझाएसम्म केही पक्षले आफैंले बनाएको प्रहरीले जनाएको छ। यसबीच अनिलकी आमा भुन्टीले केही पक्षले आफूहरूसँग पाँच लाख बढिलाई नतिरे सार्ने धम्की दिएको भन्दै परिवारको जोखिमबारे सुरक्षा माग्दिन चैत ९ गते इलाका प्रहरी निर्देशन दिएको थिइन्।

अनिलको परिवारजस्तै लाहुरमा लिएर दिन दोपाले डिमेकी कुमकोट गाविसका जाडर थापका एकजनासँग भागेर बिहे गरेको बुझिएको छ।

अन्तरजातीय विवाह गर्दा जागिर छाड्न दबाब

रमुन्द्र पौडेल
गोरखा, चैत १९

अन्तरजातीय विवाह गरेका गोरखाका एक शिक्षकलाई पाठेलो विद्यालय छोड्न दबाब दिइका छन्। गोरखा पुर्वकोटस्थित अकला उच्च माध्यमिक विद्यालयका शिक्षक राजुबाबु परियारलाई गाउँका अभिभावकले आफ्नो विद्यालयको छात्रासँग अन्तरजातीय विवाह गरेको भन्दै जागिर छोड्न दबाब दिएका हुन्।

उक्त उच्च माध्यमिक विद्यालयबाट नमर्यादित दुव्यवहारी परियारा हराएको भुक्लेट-३, अधिकारीगोकको १८ वर्षीया आम्बिका सेलितसँग २ वर्षीय राजुबाबु परियारले वैशाख ३१ गते विवाह गरेका थिए। विवाहको सहितपछि आमा गाउँलेले शिक्षकलाई छोड्न दबाब दिएका हुन्, राजुबाबुले भने, 'अन्तरजातीय विवाह गरे पछी नगरेकाले विद्यालयबाट राजीनामा गरिदिने भनी अड्डान हो।'

विद्यालयमा हाजिर भए अकमण गर्ने अभिभावक र गाउँलेको धाकधमकि विद्यालय प्रशासनले मंसेत पाँचवालाई भेट २ डोब १५ दिनका लागि बिदाको व्यवस्था मिलाएको थियो। १५ दिनभित्र पनि समस्या समाधान नभएपछि विद्यालय प्रशासनले शिक्षक परियारलाई सिहीबार २ शुक्रबार थप दुई दिनका लागि बिदा दिएको विद्यालयका प्रधानाध्यापक शेरबहादुर कँडेलले बताए। शिक्षक परियारलाई पछि पहाड र हटाउनुपर्छ भन्ने दुई पक्ष भए' उनले भने '१५ दिनभित्र समाधान नभएपछि २ दिनका लागि थप बिदा दिएका हौं।'

हटाउनुपर्ने र पाठ्नुपर्ने भन्ने पक्षबीच सहमति नभएपछि शिक्षक परियारलाई हटाउनु पर्ने भन्ने अर्को समूहले पनि शुक्रवारबाट गाउँमा अभिभावकको हस्ताक्षर संकलन गर्न थालेको छ।

एक वर्ष अधिदेखि विद्यालयमा अध्यापन गराउँदै आएका शिक्षकलाई आफूले मन पराउने दुई महिनादेखि नाता प्रेम प्रस्ताव राखेको

अन्तरजातीय विवाह गरेका शिक्षक परियारलाई विद्यालयबाट हटाउन बहुते अघटे अर्को समूह हस्ताक्षर संकलनमा

अम्बिकाले बताइन्। जम्मा १० को परीक्षा 'एपछि मेले मे मेम प्रस्ताव गाउँको हो,' उनले भनिन्, तत्पश्चात विवाह गर्ने सोच थियन। मेरा 'विवाहको प्रस्ताव आउन थालेपछि छोरीलाई विद्यालयका लागि प्रस्ताव गरेकी हिं।'

बर्तमान विवेकको अन्धका लागि अन्तरजातीय विवाह गर्ने बुबा राजुबाबुले सोचेकाले कैरी पाएपछि अभिभावकको प्रेम-प्रस्तावलाई स्वीकार गरेको बताए। 'हिले गर्ने मे धुव्र धूल प्रथा हटाउने अभियानमा जुटने गरेकै थिए,' उनले भने, 'अन्तरजातीय विवाह गर्ने सोच बनाएको दिउँ, त्यो सोच सुरु भएको छ।'

अन्तरजातीय विवाह गरेकोमा आफ्नो पाणिग्रहणले विरोध लगेपनि समाजले विरोध गर्ने गरेको अम्बिकाले बताइन्। उनले भनिन्, 'आमा राधुलाई साथै केही गाउँलेले हाम्रोलाई समर्थन गरे गाई निकाला गर्ने चेतावनी दिएका छन्।'

अन्तरजातीय विवाह गरेको भन्दै छोराको जिउँदै किरिया

राईलाई परिवारले आफ्नै जिउँदो हँदै अन्तिम संस्कार गर्ने भन्ने लागेको थिएन

पारिवारिक वातावरण बिग्रिने डरासे कतै उजुर नगर्ने, समाज परिवर्तन गर्न बिहे गरेको भनाइ

अन्तरजातीय बिहे गर्दा गाउँबाट विस्थापित

दमाईकी छोरी विवाह गरेको भन्दै घरपरिवारले छाड्न दबाब र धम्की दिइरहेका छन्